
# समर्पणको जीवन


(भावना र अनुभवको कथा)



डा. प्रकाश राज रेग्मी

# समर्पणको जीवन

(भावना र अनुभवको कथा)



*"रोगीको सेवामा समर्पित छ यो जीवन"*

*डा. प्रकाश राज रेग्मी*

**प्रकाशकः** नेपाल हृदय सेवा केन्द्र
Nepal Heart Care Centre
पुल्चोक, ललितपुर

**प्रकाशन सौजन्यः** धिरज थपलिया

**मुद्रक :** मोडर्न प्रिन्टिङ्ग प्रेस
जमल, काठमाडौं
फोन : २५३१९५,२२८८७९

**कम्प्यूटर सेटिङ्गः** मोडर्न प्रिन्टिङ्ग प्रेस

**प्रथम संस्करण :** श्रावण २०५९

**प्रति :** १०००

*लेखक :* *डा. प्रकाश राज रेग्मी*
**मुटु रोग विशेषज्ञ**


**मूल्य :** रु. ५०।-

# My Sincere Thanks to



***Cath Lab Family***
***St. Anna University Hospital, Brno, Czech Republic:***

Dr. L. Groch, Dr. Ivan Hornasec, Dr. Ota Hlinomaz, Dr. Jan Sitar, Dr. Libor Nikhwatal, Dr. M. Tejc, Jana Kosutova, Jana Skrivankova, Alena Popkova, Marie Mareskova, Iva Nechova, Mirka Kubiskova, Milada Reissmannova, Alena Kuttnerova, Jaroslav Blazek, Prochazkova Jarmila, Marie Kalvodova and Katerina Sebelova



# समर्पण

जसको स्नेहसिक्त न्यानो काखमा हुर्कें अनि संघर्षमय जीवनयात्रा निम्ति जसका चरित्रबाट अविश्रान्त सत्कर्म गर्ने प्रेरणा पाइ रहेको छु, उहाँ ममतामयी मेरी आमा विमला रेग्मी र उहाँ जस्तै सबै आमाहरु प्रति यो कृति समर्पण गर्दछु ।

# मेरो भनाइ

मलाई कल्पना गर्न मन लाग्छ । मीठा मीठा सपनाहरु देख्न मन लाग्छ । देश विदेश घुम्न मन लाग्छ । नयाँ नयाँ साथीहरु बनाउन मन लाग्छ । म नेपाल देशको एक डाक्टर हुँ । यसै देशमा मलाई डाक्टरी गर्नु छ । आफ्नो पेशामा कार्यरत रहँदा करीब ६ वर्ष अगाडी मैले एउटा मिठो सपना देखेको थिएँ । सपनामा काठमाडौंको बाँसबारीमा जापानी सरकारको सहयोगमा अत्याधुनिक प्रविधिले सुसज्जित राष्ट्रिय हृदय रोग उपचार केन्द्र स्थापना भएको थियो जहाँ अत्याधुनिक क्याथ ल्याव सेवा सञ्चालित थियो । एञ्जियोग्राफी र एञ्जियोप्लास्टी नियमित रुपमा हुने गर्थ्यो । यो केन्द्रको स्थापना भए देखि नेपालीहरु ढुक्क भएका थिए अब मुटुको रोगको उपचार नपाएर अकालमै मर्नुपर्ने स्थितिको अन्त्य भयो भनेर । मेरो कल्पनामा थियो यस्तो हृदय रोग उपचार केन्द्र । यसै कारण सायद मैले यस्तो सपना देखेको थिए ।

जीवनमा सबैले आ-आफ्नो लडाइँ लड्नु पर्छ । मेरो जीवनको लडाइँ मुटुका रोगहरुको विरुद्धमा केन्द्रित रहन पुग्यो । हातमा चक्कु लिँदा रोगहरु कै चिरफारका लागि अग्रसर रहें । हातमा कलम समाउँदा पनि मुटुका रोगहरुकै विरुद्ध प्रशस्त मसी र कागतका पानाहरु सकाएँ । आज पनि लड्दै छु यही लडाइँ । यसकै उपज हो यो पुस्तक । कथानक शैलीमा लेखिएको यस पुस्तकमा वर्णन गरिएका कुराहरु मेरो आफ्नै अनुभवहरु हुन् । क्याथ ल्यावको तालिमको क्रममा आफुले देखेका भोगेका कुराहरु अनि केही कल्पना र सपनाहरुको मिश्रण हो यो पुस्तक । यसका कतिपय पक्षहरु काल्पनिक भए पनि सबै यथार्थमा आधारित हुन् । रोग विरुद्धको लडाइँमा आफुलाई पुग्न सक्ने गम्भीर क्षतिको कत्ति पनि पर्वाह नगरी निस्वार्थ सेवा गर्ने र समर्पणको जीवन व्यथित गर्ने व्यक्तिहरुको सत्य कथा हो यो । यस्ता व्यक्तिहरुलाई म दुवै हातले सलाम गर्दछु ।

६ वर्ष अगाडिसम्म नेपालमा क्याथ ल्यावको स्थापना हुने कुरा मेरो लागि एउटा मीठो सपना थियो । मुटुका रोगहरुको विरुद्ध लड्ने शक्तिशाली हतियारको रुपमा लिन्थे मैले क्याथ ल्याबलाई । अब हामीलाई यो हतियार प्राप्त भैसकेको छ । मेरो सपना विपना भैसकेको छ । हाम्रो पेशागत लडाइँ जारी छ रोगको विरुद्ध । म अझै यस्तै मीठा सपनाहरु देख्दै जान चाहन्छु जो विपना बन्न सकून् ।

***डा. प्रकाश राज रेग्मी***

# मनका केही कुरा

कहिलेकांही आफ्ना नजिकका साथीहरुसँग पनि इर्ष्या लाग्दो रहेछ। 'इर्ष्या' शब्द यहाँ सकारात्मक अर्थमा राखेकि छु मैले । 'इर्ष्या' डा. प्रकाश रेग्मीद्वारा लिखीत अनुभवहरु पढेर, इर्ष्या समयको कमी हुँदा हुँदै पनि आफ्ना भावनाहरुलाई शब्दमा ढाल्नको लागि व्यस्त समयमा केही 'फुर्सत' चोर्न सकेको देखेर अनि इर्ष्या अत्यन्त प्रविधीक विषय वस्तुलाई पनि साधारण व्यक्तिहरुले बुझ्न सक्ने भाषामा लेख्न सक्ने योग्यतालाई देखेर । मेरो हृदयमा उठेको इर्ष्यामा गर्वको भावना पनि मिसिएको छ किनकी डा. प्रकाश मेरा पुराना साथी हुन। झण्डै २२ वर्ष भयो हामीले एक अर्कालाई चिनेको र यो २२ वर्षमा डा. प्रकाशको लेखनीले निकै सफलता पाएको देखेर खुशी हुनु र गर्व गर्नु स्वाभाविक नै हो ।

दार्शनिकताको हिसाबले, लेख्नु एउटा कठिन प्रक्रिया हो। यो झण्डै झण्डै एउटा संतान जन्माउनुको जस्तै प्रक्रिया हो । एउटा बच्चा जन्मीन गर्भाधान हुनु पर्‍यो । भ्रूण बढ्न सुरक्षित ठाउँ हुनुपर्‍यो । ९ महिनाको दौरानमा चोट पटक देखि लिएर अनेक रोगहरुबाट सुरक्षित हुनुपर्‍यो र ९ महिना पछि बल्ल एउटा शिशुको जन्म हुन्छ । शिशुको जन्म भएपछि जस्तो सुकै शिशु भए पनि माता पिताको लागि त्यो सर्वाधिक प्रिय हुन जान्छ । त्यसैगरी लेखकको कल्पनामा रचनाको गर्भाधान हुनु पर्‍यो, शब्दहरुलाई लेखनीमा ढाल्न योग्यता, चाहना चाहियो । साथसाथै एउटा अनुशासन चाहियो । जसको अभावमा जस्तोसुकै राम्रा विचारहरु पनि शुन्यमा बिलाउँछन्। अनुशासन भएपछि ती विचारहरुलाई पोख्नु पर्‍यो। यो पोखाइ पनि त्यति सहज हुँदैन । भावनाहरु आउँछन् तर तिनलाई समातेर शब्दमा ढाल्नु झण्डै झण्डै प्रसब बेदनाबाट गुज्रिनु जस्तै हुन्छ। त्यसैले त कतिपय व्यक्तिहरु जसलाई धेरै ज्ञान छ, अनुभव छ उनीहरुलाई पनि 'आफ्नो ज्ञान र अनुभवलाई लेख्नोस् ता कि धेरै व्यक्तिहरुले त्यसको रसस्वादन गर्न सकुन्' भनेर भन्यो भने, जानिफकारहरुले 'बोल्न त जती पनि आउँछ, तर लेख्न चांही साहै नै गाह्रो लाग्छ' भन्छन्। यसरी अनुभवी र जान्ने मान्छेहरुले नलेखिदिदा उनीहरुको ज्ञान केही व्यक्तिहरुमा मात्र सिमीत हुन्छ, र उनीहरुसँगै हराएर जान्छ। यदि धेरै जान्ने र अनुभव भएका व्यक्तिहरुले लेखिदिएमा हाम्रो ज्ञानको भण्डार कति ठूलो हुन्थ्यो होला ?

तर यो पनि सत्य हो कि लेख्ने मानिसहरुले लेखेका सबै पढ्नमा सहज नै हुन्छन् भन्ने छैन । गाह्रो भाषा, बिचारको अस्पष्टता आदिले राम्रो बिचार र ज्ञानलाई पनि बोझिलो बनाइदिन्छ । हो, यस्तो ठाउँमा काम आउँछ सम्पादकको जसले भाषालाई सहज र सरल बनाईदिन्छ । एउटा लेख ४-५ चोटी सम्पादन भएपछि पाठकका लागि सहज र सरल बन्छ । भाग्यमानी हुन् ती लेखकहरु जसले सरल तरिकाले आफ्नो विचार राख्न सक्छन् र उनीहरुलाई एकैचोटीको सम्पादन पर्याप्त हुन्छ ।

डा. रेग्मीको अनुभव पढ्दा वहाँको भाषाको सरलता स्पष्ट अनुभव हुन्छ र जसले यो सम्पादन गऱ्यो उसलाई धन्यवाद दिनै पर्ने हुन्छ ।

पश्चिमी संसारमा डाक्टरहरुले आफ्नो अनुभवहरु लेख्ने गरेका पर्याप्त उदाहरणहरु छन् । कति डाक्टरहरु त लेखकनै पनि बनेका छन् । जस्तो प्रसिद्ध रसियन लेखक आन्तोन चेखब, यस्तै ए. जी. क्रोनीन आदि जसले आफ्नो काम गर्दा खेरीको अनुभव र मानविय संवेदनालाई लेखनीमा उतारे । त्यसैगरी कतिपय डाक्टरहरुले आफ्नो जीवन कथा लेखेर एउटा डाक्टरको जीवनमा भएका सफलता असफलता, जीवन र मृत्युको बीचको लडांइ, बेदना र हाँसो आदिका साथै एउटा डाक्टरको जीवनको समर्पणको भावनालाई उतार्न सफल भएका छन् ।

डा. रेग्मीको अनुभव पढेपछि मलाई लाग्यो जीवनका यी पक्षहरुलाई समेटेर लेखिएको छ यो किताब । एउटा डाक्टर जो अरुलाई जीवन दिन खोज्दा खोज्दै आफू क्यान्सरको शिकार हुँदाको पीडा वा हजारौ व्यक्तिहरुको जीवन बचाउने डाक्टरले आफ्नै परीवारको एक व्यक्तिको जीवन बचाउन नसक्दाको पीडा, एउटा डाक्टरले अध्ययनको लागि आफ्नो घर परिवार छोडेर जाँदा, आफ्ना साथीहरुको सुखी परिवारिक जीवन देख्दा, आफ्नो बच्चा र श्रीमतीको अनुहार सम्झेर मुटु चसक्क दुखेको पीडा आदिलाई आफ्नो लेखनीले देखाएका छन् लेखकले ।

यो पढेपछि थाहा हुन्छ साँच्ची नै एउटा आदर्श डाक्टर हुन कति गाह्रो छ । आजको युगमा जब चारैतिर सेवाको व्यापारीकरण भएको छ र डाक्टको सेवा पनि त्यही हिसाबले व्यापारिकण भएको छ, तथापि त्यस्ता डाक्टरहरु पनि हुँदा रहेछन् जो लगातार रोगिहरुको लागि काम गर्छन् । त्यसैले 'सेवाको भावना' भन्ने शब्द अझै पनि हाम्रो शब्दकोशबाट शायद पूर्ण रुपमा हराइसकेको छैन । डा. रेग्मीको किताब पढ्दा त्यस्तै अनुभव हुन्छ ।

यो सानो किताब पढेर सिद्धिसकेपछि मलाई अझ केही पानाहरु बढी भए हुन्थ्यो

जस्तो लाग्यो । यो चाहिं लेखकको सफलता मान्नु पर्छ कि पढ्दै जाँदा किताब नसिद्दियोस् जस्तो लाग्छ । हुनत प्राविधिक विषय हुँदा कतिपय पाठकलाई केही शब्दहरु बुझ्न गाऱ्हो हुन सक्ने संभावना त छदैछ तर सकेसम्म ती शब्दहरुको व्याख्या गरिएको हुनाले ती कठिनाईहरु कम हुन्छन् जस्तो लाग्छ ।

यो साहित्यीक कृति होइन, त्यसैले यस रचनालाई साहित्यिक दृष्टिकोणबाट के कस्तो छ भनेर व्याख्या गर्न सकिन्न । तर मानव मनका दु:ख र सुखलाई सफलतापूर्वक जस्ताको तस्तै उतार्नु पनि एउटा खुबी हो र यो सानो पुस्तिकामा यो खुवी स्पष्ट रुपमा देखिएको छ ।

आजकालको जमानामा सानो परिवारको विचारले फुल्ने मौका पाएको छ । आजकाल, प्राय एक दुई संतान पाएपछि अब पुग्यो भनेर आमाले विचार गर्छिन् । तर डा. प्रकाशको रचना जन्माउने प्रक्रिया अर्थात सन्तान जन्माउने काम यहि बन्द नभएर "सन्तानले डाँडा काँडा ढाकुन्" भन्ने शुभकामना दिन्छु ।

*अरुणा उप्रेती*

'खोज्छन् सबै सुख भनी सुख त्यो कहाँ छ?'
'आफू मिटाइ अरुलाई दिनू जहाँ छ ।'

★✦✦

फर्क फर्क हे ! जाऊ समाऊ,
मानिसहरुको पाउ !

मलम लगाऊ आर्तहरुको
चहराइरहेको घाउ ।

मानिस भई ईश्वरको त्यो
दिव्य मुहार हँसाऊ ।

*महाकवि लक्ष्मीप्रसाद देवकोटा*

# समर्पणको जीवन


| | |
|---|---|
| यात्रा | १ |
| विज्ञान | १२ |
| खुशीयाली | २५ |
| संघर्ष | ३१ |
| परिवर्तन | ४७ |
| जीवन र मृत्यु | ४७ |
| पीडा | ५२ |
| अर्थपूर्ण जीवन | ५७ |

# १. यात्रा

डा. श्यामलाई आज निद्रा परेको छैन । उनी सोचमा डुबेका छन् । उनले आफ्नो डाक्टरी जीवन यात्राको १५ वर्ष पार गरि सकेका छन् । डाक्टरी पेशाका केही तीता मीठा अनुभवहरु उनले बटुलि सकेका छन् । सायद उनी मुटु रोग विशेषज्ञ भएर नै होला उनलाई नेपालमा बढ्दै गैरहेको मुटुका रोगहरुको समस्याले चिन्तित तुल्याएको छ । हुन त मुटुका रोगहरुको समस्याले गर्दा विश्व भरि नै चिकित्सकहरुले ठूला ठूला चुनौतीहरुको सामना गर्नु परिराखेको छ, तैपनि नेपालको सन्दर्भमा यसका आफ्नै विशेषताहरु छन् । विश्व २१ सौं शताब्दीको कम्प्यूटर र जेनेटीक इञ्जिनियरिङ्गको युगमा प्रवेश गरि सकेको भएतापनि अशिक्षा, गरिवी र राजनैतिक अस्थिरताबाट थिचिएको नेपालमा स्वास्थ्य समस्याहरु जुन गतिले बढ्दै गैराखेका छन् यसको समाधानको गति त्यही रुपमा बढ्न सकेको छैन । विकसित राष्ट्रहरुमा निर्मूल भैसकेका कतिपय रोगहरु हाम्रो मूलुकमा प्रशस्त भेटिन्छन् । यसको सानो उदाहरण बाथ-ज्वरो र बाथ मुटुको रोग हो । विकसित राष्ट्रहरुमा बाथ मुटुको रोग अत्यन्तै कम छ । नेपालमा भने धेरै नेपालीहरु यसबाट पीडित छन् । अशिक्षा र गरिवीका कारण घाँटी दुख्ने साधारण फ्यारिञ्जाइटिसको समस्या तथा जोर्नीहरु दुख्ने र ज्वरो आउने बाथ-ज्वरोको समस्यालाई समयमै उपचार नगर्नाले बाथ मुटुको रोग उत्पन्न भैराखेको छ । यस रोगले मुटुका भल्भहरुलाई क्षतिग्रस्त पारी मुटुलाई कमजोर बनाउँदछ, जसका कारण उपचारको अभावमा कलिलै उमेरमा मान्छेको ज्यान जान सक्दछ । नेपालमा आज ठूलो संख्यामा बालबालिकाहरु यस रोगबाट पीडित छन् साथै गरिबीका कारण उपचार (विशेष गरी शल्यचिकित्सा) गराउन नसकी मृत्युलाई पर्खेर बस्न बाध्य छन् । १०% नेपालीहरु उच्च रक्तचापको समस्याबाट पीडित छन् । यसको उपचार सरल भएता पनि हेलचेक्राइँ तथा अज्ञानताका कारण धेरै नेपालीहरुले उच्च रक्तचापबाट उत्पन्न हुने हृदयघात, पक्षघात, दृष्टिघात, मृर्गौलाघात आदी जस्ता ज्यानै जान सक्ने खालका परिणामहरु भोगी रहेका छन् । बाथ-मुटुको रोग र उच्च रक्तचापको खतरनाक परिणामहरु भोगेका सैयौं बिरामीहरुको उपचारमा संलग्न रहँदाका तीता मीठा अनुभवहरु डा. श्यामले धेरै नै

बटुलि सकेका छन् । आज यस्तै यस्तै रोग र रोगीका कुराहरु उनको मनमा घुमिराखेका छन् ।

डा. श्यामको जीवन मुटुका रोगीहरुको उपचार कार्यमा समर्पित छ । उनले आफ्नो व्यक्तिगत जीवनलाई त्यागी सकेका छन् । डाक्टरी पेशामा त्यागको साच्चै नै ठूलो खाँचो छ । उनको जीवन व्यक्तिगत भन्दा बढी सामाजिक भैसकेको छ । बिहान सबेरै देखि बेलुका अबेर सम्म उनी घर परिवारबाट बाहिर रहन्छन् । मुटुका रोगीहरुसँगको भेटघाट, उनीहरुको परीक्षण, ई.सि.जी., इको कार्डियोग्राफी, टि.एम.टी, हल्टर, एम्बुलेटरी बि.पी. आदि उपकरणहरुसँगको मित्रता, सि.सि.यू., वार्ड तथा अस्पतालका विभिन्न डिपार्टमेन्टहरुमा माथी तल गर्नु साथै विभिन्न संघ संस्थाद्वारा आयोजित बैठक, कार्यक्रम आदिमा सहभागी हुन दौडधूप गर्नु नै उनको जीवन पद्धति भैसकेको छ ।

आज उनको सोचाई नेपालमा बढ्दै गैराखेको हृदयघातमा बढी केन्द्रित रहेको छ । हृदयघात खतरनाक मुटुको रोग हो जसबाट मान्छेको प्राण जान सक्छ । मुटुको कोरोनरी रक्तनलीहरु साँगुरिनाले उत्पन्न हुने यो समस्यामा मुटुको मांशपेशी प्रभावित रहन्छ । कोलेस्ट्रोल जम्माभई साँगुरिएको मुटुको कोरोनरी रक्तनलीमा रगतको थेग्रा जम्न गई रक्तनली पूर्ण रुपले बन्द हुन गएमा मुटुको मांशपेशीमा रगत नपुगी अक्सिजन, ग्लुकोज तथा अन्य खाद्य पदार्थहरुको अभाव हुन गई मुटुको मांसपेशी क्रमिक रुपले मर्दै जान्छ । यस बेला छातीको बिच भागमा छुरा रोपेको जस्तो पीडा उत्पन्न हुन्छ । कोरोनरी रक्तनली भित्र जमेको रगतको थेग्रालाई तत्काल हटाई मुटुको मांसपेशीसम्म रक्तप्रवाह गराउने उपाय नगरेमा मान्छेको ज्यान जान सक्छ । 'विकसित राष्ट्रहरुका जनताको समस्या हो हृदयाघात' धेरै समयसम्म यही सोचाई पाली राख्यौं हामी नेपालीले । तर आज यो समस्या विकसित राष्ट्रहरुमा घट्दो अवस्थामा छ भने हाम्रो जस्तो विकासोन्मूख राष्ट्रहरुमा बढ्दो अवस्थामा छ । उता घट्ने, यता बढ्ने किन भयो त ? उपचारमा ठूलो धनराशी खर्च हुने यस रोग हाम्रो जस्तो गरीब मुलुकमा पस्नु र बढ्दै जानु नै सबैभन्दा चिन्ताको विषय हो । भारतका ठूला शहरहरु (दिल्ली, कलकत्ता, मुम्बई आदि) मा कोरोनरी मुटुको रोगको समस्याबाट १०% वयस्क जनता पीडित छन् । हामी कहाँ अध्ययन भैसकेको छैन । त्यसकारण हामीलाई थाहा छैन तर भारत-नेपाल दाजु-भाई, हाम्रा समस्याहरु समान छन् । हाम्रो क्षेत्रमै बढ्दो धुम्रपान, उच्च रक्तचाप, मधुमेह, अत्यधिक चिल्लो

बोसो युक्त खान पानका कारण रक्त कोलेष्ट्रोलमा बृद्धि, मोटोपन, शारीरिक व्यायामको कमी तथा मानसिक तनाबमा बृद्धिका कारण कोरोनरी रक्तनली भित्र बोसो जस्तो पदार्थ जम्न गई यो साँगुरो हुन पुग्छ र रक्तसञ्चारमा अवरोध उत्पन्न हुन्छ । मुटुका कोरोनरी रक्तनलीहरुमा रोग लाग्ने भएको हुनाले यस अवस्थाबाट उत्पन्न हुने सबै रोगहरुलाई एउटै समूह भित्र राखी यसलाई कारोनरी मुटुको रोग नामाकरण गरिएको छ । आखिर किन यो रोग नेपालमा बढ्दै गयो त ? धेरै खर्चालु रोग गरिव नेपालीहरुको छातीमा ? हामी चिकित्सकहरुले यसको उपचार र समस्याको समाधानका लागी के कस्ता नयाँ कामहरु गर्न सक्छौं त ? विकसित राष्ट्रहरुले के कस्तो काम गरेर यो रोगलाई घटाउदै लग्न सके ? यस क्षेत्रमा के कस्ता अन्वेषणहरु र विकास कार्यहरु भैसकेका होलान् ? आदि आदि थुप्रै प्रश्नहरु डा. श्यामको दिमागमा नाची रहेका छन् । औषधी खाएर सुत्ने प्रयाश अरु रातमा जस्तै आज उनले गरेका छैनन । शायद आजको रात सोचेरै विताउने उनको विचार छ ।

चिकित्सा विज्ञानमा मुटु रोगको क्षेत्रमा धेरै नै विकास भैसकेको छ । चिकित्साशास्त्रका अन्य विधाहरु भन्दा कार्डियोलोजी (मुटुरोग) क्षेत्रमा धेरै नै अनुसन्धानहरु भैराखेका छन् साथै नयाँ नयाँ उपचार पद्धतिहरु पनि पत्ता लागि राखेका छन् । १५० वर्ष अगाडी स्टेथेस्कोपको आविष्कार ठूलो उपलब्धि थियो । यस्तै सन् १९०३ मा भएको ई.सि.जी. को आविष्कारले मुटु रोगको निदानमा क्रान्ति नै ल्याईदिएको थियो । यस्तै एक्सरे को आविष्कार अनि इको कार्डियोग्राफीको आविष्कारले चिकित्साशास्त्रमा नौला आयामहरु थपिदैं गए । विज्ञानको आविष्कारबाट आज चिकित्सकहरुले सजिलैसँग एउटाको मुटु अर्को मान्छेको छाती भित्र सफलतापूर्वक प्रत्यारोपण गर्न सक्दछन् । बिसौं शताब्दीमा भएका आविष्कारहरु मध्ये मुटु रोगको क्षेत्रमा मुटुको क्याथेटेराइजेसन, एञ्जियोग्राफी र एञ्जियोप्लास्टी प्रमुख हुन् । एञ्जाइना र हृदयाघातले अत्याधिक मानव जीवन समाप्त पारिरहेको र यसको उपचारमा चिकित्सकहरुले ठूलो चूनौतीको सामना गर्न परिरहेको समयमा रोगको मूल जरो मै पुगी त्यसलाई काट्न सक्ने (त्यो पनि विना अप्रेशन, क्याथेटर र गाइड तारको मद्दतले क्याथ ल्याबभित्र) प्रविधिको विकास हुनु अत्यन्तै महत्वपूर्ण उपलब्धि हो ।

सन् १९६० मा मुटुका रक्तनलीहरुको एञ्जियोग्राफीको शुरुवात भए पश्चात मसिनो प्लास्टिकको टयूव (क्याथेटर) को मद्दतले मुटुको कोरोनरी रक्त नलीको अवस्थाको परीक्षण गर्न सकिने भयो । कोरोनरी रक्तनलीको कुन भागमा रोग लागेको

छ, कहाँ बोसो जमेर साँगुरिएको छ अनि मुटुलाई हृदयाघातको कत्तिको खतरा छ भन्ने कुरा पत्ता लगाउन एकदम सजिलो भयो । सन् १९७७ मा आएर विना अप्रेशन क्याथेटरको मद्दतले साँगुरिएको कोरोनरी रक्तनलीलाई खुला र फराकिलो पार्ने प्रविधिको विकास भयो । यो प्रविधि एञ्जीयोप्लास्टीको नामले प्रसिद्ध भयो । यो प्रविधि यति सरल र उपयोगी सावित भयो कि विश्वभरी नै विशेष गरी विकसित मुलुकहरुमा धेरै मुटुका रोगीहरु यस प्रविधिबाट लाभान्वित भए । सन् १९८० सम्ममा विश्वमा ३ लाख एञ्जियोप्लास्टीहरु भए र बाइपास सर्जरीको संख्यालाई यसले उछिन्यो । आज विश्वमा प्रति वर्ष १० लाख भन्दाबढी एञ्जियोप्लास्टीहरु हुने गर्दछन् ।

नेपालमा कोरोनरी मुटुका रोगीहरुको संख्या बढ्दै गयो तर उपचारको यो नौलो प्रविधि भित्रन आजका दिनसम्म सकेको छैन । एञ्जियोग्राफी, एञ्जियोप्लास्टी आदि गर्न महंगा उपकरण र तालिम प्राप्त जनशक्तिको आवश्यकता पर्दछ । दुवै चिजको अभाव भयो नेपालमा । नेपाल हृदय रोग निवारण प्रतिष्ठानले श्री ५ को सरकारलाई दिएको ठूलो प्रोत्साहनका कारण बाँसबारीमा राष्ट्रिय हृदय रोग उपचार केन्द्रको स्थापना हुन पुग्यो । धेरै प्रयास पछि नेपालमा राष्ट्रिय स्तरको मुटु रोग उपचार केन्द्र खुल्यो । उपचार सुविधाको अभावका कारण नेपाली मुटु रोगीहरुले धेरै नै दुःख भोग्नु परिरहेको छ । सानो परीक्षणका लागि पनि भारत जानु पर्ने बाध्यता धेरै समय देखि रहि आएको छ । विदेशमा उपचार गर्न जाँदाको शारीरिक र मानसिक तनाव अनि अत्यधिक र अनावश्यक खर्चको भार बोक्न नेपाली रोगीहरु अझै पनि बाध्य छन् । छाती दुख्यो, हृदयघात भयो एञ्जियोग्राफी र एञ्जियोप्लास्टी अनि बाइपास सर्जरी गर्न दिल्ली जानु पर्छ, धेरै खर्च लाग्छ, खर्च गर्न नसके ज्यानै जान सक्छ भन्ने त्राशमा धेरै नेपालीहरु बाँच्न बाध्य छन् । राष्ट्रिय हृदय रोग उपचार केन्द्रले मुटुका रोगीहरुको लागि आशाको दियो जलाई दिएको छ । भोलि यहाँ क्याथ ल्याब सञ्चालन होला, एञ्जियोग्राफी र एञ्जियोप्लास्टी गर्न सम्भव होला, बाइपास सर्जरीका लागि दिल्ली धाउन नपर्ला आदि आदि आशाहरु यहाँ सबैले बोकेका छन् । यस्तै यस्तै कुराहरु सोच्दै एकाएक डा. श्याम जुरुक्क उठ्छन्, ढोका तर्फ लाग्छन्, एकै छिन उभिन्छन् अनि फेरि फर्किन्छन । भित्तामा अडेस लागेर सोच्न थाल्छन्, किन यस क्षेत्रमा हात नहाल्ने ? यो प्रविधि किन नसिक्ने ? नेपालीहरुका लागी स्वदेशमै यो उपचार सुविधा उपलब्ध गराउन प्रयाश किन नगर्ने ? एकाएक उनले यो प्रविधि सिक्ने अठोट गर्छन् । रातभरि निद्रा नपरे पनि एउटा महत्वपूर्ण निर्णय गरेकोमा उनी प्रशन्न

छन् । रात बित्छ । आफ्ना साथीभाई तथा परिवारका सदस्यहरुलाई आफ्नो निर्णय सुनाउछन् । उनलाई सबैबाट सहयोग प्राप्त हुन्छ ।

यसै बीच चेक रिपब्लिकको ब्रनो नामक शहरमा एञ्जियोग्राफी र एञ्जियोप्लास्टी सम्बन्धि ६ महिने तालिममा जाने अवसर डा. श्यामलाई प्राप्त हुन्छ। उनी तालिममा जाने निर्णय गर्छन् । ४ मई २००१ मा उनी त्यस तर्फ लाग्छन् ।

चेक रिपब्लिकको राजधानी प्रागमा पाईला टेक्ने बित्तिकै उनलाई अद्भूत अनुभव हुन्छ । उनले यस देशलाई पूर्व समाजवादी राष्ट्रको रुपमा मात्र चिनेका छन् । सोभियत रुस, पोल्याण्ड, हंगेरी, पूर्वी जर्मनी आदी जस्तै होला भन्ने कल्पना उनले गरेका हुन्छन् । उनी अरु सबै समाजवादी राष्ट्रहरुको भ्रमण गरिसकेका छन् आफ्नो विद्यार्थी कालमा तर त्यस बेलाको समाजवादी चेकोस्लाभाकियामा भ्रमण गर्ने मौका उनलाई मिलेको थिएन। आज समाजवादी व्यवस्थाको पतन भएर पूँजीवादी प्रजातन्त्रको बाटोमा लम्कदै गरेको चेक रिपब्लिकमा डा. श्याम आई पुगेकाछन् । "प्राग अति सुन्दर छ" "यूरोपको अति सुन्दर शहरहरु मध्ये एक प्राग हो" साथी भाईहरुले उनलाई यसरी प्रागको सुन्दरताको वर्णन गरेका थिए । साच्चै नै प्राग अति सुन्दर रहेछ। नेपालको सम्झना गराउने साना साना पहाडहरु, रातो टाइलको छाना भएका साना साना घरहरु, शहरको बिचबाट बगेको नदी, थुप्रै थुप्रै टावरहरु, शालिकहरु, सफा फराकिला सडकहरु, चारैतिर हरियाली, स्वच्छ हावा र वातावरण, चित्रकारले अति मेहनत गरेर कोरेको चित्र जस्तै अति सुन्दर नगरी प्राग । यसै कारणले होला पर्यटकहरुले प्रागलाई "जादूको शहर", "सुनौलो शहर", "सैयौं टावरहरु भएको शहर", "पूर्वको पेरिस" जस्ता उद्गारहरुबाट यसको सुन्दरताको प्रशंसा गर्ने गर्दछन् । प्रागको सुन्दरता भित्र चेक रिपब्लिकको कठोर इतिहास लुकेको पाइन्छ । सन् १९४५ मा जर्मनी नाजीको पञ्जाबाट अमेरिकी र रुसी सेनाहरुले मुक्त गराएपछि चेकोस्लाभाकिया समाजवादी सोभियत संघको प्रभाव क्षेत्र भित्र रहन पुग्यो । सन् १९४८ मा भएको "सोभियत हस्तक्षेप" पछि सन् १९६० मा आएर समाजवादी गणतन्त्र चेकोस्लाभाकियाको जन्म हुन पुग्यो । सन् १९६८ मा सोभियत हस्तक्षेप विरुद्ध चेक जनताले आवाज उठाए तर मास्कोबाट आएका ट्याङ्कहरुले प्रागको मुटुमा कुल्चिदै चेक जनताको स्वतन्त्र हुने इच्छालाई दबाई दियो । यो दमनलाई सहन नसकी यसको विरोध स्वरुप २ जना विद्यार्थीहरुले प्रागको केन्द्रमा आत्मदाह दिए। यो घटनालाई आज पनि चेक जनता "सोभियत हस्तक्षेप" को विरुद्ध,

स्वतन्त्रताका लागि गरिएको स्वस्फूर्त बलिदानको रुपमा लिन्छन् । सोभियत संघमा गर्भाचोभको पिरिस्त्रोइका र ग्लास्तनोस्च (परिवर्तन र खूलापन) को अभियानको विस्तार हुदै गए पछि सोभियत समाजवादी प्रणालीमा भूकम्प आयो जसले सोभियत संघ र यस अन्तर्गत रेहका वार्सा सन्धीका समाजवादी राष्ट्रहरुमा परिवर्तनको लहर ल्यायो । अन्तमा आएर वार्सा सन्धि तथा समाजवादी प्रणालीको सन् १९८९-१९९० ताका पूर्वी यूरोपमा पतन भयो । सन् १९८९ मा चेकोस्लाभाकियामा कम्यूनिष्ठ शासनको अन्त्य भयो । सन् १९९३ को १ जनवरीमा जनचाहनाको प्रतिफल चेकोस्लाभाकियाको शान्तिपूर्ण विभाजन भयो जसको फलस्वरुप चेक रिपब्लिक र स्लोभाक रिपब्लिक नामक दुई स्वतन्त्र राष्ट्रहरुको जन्म हुन पुग्यो । प्रथम विश्व युद्ध पछि चेकोस्लाभाकियाको राजधानीको रुपमा स्थापित प्राग शहर चेकोस्लाभाकियाको विभाजन पछि पनि चेक रिपब्लिकको राजधानी कै रुपमा कायम रहि रह्यो ।

चेक रिपब्लिकको इतिहासलाई खन्दै जाने ईच्छा डा. श्यामको छैन । सुन्दर राष्ट्रमा आएकोमा उनी प्रसन्न छन् । प्राग यति सुन्दर होला भनेर उनले चिताएका थिएनन् । प्रागको सुन्दरताको मज्जा लुट्दै उनी अगाडी बढ्छन् । उनीलाई प्राग भन्दा अझ २०० कि.मी. परको शहर ब्रनो सम्म पुग्नु छ । राजमार्गको बाटो, सुविधाजनक कार तथा १६० कि.मी. प्रति घण्टाको गति । प्रागबाट हिडेको १.५ घण्टामै ब्रनो पुग्दा डा. श्यामलाई आश्चर्य तथा डर पनि लाग्छ । कत्ति छिटो गाडी कुदाएको होला ! शुरुमा उनको मुटुले ठाउँ छोड्छ । उनले गाडीको गति कम गर्न अनुरोध पनि गर्छन । गाडी चलाउने व्यक्ति कुनै रक्सी पिएको ड्राइभर होइन उनकै चेक भित्र डा. जर्ज हुन् । डा. जर्ज भन्छन् “विस्तारै हाक्यो भने दुर्घटना हुन्छ । डराउनु पर्दैन, यो यस राजमार्गको सामान्य गति हो । यहाँ २०० कि.मी. प्रति घण्टा भन्दा छिटो गतिमा गाडी चलाउने गरिन्छ ।” नभन्दै उनको भन्दा अझ छिटो गतिमा गुड्दै गरेका अरु गाडीहरु उनले देख्छन अनि विस्तारै उनको डर कम भएर जान्छ । वरपर लटरम्मै तोरी फुलेका पहेला फाँटहरु देखिन्छन् । कता कता नेपालको सम्झना गराउने यी तोरी बारीहरु र रातो टाइलले छाएका स-साना घरहरु । हरियाली र स्वच्छ वातावरण, सुन्दर वस्तीहरु । सडकमा द्रुत गतिले चल्ने सवारी साधनहरुले यहाँ पनि एक पल्ट फेरि डा. श्यामको सातो लिन्छ । सबै कुराहरुलाई अलग्गै राखेर अब उनको एउटै मात्र इच्छा छ उनले तालिम प्राप्त गर्ने अस्पताल र क्याथ ल्याब सम्म पुग्ने ।

९ मेई सन् २००१ जिवनमा पहिलो पल्ट डा. श्यामले क्याथ ल्याब भित्र पाईला टेकेको दिन । १२०० शैया भएको सेन्ट अन्ना युनिभर्सिटी हस्पिटलको कार्डियोलोजी विभाग अन्तर्गतको क्याथ ल्याब । डा. ग्रोखको नेतृत्वमा ५ जना क्याथल्याब मुटु रोग विशेषहरु, ३ जना क्याथल्याब टेक्नीसियन तथा ८ जना क्याथ ल्याब नर्सहरुको टोलीद्वारा सञ्चालित अत्याधुनिक उपकरणहरुद्वारा सुसज्जित क्याथ ल्याब । दैनिक बिहान ठिक ७ बजे देखि यहाँ कार्यको थालनी हुन्छ । प्रवेशद्वारबाट भित्र पस्ने वित्तिकै घरबाट लगाएर आएका सम्पूर्ण कपडाहरु फुकालेर क्याथ ल्याब भित्रको हरियो लुगा सबैले लगाउदछन् । सबै फूर्तिला र सफा देखिन्छन् । एकले अर्कालाई गूड मर्निङ्ग गर्दा गर्दै सबैजना चिकित्सकहरु बैठक कक्ष तर्फ दौडिन्छन् । दैनिक ३० मिनेट यहाँ मिटिङ्ग चल्छ जसमा बिरामीहरुको अवस्था, एन्जियोग्राफीको रिपोर्टहरु तथा बिरामीहरुको उपचार बारे सामूहिक छलफल हुन्छ । डा. श्याम पनि आज यस मिटिङ्गमा उपस्थित छन् । मुटु रोग विभाग र मुटु शल्य चिकित्सा विभाग अन्तर्गतका करिव ५० जना चिकित्सकहरुका बिच उनको परिचय नेपालबाट क्याथ ल्याबको तालिमका लागि आएका एक चिकित्सकको रुपमा गराइन्छ । ५ मिनेट उनले आफ्नो देश र काम गर्ने अस्पतालको बारेमा सबैलाई जानकारी गराउछन् साथै आफ्नो तालिमका लागि सबैबाट सकृय सहयोग होस् भनी अनुरोध गर्दछन् । सबैले ताली बजाएर उनको स्वागत गर्दछन् साथै उनको अनुरोधलाई स्विकार्दछन् । यस प्रकार सेन्ट अन्ना यूनिभर्सिटी हस्पिटलको कार्डियोलोजी परिवार भित्र उनको प्रवेश हुन्छ ।

क्याथ ल्याब भित्रको जीवनको शुरुवात त्यस बेला आएर बल्ल हुन्छ जब डा. श्यामको परिचय डा. भ्लादिमिरसँग हुन्छ । ४० वर्षिय युवक डा. भ्लादिमिर यस क्याथ ल्याबका सबैभन्दा परिश्रमी र बुद्धिमान चिकित्सक हुन् । विगत १० वर्ष देखि उनी यहाँ कार्यरत छन् । सायद लेनिनबाट प्रभावित भएर होला उनका पीताले उनको नाम भ्यादिमिर राखेको । उनलाई सबैले प्रेम पूर्वक छोटकरीमा भ्लादो भनि बोलाउने गर्दछन् । उनी २ सन्तानका पिता भैसकेका छन् । उनको पहिलो श्रीमतीबाट २ छोराहरु छन् । केहि महिना अगाडी मात्र उनले दोस्रो श्रीमती ल्याएका छन् । दोस्रो श्रीमती स्तेपान्का अत्यन्त सुन्दर छिन । उनको पहिलो श्रीमानबाट एउटा सानी छोरी छ । छोरी सहित डा. भ्लादोसँग उनले दोस्रो विवाह गरेकी छिन् । एउटालाई पारपाचुके दिएर अर्कोसँग जाने यहाँको सामान्य चलन हो । भ्लादोले धेरै जसो समय अस्पताल र बिरामीहरुका लागि दिने गरेका छन् । घर परिवारका लागि श्रीमतीको

माग अनुसारको समय दिन नसकेको हुनाले नै होला पहिलो श्रीमतीलाई छोड्नु पर्ने वातावरण आईपरेको । उनी क्याथ ल्याबमा सबैभन्दा पहिला आउने गर्दछन् र सबैभन्दा पछि घर फर्कने गर्दछन् । काम सकेपछि पनि कम्प्यूटर र इन्टरनेटमा खेलीरहन्छन् । उनलाई ज्ञानको भोक ज्यादै नै छ । मुटु रोगको निदान र उपचार कार्यमा उनी समर्पित छन् । यस क्याथल्याबका अर्का हस्ति हुन् डा. ग्रोख । उनी यस क्याथ ल्याबका प्रमुख मुटु रोग विशेषज्ञ हुन् । डा. श्यामलाई तालिमका लागि उनले नै बोलाएका हुन् । उनी चेक रिपब्लिक भरिका १५०० जना मुटु रोग विशेषज्ञहरु मध्ये प्रथम ३ महत्वपूर्ण अनुभवी र दक्ष विशेषज्ञहरु मध्येका हुन् । पहाड जस्तो अग्लो र मजबूत शरीर, दयालु अनुहार तथा आफ्नो व्यवसायमा उत्कृष्ठ कार्य दक्षता उनको विशेषता हो । क्याथ ल्याब भित्रको २० वर्ष भन्दा लामो अनुभव उनीसँग छ । आजसम्म उनले शैयौं मुटु रोग विशेषज्ञहरुलाई तालिम दिइ सकेका छन् । नयाँ नयाँ ठाउँमा क्याथ ल्याबहरुको स्थापना र सञ्चालनमा उनी उत्सुक र सहयोगी देखिन्छन् । नेपालमा पनि क्याथ ल्याबको स्थापना होस् भन्ने चाहना उनको छ । नेपाल भ्रमणको क्रममा उनले नेपालमा क्याथ ल्याबको स्थापना कार्यमा सक्दो सहयोग पुऱ्याउने प्रण गरेका थिए । डा. ओता यस क्याथ ल्याबका अर्का मुटु रोग विशेषज्ञ हुन् । उनी ३६ वर्ष मात्र पुगेका छन् । ५ वर्ष मात्र भयो क्याथ ल्याबमा उनले काम शुरु गरेको । डा. ग्रोखले नै उनलाई सिकाएका हुन् । यस ५ वर्षको अवधिमा उनले ३ हजार भन्दा बढी एन्जियोग्राफी गरिसकेका छन् । उनी अत्यन्त बुद्धिमान छन् ।

डा. होन्सा सितार एक अर्का युवा चिकित्सक हुन, यस क्याथ ल्याबका । तर उनी केही महिना यता अर्कै डिपार्टमेण्टमा काम गर्दछन् । सन्तान प्राप्तिका लागि एक्सरे विकरणबाट टाढा रहन उनले क्याथ ल्याब छाडेका हुन् । अप्ठेरो एन्जियोप्लास्टी गर्नमा उनको विशेष दखल छ । यहाँका अन्य चिकित्सकहरु मध्ये डा. इभान र डा. निखातालको पनि यस क्याथ ल्याब भित्र विशेष महत्व छ । ३५ वर्षिय डा. ईभान खूब गित गाउने, नाच्ने, नर्सहरुलाई जिस्काउने र क्याथ ल्याब भित्र रमाइलो गर्ने गर्दछन् । उनी विदामा बसेको दिन अत्यन्त सुनो र निरस जस्तो लाग्दछ यस क्याथ ल्याब भित्रको जीवन । लाग्दछ उनको मुस्कान र सुरिलो आवाजले नै यस क्याथ ल्याबलाई जीवन दिई राखेको छ । उनी जति रमाइला र रसिक छन् त्यति नै आफ्नो कार्यमा दक्ष पनि छन् । आफ्ना बिरामीहरुलाई उनी अति नै माया गर्दछन् । कठिन

कठिन एञ्जियोग्राफीहरु पनि उनले गित गाउँदै सफलता पूर्वक सम्पन्न गर्दछन् । डा. इभानकी श्रीमती एलेना हाल गर्भवती छिन् । उनी चेस्को नामक अमेरिकन कम्पनीमा स्टोर सुपरभाइजरको काम गर्दछिन् । गितार बजाउने र गीत गाउने उनको बच्चै देखिको शोख हो । एक समारोहमा उनको मिठो गितारको धुन र सुरिलो स्वरमा मुग्ध भएर डा. इभान उनीसँग प्रेम जालमा परेको हुन् । डा. निखाताल सबभन्दा अचम्मका व्यक्ति हुन् यस क्याथ ल्याबका । मोटो शरीर, लडबडे बोली र हडबडे कार्य शैलीबाट उनी यहाँ चिनिन्छन् । हडबड गरेर काम गर्नु उनको ठूलो कमजोरी हो । उनी त्यति मेहनती छैनन् । ४५ वर्षे उमेर पार गरिसके पनि आफ्नो कार्य प्रति गंभीर र समर्पित हुने बुद्धि उनमा आईसकेको छैन । यस क्याथ ल्याबका सबैभन्दा कान्छा डाक्टर हुन् मिरोस्लाभ तेइछ । उनी भर्खर सिक्दै छन् । कुनै पनि विषयमा कुरा गर्दा बढी विश्लेषण गर्ने र धेरै सोच्ने उनको बानी छ । यसैले होला डा. ओताले उनलाई जिस्काएर प्रोफेसर पनि भन्ने गर्दछन् । डा. तेइछ इभान जस्तै रमाइला र रसिला छन् । एञ्जियोग्राफी गर्न उनी सक्षम भैसकेका छन् तर एञ्जियोप्लास्टी गर्न सक्ने भैसकेका छैनन् ।

जाना सिस्टर यहाँकी प्रमुख क्याथ नर्स हुन् । उनको नेतृत्वमा अन्य ७ जना नर्सहरु यहाँ कार्यरत छन् । मिरा सबैभन्दा सुन्दर र लोकप्रिय नर्स हुन् । डा. इभानले उनलाई खूब जिस्काउने गर्दछन्, सबैको अगाडी अंगालो मारेर म्वाई खाने पनि गर्दछन् । यो बेला सबैले ताली बजाएर वातावरणलाई अझ रमाइलो बनाई दिन्छन् । यहाँको क्याथ ल्याब भित्रको जीवनको एक अति साधारण पक्ष हो यो । अनेकौ दुःख र वेदनाले मुटु भरिएको भएतापनि एकै छिनको हाँसो र ख्याल ठट्टाले जीवनलाई रमणिय बनाई दिन्छ, यसलाई गति प्रदान गर्दछ । इभान र मिराको जोडी एकदम मिलेको छ । उनीहरु प्रेमी प्रेमीका होइनन्, बस क्याथ ल्याब भित्रका साधारण साथीहरु मात्र हुन् । दुवैजना विवाहित छन् र सन्तान प्राप्त गरिसकेका छन् । क्याथ ल्याब भित्रको यो परिवारसँग मित्रता गास्न एक छोटो व्यवसायिक यात्रामा डा. श्याम आज यहाँ आईपुगेका छन् । डा. श्याम एक गम्भिर व्यक्ति हुन् । उनको व्यक्तित्व कता कता डा. भ्लादिमिरसँग मेल खान्छ । ४१ वर्षमा प्रवेश गरेका डा. श्यामको जीवन यात्रामा भ्लादिमिर शहयात्री हुन आई पुगेका छन् । पहिलो भेट मै डा. भ्लादिमिर प्रति श्याम आकर्षित हुन पुग्दछन् ।

क्याथ ल्याबबारे डा. श्यामले विद्यार्थी जीवनदेखि नै धेरै कुराहरु सुनेको भएता

पनि आज सम्म उनलाई कहिल्यै पनि क्याथ ल्याबमा काम गर्ने मौका मिलेको थिएन । क्याथ ल्याब भित्रका उपकरणहरुलाई राम्रोसँग चिन्ने र नियाल्ने मौका पनि उनलाई कहिल्यै मिलेको थिएन । उनका लागि आजको दिन क्याथ ल्याब भित्रको अर्थपूर्ण प्रवेशको दिन हो । नयाँ चिज हेर्ने कौतुहलताले गर्दा उनका आँखाहरु चारै तिर छिटो छिटो दौडिन्छन् । अत्यन्तै सफा र चिल्लो भूई, सेता चम्कीला भित्ताहरु, उज्याला बत्तिहरु र एयर कण्डिशनरले बनाएको आरामदायी तापमान । ३ मिटर चौडा करिडोर र ढोकाबाट क्याथ ल्याबको मुख्य कोठामा प्रवेश हुन्छ । यहाँ अत्याधुनिक औजार उपकरणहरु जडित छन् । श्यामले एक एक गरेर प्रत्येक उपकरणलाई नियाल्दै जान्छन् । छतमा झुण्डिएको फिलिप्स कम्पनीको भव्य सि आर्मले कोठाको शोभा बढाएको छ । यसैको जोडा मिल्ने गरी भूईमा क्याथ टेबल जडित छ । टेबलको छेउमै ठूला ठूला मनिटरहरु झुण्डिएका छन् । टेबलको विच तिर पावर इञ्जेक्टर ठड्याईएको छ । हिलेट प्याकार्ड कम्पनीको डिफिब्रिलेटर, सिमेन्सको भेन्टिलेटर, हिलेट प्याकार्डकै इन्ट्राभास्कूलर अल्ट्रासाउण्ड मेसिन र कोरोनरी फ्लो नाप्ने मेसिन आदीलाई चिटिक्क मिलाएर कोठाको छेउ छेउमा राखिएको छ । भित्तामा जडित दाराजहरु भरि औषधीहरु, विभिन्न साइजका क्याथेटरहरु, बेलून र स्टेण्टहरु मिलाएर राखिएका छन् । यिनै औजार र उपकरणहरु सहितको कोठा हो क्याथ ल्याब अर्थात क्याथेटेराइजेसन प्रयोगशाला भनेको । यो एउटा अत्याधुनिक प्रयोगशाला हो जहाँ मुटुमा प्लास्टिकको मसिनो तार अर्थात क्याथेटर पठाएर एक्सरेको मद्दतबाट मुटुको प्रतिविम्ब टि.वि. मनीटरमा हेरी मुटुको अवस्थाको अध्ययन गरिन्छ र विभिन्न उपचार पद्दतिहरु अपनाइन्छन् । एक साधारण क्याथ ल्याबको स्थापना गर्न कम्तिमा ६-७ करोड रुपैया लगानी गर्नु पर्ने हुन्छ । प्रविधि अत्यन्त महङ्गो भएको र यसको सञ्चालनका लागि दक्ष जनशक्तिको आवश्यकता पर्ने भएको हुनाले जहाँ तही यसको स्थापना कठिन हुन पुगेको हो । क्याथ ल्याबको मुख्य कोठाको छेउमा कन्ट्रोल कोठा जोडिएको छ जहाँबाट क्याथ ल्याब भित्र हुने गरेका कार्यहरुको अवलोकन, नियन्त्रण र रेकर्डिङ्ग गरिन्छ । एक्सरे विकिरण नछिर्ने ठूलो लिड ग्लास भएको झ्यालबाट क्याथ कोठा भित्रका कार्यहरु कन्ट्रोल रुमबाट सजिलै नियाल्न सकिन्छ । यस कोठा भित्र थुप्रै कम्प्यूटरहरु छन् । स्टाफहरु बस्ने कोठा र एउटा छुट्टै कम्प्यूटर कोठा यसैसँगै जोडिएको छ । यति सानो ठाउँमै श्यामको मन हराउन लागेकै बेला एउटा ठूलो स्वरले श्यामको ध्यान आकर्षित गर्दछ "Hello Doctor please

take your seat. May I introduce you to Meera? she is the most beautiful nurse of our Cathlab. Do you like her?" श्यामलाई यति कुरा भन्दा भन्दै डा. इभान मुसुक्क हास्दछन् । मिरालाई देखेर एकै छिन डा. श्यामलाई आनन्दको अनुभव हुन्छ । साच्चै नै कस्तो सुन्दर अनुहार । गोरो छाला, सुनौला रंगको कपाल, सुन्दर नाक, स्याउ जस्ता गालाहरु, पातला गुलाफी ओठहरु र एकदमै मिलेको आकर्षक छाती । एउटा कालिगडले समय लगाएर बनाएको सुन्दर संरचना जस्तो । साच्चै नै नारीको सुन्दरता एउटा अद्‌भूत कलापुञ्ज हो । यसले मान्छेहरुको मनलाई सजिलै आकर्षित गर्दछ र एउटा रसमय आनन्दको सञ्चार गराईदिन्छ ।

श्यामले मिराको अनुहारमा एक टकले हेरिरहन्छन् । उनलाई एकाएक आफ्नी श्रीमती सपनाको याद आउँछ । सपनाको पनि यस्तै सुन्दर अनुहार छ । ती काला काला आँखाहरु, सुन्दर नाक अनि मन मोहक मीठो मुस्कान । तर सपनाको सुन्दरताको मज्जा लिन श्यामले कहिल्यै पाएनन् । त्यो समाज, कार्यव्यस्तता, बाधा अड्चनहरु । श्याम कहिल्यै व्यक्तिगत जिवनमा रमाउन पाएनन् । दिक्क भएर श्याम कहिले काहीं भन्ने गर्छन् "यो जूनीमा यस्तै भयो अब अर्को जूनीमा राम्रोसँग बाँचौला ।"

"ढिला भैसक्यो, बिरामी टेबलमा सुतिसक्यो, छिटो हिंड ।" यति भन्दै डा. भ्लादिमिर जुरुक्क उठेर क्याथ ल्याब तर्फ लाग्दछन् । मिरा र इभान पनि उनको पछि पछि लाग्दछन् । "यो पहिलो केस हो । जम्मा १० वटा बिरामीहरु छन् आज । ढिला भैसक्यो । तिमीहरु भने जिस्किएर बसिरहन्छौ । दिउस लेक्चरमा जानु छ । रिसर्चका कामहरु त्यत्तिकै छन् । त्यो नयाँ आएको नेपाली डाक्टरसंग काम सके पछि मनभरिका कुराहरु गर्नु । अहिले हिंड ।" भ्लादिमिरले एकैछिन रोकिएर इभानलाई अनुरोधात्मक स्वरमा यी शब्दहरु भन्दछन् । अनि चूपचाप सबैजना क्याथ ल्याब भित्र पस्दछन् ।

# ३. विज्ञान

६५ वर्षिय पाभेल टिटोलाई क्याथ टेबलमा निर्वस्त्र सुताईएको छ । २ दिन देखि उनलाई छातीमा धेरै नै पीडा भैराखेको छ। उनी उपचारका लागि सि.सि.यू. मा भर्ना भैराखेका छन् । औषधीहरुको प्रयोगबाट पनि छातीको पीडा कम नभएको हुनाले एञ्जियोग्राफी गरेर हेर्ने चिकित्सकहरुको सुझाव अनुसार उनलाई क्याथ ल्याबमा ल्याईएको छ । डा. भ्लादिमिर र डा. इभान हातहरु धोई लिड एप्रोन, सफा गाउन, पञ्जा लगाई सकेका छन् । इभानले क्याथेटरमा गाइड तार छिराउदै छन् । भ्लादिमिर ले बिरामीको दाहिने तिघ्राको माथिल्लो भागमा आयोडिनले सफा गर्दैछन् । मिराले बिरामीको बाँया हातमा नर्मल सलाइन जोडी सकेकी छिन् । इ.सि.जी. मनीटरमा मुटुको धड्कन ठिक छ । डा. श्याम चाही इभान र भ्लादिमिरको बिचमा पछाडीबाट उभिएर उनीहरुले गर्ने कार्यलाई अत्यन्तै ध्यानपूर्वक हेरि रहेका छन् । डा. भ्लादिमिरले बिरामीको दाहिने तिघ्राको माथिल्लो भागमा फेमोरल आर्टेरीको गति छाम्छन् र त्यहाँ १० मि.लि. मेजोकाइनको सूई लगाउदछन् । इभानले बिरामीसँग विभिन्न प्रश्नहरु गरि राखेका छन् । बिरामी पूर्ण होसमा छन् र इभानका प्रत्येक प्रश्नहरुको जवाफ दिई राखेका छन् । रक्तचाप र पल्स सामान्य छ । मेजोकाइनको सूईले दायाँ तिघ्राको माथिल्लो भागलाई लट्ठाई दिएको छ । अब जति घोचे पनि यहाँ नदुख्ने भएको छ । भ्लादिमिरले बिरामीको शरीरलाई सफा र स्टेराइल हरिया कपडाका टुक्राहरुले छोप्दछन् । दाईने तिघ्राको माथिल्लो भागमा ठूलो प्वाल भएको कपडाले छोप्छन् । अनि टेबल र सि-आर्म को पोजिसन मिलाउदछन् । भ्लादिमिरले मिरा तर्फ हेर्दै अब शुरु गरौं भनि इशारा गर्छन । मिराले पख पख भन्दै सि.डी. प्लेयर को स्विच अन गर्दछिन् । मिठो गीत बज्न थाल्छ - "One more night… Give me one more night………. I can wait for ever ……………" इभानले गितको तालमा मिल्ने गरि सुशेली हाल्दै टाउको र कूम हल्लाउन थाल्छन् । भ्लादिमिरले १८ गज नापको सियोले दाँया तिघ्रामा घोचेर फेमोरल आर्टेरीलाई छेड्दछन् । सियोबाट रगतको जोडदार धारा बग्दछ । त्यसपछि सियो

भित्रबाट गाइड तार फेमोरल आर्टेरीभित्र छिराई सियोलाई बाहिर तान्दछन् । अनि यस गाइड तार माथि माथिबाट फेमोरल सिथ रक्तनली भित्र छिराउदछन् । फेमोरल सिथ ठिक ठाउँमा बसे पछि गाइड तारलाई बाहिर तान्दछन् । फेमोरल सिथ राख्ने बित्तिक्कै भ्लादिमिरले २००० यूनिट हेपारिन नशाबाट लगाई दिन मिरालाई आदेश दिन्छन् । भ्लादिमिरले बोलेर नभ्याउदै मिराले हेपारिनको सूई लगाई दिई सक्छिन् । डा. श्यामले उनीहरुको प्रत्येक कदमलाई एक एक गरेर अत्यन्त सतर्कतापूर्वक हेरि राखेका छन् । आज उनको पहिलो दिन हो । फेमोरल रक्तनलीलाई छेड्दा सियोबाट निस्केको बलियो रगतको धारा देख्दा उनको मुटु एकै छिन डरले काप्यो पनि, तर पछि उनले आफुलाई सम्हाले । यसरी रगत देखेर डराउने हो भने नेपाल फर्के हुन्छ, क्याथ ल्याबमा काम गर्ने हो भने मानव रगतले हात धोएर काम गर्न सिक्नु पर्छ । उनले मन मनै मुटुलाई दरो बनाउने प्रयाश गर्दछन् ।

बाँया जड्कीन क्याथेटरलाई फेमोरल सिथ भित्रबाट रक्तनलीमा छिराएर भ्लादिमिरले सि-आर्मको मद्दतले सो क्याथेटरलाई मुटुको ठूलो धमनीको शुरुवातको भागसम्म पुऱ्याउदछन् । यत्तिकैमा इभानले क्याथेटर भित्र रहेको गाइड तारलाई बाहिर तानिदिन्छन् । अब कन्ट्रास्ट औषधीले भरिएको १० एम. एल. को सिरिञ्जलाई क्याथेटरमा जोडी विस्तारै विस्तारै क्याथेटरलाई बाँया कोरोनरी रक्तनलीभित्र पसाउने प्रयाश गर्दछन् । क्याथेटर कन्ट्रास्ट औषधीको इञ्जेक्शनले देखाएको बाटोबाट सजिलै बाँया कोरोनरी रक्तनली भित्र पस्दछ । इभानले लामो सुशेली हाल्दै पछिल्तिर उभिएर हेरिरहेका डा. श्यामलाई सिकाउदै भन्न थाल्दछन् बाँया कोरोनरी रक्तनली भित्र क्याथेटर छिराउन त्यति गाह्रो छैन । यो क्याथेटरको बनावट नै यस्तो छ कि यदि डाक्टरले मनपरि र जथाभावी नचलाउने हो भने यो बाँया जड्कीन क्याथेटरलाई विस्तारै विस्तारै भित्र छिराउनु मात्र पर्दछ यसले आफ्नो बाटो आफै फेला पारी बाँया कोरोनरी रक्तनली भित्र पुग्दछ । "यो मेरो भनाई होइन, यो भनाई हो यस क्याथेटर पत्ता लगाउने जड्कीन नामक वैज्ञानिक को ।"यति भन्दै इभान खित्का छोडेर हास्छन अनि फेरि सुशेली हाल्दै भ्लादिमिरलाई कारोनरी एञ्जियोग्राफी कार्यमा सघाउन थाल्दछन् । भ्लादिमिरले एक एक गरि ५ वटा विभिन्न कोणहरुबाट बाँया कोरोनरी रक्तनलीको फोटो खिच्दछन् । सर्कमफ्लेक्स रक्तनलीको बिच भागमा ९०% सँगुरिएको देखिन्छ । बाँया कोरोनरी रक्तनलीको अरु भाग ठिक छ । भ्लादिमिरले क्याथेटरलाई बाहिर तान्दछन र अब दायाँ जड्कीन क्याथेटरलाई भित्र छिराउद

छन् । दाँया कोरोनरी रक्तनलीमा क्याथेटर छिराउन गाह्रो छ । बाँयामा जस्तै सजिलो सँग दायाँ कोरोनरी रक्तनली भित्र क्याथेटर छिर्दैन । यसका लागी विशेष दखल र अनुभव चाहिन्छ । बुद्धि र अनुभवका धनी भ्लादिमिरले क्याथेटरलाई बिस्तारै आवोर्टिक भल्भको माथिबाट दायाँतर्फ घुमाउदै दाँया कोरोनरी रक्तनली भित्र सजिलै छिराउदछन् । अनी २ वटा कोणबाट यसको फोटो खिच्दछन् । यो रक्तनली पनि ठिकै छ । बिरामीको छाती दुखि रहनाको कारण सर्कमफ्लेक्स रक्तनलीको बीच भाग साँगुरिनु हो भन्ने निर्णयमा भ्लादिमिर पुग्दछन् । इभानको पनि यहि नै धारणा रहन्छ । रोगको कारण फेला परेको छ । आँखाले प्रत्यक्ष देखिने गरि फोटो समेत खिचिएको छ । क्याथ ल्याब नहुँदो हो त यसबारे अनुमान मात्र लगाउन सकिन्थ्यो । क्याथ प्रविधिले गर्दा रोगको जरामै पुग्न सकिएको छ । बायाँ भेन्ट्रीकुलोग्राफी गर्न बाँकी नै छ । भ्लादिमिरले जड्कीन पिगटेल क्याथेटर नशा भित्र छिराउदछन् । यो क्याथेटरको टुप्पा आयोट्रिक भल्भमा पुगेपछि अलिकता बल लगाएर गाइड तारको मद्दतले यसलाई मुटुको बाँया क्षेपक कोष्ठभित्र पुऱ्याउँदछन् । क्याथेटर ठिक ठाउँमा पुगे पछि इभानले गाइड तारलाई बाहिर तान्दछन् । अब क्याथेटरलाई पावर इञ्जेक्टरमा जोडिन्छ र ५० एम. एल. जति कन्ट्रास्ट औषधीलाई छिटो गतिमा बायाँ क्षेपक कोष्ठमा भित्र पठाइन्छ । टि.भी. मनीटरमा मुटुको खुम्चाई र धड्कन राम्रोसंग देखिएको छ । कन्ट्रास्ट औषधीले मुटुको भित्तामा हान्दा, एकै छिन मुटु छिटो छिटो गतिमा चल्दछ र इ.सि.जी. मनिटरमा भेन्ट्रीकूलर टाखिकार्डिया (Ventricular Tachycardia) भएको देखिन्छ । डा. श्यामले ठूलो स्वरमा बिरामी VT मा गयो भनी कराउछन् । भ्लादिमिरले श्याम तर्फ फर्केर ठूला ठुला आँखाले एकै छिन उनलाई हेर्दछन । इभान मुसुक्क हास्दै भन्न थाल्छन् - "यो परिक्षण गर्दा VT उत्पन्न हुनु सामान्य हो । कन्ट्रास्ट औषधीले मुटुलाई जोडसंग लाग्दा र क्याथेटरले मुटुको भित्री भित्तालाई छुँदा VT उत्पन्न हुन्छ । यो एकै छिनको Non sustained VT ले केहि नराम्रो हुदैन ।" श्यामले सि.सि.यू. मा काम गर्दा बिरामीको VT आउदा आफु आत्तिने र सतर्क हुने गरेको सम्फन्छन् । अब उनले क्याथ ल्याब भित्र VT आउने भनेको सामान्य कुरा रहेछ भनी शान्त हुन्छन् । बिरामीको मुटुको खुम्चाई एकदम ठिक छ । कतै पनि मांसपेशीको गति कम देखिएको छैन । इभानले मनीटरमा मुटुको खुम्चाई हेरेर मुटुको Ejection Fraction अन्दाजी ६५% छ भनि भन्दछन् ।

श्यामले इको कार्डियोग्राफीको मद्दतले विभिन्न नापहरु गरेर Ejection Fraction

निकाल्ने गरेको सम्झन्छन् । क्याथ ल्याब भित्र मनिटरमा हेरेर कुनै पनि नाप बिना नै Ejection fraction निकाल्ने गरेको देखेर उनी छक्क पर्दछन् । श्याम छक्क परेको देखेर इभानले उनलाई सम्झाउदछन् -"हेर मनिटरबाट Ejection fraction नाप्न पनि सकिन्छ तर हाम्रो बानी परि सक्यो, नापेर आउने अंक हामीले आँखाले हेरेरै बताइ दिन्छौं ।" श्यामले Very Good भन्दै टाउको हल्लाउदछन् । बिरामीको एञ्जियोग्राफी गरेर सकियो । सर्कमफ्लेक्स रक्तनलीमा ९०% साँगुरिएको फेला पर्‍यो । औषधीले छातीको पीडा कम भएको छैन । यसकारण भ्लादिमिरले उनको एञ्जियोप्लास्टी गरिदिने निश्चय गर्दछन् । १५ मिनेट भित्र बिरामीको एञ्जियोप्लास्टी सफलतापूर्वक सम्पन्न हुन्छ । भ्लादिमिरले खुशीको सास फेर्दछन् । औषधीको प्रयोगले छातीको पीडा कम नभएर छट्पटाई रहेको ६५ वर्षिय पाभेल टिटोलाई सहयोग पुर्‍याउन उनी सफल भए । साँगुरिएर बन्द हुन थाली सकेको मुटुको कोरोनरी नशालाई क्याथेटरहरुको मद्दतले क्याथ ल्याब भित्र विना अप्रेशन छोटो समयमै फुकेर खुकुलो पारियो । साँगुरोपन हटे पछि नशामा रक्तसञ्चार राम्रोसँग भयो । छातीको पीडा कम भयो । पाभेलले नयाँ जीवन पाए । यस प्रकार क्याथ ल्याब भित्रबाट नयाँ जीवन पाएर फर्कनेहरु धेरै नै छन् जसको गन्ती उनीहरुलाई नयाँ जीवन प्रदान गर्नेहरुले गर्दैनन् ।

डा. भ्लादिमिरको अनुहार आज मलिनो छ । खै किन हो, उनी आज दुःखी देखिन्छन् । मनका कुराहरु बाहिर पोख्ने बानी उनको छैन । मन भित्रै कुरा लुकाएर राखि राख्ने अनि यिनै कुराहरुलाई दिमागमा खेलाइ राख्ने उनको बच्चै देखिको बानी हो । आफ्नी श्रीमतीसंग पनि उनी त्यति खुल्दैनन् । मनको कुराले नै उनलाई कहिले काँही खाई दिन्छ र उनी दुःखी देखिन्छन् । आज उनको भित्र के छ कसैलाई थाहा छैन । डा. इभानको बानी ठिक उल्टो छ । उनले कुनै पनि कुरा मन भित्र राख्न सक्दैनन् । मन भित्रका कुराहरुलाई बुट्टा भरीकन रमाइलो तरिकाले व्यक्त गरेर सबैलाई हसाउने र आफुतर्फ सबैको ध्यान आकर्षित गर्ने डा. इभानको पुरानो बानी हो । उनी धेरै जसो प्रशन्न मुद्रामा देखिन्छन् । भ्लादिमिरको दुःखी अनुहार देखेर इभानले अनुमान लगाउँदै सबैका अगाडी प्वाक्क भन्छन् "आज बिहान आएको Radiation exposure को रिपोर्ट पढेर दुःखी भए जस्तै छ हाम्रो भ्लादिमिर ।" सबै केस आफैले गर्न खोज्छ अनी कहिले काहि लिड एप्रोन समेत नलगाई सि-आर्म एक्सरे अगाडी उभिए पछि Radiation exposure धेरै किन नहोस् त !" अब

देखि होस पुऱ्याउनु नत्र भने ब्लड क्यान्सर भएर चाडै नै माथि पुगिएला .........."
यति भन्दा भन्दै इभानले दायाँ हातले आफ्नो मुखलाई बन्द गर्दछन् । सबैले इभान र भ्लादिमिरको मुखमा पालै पालो मुन्टो बटार्दै हेर्न थाल्छन् । कसैको पनि मुखबाट बोली फुट्दैन । एकैछिन सन्नाटा छाउँछ । भ्लादिमिरले एक टकले इभानको मुखमा हेरि रहन्छन् । इभानले सानो स्वरले "सरी माई डियर" भन्दै माफी माग्दछन् र आफ्नो टाउको निउराउछन् । सधै कोरोनरी रक्तनलीहरु र कोरोनरी मुटुको रोगबारे चर्चा परिचर्चा भैरहने यस क्याथ ल्याब भित्र आज एक्कासी ब्लड क्यान्सर उच्चाहरण भएको छ । यूरोप र अमेरिकामा मृत्युको प्रमुख कारणको रुपमा रहेको क्यान्सर रोग विश्व भरिनै ठूलो समस्याको रुपमा रहेको छ । आज पनि जहाँ तही क्यान्सर शब्दले एक भयानक त्राश, पीडा र दुःखलाई औल्याउँदछ ।

सरी भनेर माफी मागे पनि इभानको भनाइमा केही सत्यता अवश्य छ । एक्सरे कोठा भित्र काम गर्ने जो सुकैलाई पनि एक्सरेको नकारात्मक असर शरीरमा पर्ने संभावना अत्याधिक रहन्छ । साधारण एक्सरे कोठा भित्र भन्दा क्याथ ल्याब भित्र एक्सरे विकिरणको मात्र १० गुणा बढी रहन्छ । क्याथ ल्याब भित्र काम गर्दा, गाईड तार र क्याथेटर मुटु भित्र छिराउदा कम मात्रमा एक्सरे विकिरण भएको फ्लूरोस्कोपी प्रयोग गरिन्छ भने एन्जीओग्राफी गर्दा बढी मात्रामा एक्सरे विकिरण भएको सिनेआञ्जीओस्कोपी र एन्जीओप्लासटी गर्दा अत्याधिक एक्सरे विकिरणको प्रयोग हुन्छ । यी विकिरणहरुको प्रत्येक्ष असर क्याथ टेबलमा सुतेको बिरामीमा सबै भन्दा बढी पर्दछ भने त्यसपछि डाक्टर र नर्स बढी प्रभावित हुन्छन् । बिरामी माथिको प्रभाव क्षणिक र एकपल्ट मात्र हुने भएकोले यो विकिरणको बिरामी माथि विशेष नकारात्मक असर पर्दैन । डाक्टर र नर्सहरु दैनिक क्याथ ल्याब भित्र पटक पटक एक्सरे विकिरणको प्रभावमा परि रहने हुनाले यसको नकारात्मक असर उनीहरुको शरीरमा पर्ने संभावना अत्याधिक रहन्छ । एक्सरे ट्यूवकै अगाडी उभिएर क्याथ ल्याब भित्र डाक्टरले काम गर्नु पर्ने, एक पछि आर्को गर्दै दैनिक धेरै बिरामीहरुलाई क्याथ ल्याब भित्र उपचार गर्नु पर्ने, कुनै कुनै बिरामीको एन्जीयोप्लाटी अत्यन्त कठिन हुने भएको हुनाले घण्टौसम्म लगातार एक्सरे गरिरहनु पर्ने भएको हुनाले डाक्टरको शरिर एक्सरे विकिरणले विषाक्त हुन पुग्दछ । यो अवस्था आँखाले हेरेर देखिदैन, बस अनुमान मात्र लगाउन सकिन्छ । साथै क्याथ ल्याबमा काम गर्ने प्रत्येक व्यक्तिले आफ्नो पाखुरामा एउटा सानो रातो रंगको प्लेट झुण्डाई राखेका हुन्छन जस भित्र

एक्सरेको विकिरण नाप्ने फिल्म जडान गरिएको हुन्छ । क्याथ ल्याब भित्र पसे पछि काम सकिएर घर नफर्कदा सम्म यो रातो सानो प्लेट पाखुरामा सबैले झुण्डाउने गर्दछन् । कसको शरीरमा कति मात्रामा एक्सरे विकिरण पर्‍यो भन्ने कुरा यस रातो प्लेट भित्र जडित फिल्मको जाँच गरेर पत्ता लगाइन्छ । क्याथ ल्याब भित्र काम गर्ने प्राविधिकहरु सबैले प्रत्येक महिना यस फिल्मको जाँच गराई आफु माथि परेको एक्सरे विकिरण बारे थाहा पाउछन् । साधारणतया मानव शरीरमा एक वर्षमा २० मिलीसिभर्ट भन्दा बढी एक्सरे विकिरण पर्नु खतरनाक हुन्छ । क्याथ ल्याब भित्र वर्षौंसम्म काम गरिरहनेहरुका लागी ५ वर्षमा ५० मिली सिभर्ट भन्दा कम एक्सरे विकिरण हुनुपर्दछ । एक पल्ट एक्सरे विकिरण शरीरमा परेपछि यसको केही असर शरीरमा धेरै पछि सम्म पनि रहि रहन्छ । लगातार एक्सरे विकिरण शरीरमा पर्दा प्रत्येक पल्टको विकिरण अलि अलि गरेर शरीरमा थपिइदै जान्छ र शरीरलाई विषाक्त पार्दै लान्छ । यस कारण क्याथ ल्याबमा काम गर्नेहरुलाई एउटा मन्त्र सिकाइएको हुन्छ त्यो हो ALARA (Radiation As Low As Reasonably Achievable) अर्थात जति सक्यो कम विकिरण प्रयोग गरेर काम गर्ने । वार्षिक १० मिली सिभर्ट अर्थात ५ वर्षमा ५० मिली सिभर्ट सम्म एक्सरे विकिरण परेमा शरीर मा यसको नकारात्मक असर रहदैन भन्ने वैज्ञानिकहरुको तर्क रहेको छ । यसैलाई आधार मानेर एक्सरे विकिरणसँग खेल्नु पर्छ क्याथ ल्याब भित्र । एक खतरनाक खेल, जीवन मृत्युको खेल । आफुले बिष खाएर अरुलाई जीवन दान दिन प्रयत्न गर्ने कल्याणकारी खेल ! क्याथ ल्याब भित्रको यो अनौठो जीवन । आफुले पीडा सहेर अरुको पीडा हटाउन संघर्ष गर्नु पर्ने जीवन ! यस महिनाको रिपोर्टमा भ्लादिमिरको शरीर माथीको एक्सरे विकिरण ३ मिली सिभर्ट देखिएको छ । विगतमा पनि प्रत्येक महिना उनको रिपोर्ट ३ मिली सिभर्ट भन्दा माथी नै पुगेको देखिन्छ । अरुको १ भन्दा बढी भएको देखिदैन । यसैबाट थाहा लाग्छ उनी अरु भन्दा ३ गुणा बढी काम गर्छन् र अत्यन्तै बढी मात्रामा एक्सरे विकिरणसंग खेल्दछन् । एक्सरे विकिरणको असरबाट रगत लगायत अन्य प्रकारका क्यान्सर रोगहरु लाग्न सक्ने संभावना रहन्छ । यस विकिरणले शरीरमा रहेका कोषहरु (सेल्स) भित्र अवस्थित क्रोमोजोमको प्राकृतिक बनावटमा परिवर्तन ल्याईदिन्छ अर्थात् यसको प्राकृतिक बनावटलाई भत्काई दिन्छ जसको फलस्वरुप कोषहरुमा विकृति उत्पन्न भई यिनीहरु अप्राकृतिक रुपले विभाजित हुन र संख्यात्मक रुपले अत्याधिक मात्रामा बढ्न थाल्दछन् । यस प्रकार क्यान्सर

रोगको शुरुवात हुन्छ । एक्सरे विकिरणको अर्को अति महत्वपूर्ण नकारात्मक असर प्रजनन् प्रणालीमा पर्दछ । पुरुषको वीर्य र महिलाको ओभम (अण्डा) एक्सरे विकिरणबाट अत्याधिक रुपमा प्रभावित रहन्छन् । पुरुषको वीर्यको आयु ३ महिनाको हुन्छ । प्रत्येक ३-३ महिनामा नयाँ वीर्यको जन्म हुँदै जान्छ । यस कारण ३ महिनासम्म पुरुष एक्सरे बिकिरणको प्रभावबाट टाढा रहयो भयो उसको विर्यमा एक्सरे विकिरणको असर बाँकी रहदैन । महिलाको स्थिति अर्कै प्रकृतिको हुन्छ । प्रत्येक प्रजनन्शील महिलाको शरीरमा जीवनकाल भरिका लागि करिब ४०० वटा ओभम (अण्डा) रहेका हुन्छन् । यिनीहरु ओभरी (अण्डाशय) नामक ग्रन्थी भित्र रहेका हुन्छन् । प्रजनन्शील उमेरका महिलाहरुमा प्रत्येक महिना १-१ वटा अण्डा पूणरुपले विकसित भई गर्भाधानका लागी तयार हुन्छ । एक प्रजनन्शील महिला एक्सरे विकिरणको अत्याधिक प्रभावमा परे पछि उनको सम्पूर्ण ४०० वटै ओभमहरु विकृत हुन सक्दछन् । विकृत ओभम र विकृत वीर्य अथवा यी दुई मध्ये कुनै एक मात्र विकृत रहेको अवस्थामा गर्भाधान हुन पुग्यो भने यसको फलस्वरुप जन्मजात विकृत बच्चाको जन्म हुने संभावना रहन्छ । यस कारण सन्तानको इच्छा पुगी सकेका महिलाहरु मात्र क्याथ ल्याबमा काम गर्न सुरक्षित मानिन्छन् । अन्य महिलाहरुको हकमा क्याथ ल्याबमा काम गर्दा ठूलो सावधानी अपनाउनु पर्ने हुन्छ ।

डा. होन्जा सितार यस क्याथ ल्याबका एक उत्कृष्ठ चिकित्सक हुन् तर ६ महिना यता उनी क्याथ ल्याबमा पसेका छैनन् । उनलाई सि.सि.यू. भित्र ड्यूटी मिलाइएको छ । यसको कारण यो हो कि उनी आफ्नी श्रीमतीबाट स्वस्थ्य सन्तान जन्माउन चाहन्छन् । एक्सरे विकिरणको प्रभावबाट उनी ६ महिना देखि टाढा बसेका हुन् । उनीकी श्रीमती गर्भवती हुने बित्तिकै क्याथ ल्याबमा काम गर्न फर्कने दिनको प्रतीक्षामा बसेका छन् डा. सितार ।

तर डा. भ्लादिमिरको चिन्ताको विषय अर्कै छ । एक्सरे विकिरणबारे उनले केही पनि सोचेका छैनन् । उनको मनभित्र आज उनकी नयाँ श्रीमती स्तेपान्कासंग गत राती भएका कुराहरु खेली राखेका छन् । स्तेपान्का पनि चिकित्सक हुन् तर क्लिनिकल प्राक्टीस् (बिरामीको रोगको निदान र उपचार गर्ने व्यवसायिक कार्य) तर्फ नलागी उनी एक अन्तराष्ट्रिय औषधी उत्पादक कम्पनी “फाइजर” का लागी रिसर्च यूनिटमा काम गर्छिन । यस फाइजर कम्पनीले केही समय अगाडीमात्र भियाग्रा नामक पुरुषहरुका लागी नपुंशकता विरुद्धको औषधीको आविष्कार र उत्पादन गरेर संसार

भरि नै हलचल मच्याउन र खरबौं डलर आर्जन गर्न सफल भएको थियो । भियाग्रा यौन उत्तेजनाका लागि अत्यन्तै प्रभावकारी देखियो र संसारभरि नै लोकप्रिय भयो । भियाग्राको लाकेप्रियताबाटै स्तेपान्का पनि फाइजर कम्पनी प्रति आकर्षित भएकी हुन् । उनी भियाग्रा जस्तै नयाँ नयाँ औषधीहरुको आविष्कार गर्ने कार्यमा आफूलाई समर्पित गर्ने इच्छा लिएर फाइजर कम्पनीमा लागेकी हुन् । स्तेपान्का र भ्लादिमिर चेक रिपब्लीकको राजधानी प्राग स्थित चार्ल्स यूनिभर्सिटी अन्तर्गतको मेडिकल कलेजमा संगसंगै चिकित्साशास्त्र पढेका हुन् । विद्यार्थी जीवन देखि नै स्तेपान्का भ्लादिमिर प्रति आकर्षित भएकी हुन् । भ्लादिमिरको गम्भिर अनुहार, ठूलो निदार, चिटिक्क पारेर पछाडी तर्फ कोरिएको कैलो कपाल, चौडा छाती र बलिया पाखुराहरु स्तेपान्कालाई खुबै मन पर्थ्यो । भ्लादिमिर विद्यार्थी जिवन देखि नै अत्यन्तै परिश्रमी र तीक्ष्ण बुद्धिका थिए । उनले धेरै जसो समय अध्ययन मै लगाउदथे । स्तेपान्का उनी प्रति आकर्षित भएको अनुभव उनलाई पटक्कै भएन । स्तेपान्का एक अत्यन्त सुन्दरी नारी हुन् । ठूला ठूला आँखा, सुनौलो कपाल, लाम्चो सुलुत्त परेको नाक, गुलाफी ओठहरु, पोटिला छाती र मझौला कँदको पातलो शरीर भएकी स्तेपान्कालाई देखेर जवान युवकहरु उनको वरिपरि झुम्मिन्थे । उनलाई अंगालोमा बाँधेर किस गर्ने इच्छा युवकहरुको मन भित्र पलाउँदथ्यो । तर स्तेपान्काले कसैलाई आफु माथी हात हाल्न दिएकी थिइनन् । सबै केटाहरुले थुक निलेर चित्त बुझाउनु पर्थ्यो । स्तेपान्काले भ्लादिमिरलाई प्रेम गर्थिन । २२ वर्षे जवानीले जलिरहेको स्तेपान्काको शरीर भित्र भ्लादिमिर प्रतिका प्रेमका भावनाहरु उम्लिएर आउँथे । तर जति चाहे पनि उनले विद्यार्थी जिवनमा भ्लादिमिरको मन आफु तर्फ आकर्षित गराउन सकिनन् । स्तेपान्का प्रति भ्लादिमिरको मन भित्र प्रेम पलाउन सकेन । तैपनि स्तेपान्का उनलाई औधी प्रेम गर्थिन । एक अनौठो एकतर्फी प्रेम !

समय बित्दै गयो । परिवेश बदलिदै गयो । भ्लादिमिर र स्तेपान्काले चिकित्सा शास्त्रमा एम.डी. डिग्री हासिल गरे । अध्ययनको एक चरण समाप्त भयो । दुवै जना आ-आफ्नो कार्य थलोमा फर्किए । जीवनका विभिन्न मोडहरुमा विभिन्न व्यक्तिहरुसंग चिनजान सम्पर्क बढ्यो । समय र परिस्थितिले स्तेपान्काको विवाह एक व्यापारी केटासंग हुन पुग्यो । यस्तै प्रकारले भ्लादिमिरको विवाह एक डाक्टर केटीसँग हुनु पुग्यो । समय बित्दै गयो । भ्लादिमिरले २ छोराहरुलाई जन्म दिए । यस्तै स्तेपान्काले एक छोरी जन्माइन् ।

व्यापारी पतिसंगको स्तेपान्काको वैवाहिक जीवन सुखी रहन सकेन । स्तेपान्काले आफ्नो पतिबाट माया नपाएकी होइनन् । उनका पतिले स्तेपान्काको शरिर सधैं सुन्दर र पातलो भएको हेर्न चाहन्थे । उनको सुन्दर शरीरको स्पर्श गरेर आनन्द लिने बानी थियो उनका पतिको । यस कारण स्तेपान्कालाई मेकअपका सामानहरु, आकर्षक लुगाहरु, शरीरलाई पुष्ट राख्न व्यायाम गर्ने सामानहरु आदि बराबर किनेर प्रेम पूर्वक ल्याइदिन्थे उनका पतिले । उनको व्यवहार यस्तो देखिन्थ्यो कि उनले स्तेपान्काको मनलाई भन्दा शरीरलाई बढी प्रेम गर्थे । कतिपय अवस्थामा आफ्नो इच्छा विपरीत आफ्ना पतिका अगाडी विभिन्न पोजमा उभिनु पर्थ्यो स्तेपान्कालाई । यस बाहेक पैसालाई खूब प्रेम गर्थे उनका पति । उनलाई लाग्दथ्यो यो संसारमा धन नै सबैभन्दा ठूलो कुरा हो । पैसाले नै सबै कुरा पाउन सकिन्छ । यस कारण पैसा कमाउने तर्फ नै सम्पूर्ण प्रयास केन्द्रित हुनु पर्छ भन्ने उनको मान्यता थियो । मान्छेको भावना, प्रेम, मन, मूल्य र मान्यता भन्दा ठूलो थियो पैसा र धन उनका लागि । तर स्तेपान्काको चाहना अर्कै थियो । उनी पवित्र र हृदय देखिको माया चाहन्थिन् । आफ्नो पतिबाट उनलाई यो प्राप्त हुन सकेन ।

उता भ्लादिमिरको वैवाहिक जीवन पनि त्यति सुखी रहन सकेन । उनकी श्रीमती बाल रोग विशेषज्ञ थिइन् । आफ्नो पेशाप्रति उनीको त्यति बढी आर्कषण थिएन । अस्पतालबाट काम सक्ना साथ उनी घर फर्किन्थिन । राम्रा लुगा लगाउने, मेकअप गर्ने र रेष्टुरा जाने उनको खूब चाहना रहन्थ्यो । भ्लादिमिर पनि चाडै घर फर्कोस र उनीसंग बाहिर घुम्न निस्कोस् भन्ने उनको चाहना रहन्थ्यो । सडकमा संगै हिड्दा उनलाई अंगालो मारेको र अरु मान्छेहरुको अगाडी किस गरेको देखाउन खूब मन पर्थ्यो उनलाई । यो मध्ये यूरोपीय राष्ट्रमा उनको मात्र होइन यस्तो अनौठो इच्छा धेरै जसो जवान युवतीहरुमा रहने गर्दछ । केटाले आफुलाई अंगालो मारेर म्वाई खाएको अरुलाई देखाउन पायो भने केटीहरु आफुलाई खूब ठूलो ठान्दछन् । सडकमा हिड्दा, बसमा चड्दा, ट्राम भित्र यात्रा गर्दा युवायुवती बीचको यस्तो क्रियाकलाप जताततै देख्न पाइन्छ यो ठाउँमा । सायद यूरोपीय सभ्यताको एक उत्पादन होला यो अनौठो प्रवृत्ति । अरुमा जस्तै भ्लादिमिरकी श्रीमतीमा पनि यो चाहना तीब्र रुपमा रहेको थियो । २ वटा छोराहरुको आमा भैसक्दा पनि उनी मिनी स्कर्ट र नाइटो देखिने छोटो टिसर्ट लगाएर सडकमा निस्कन्थिन् । गुलाफी लिपिस्टीकले रंगीएका उनका ओठहरुलाई भ्लादिमिरले सबैका अगाडी म्वाई खाओस् भन्ने चाहना राख्थिन् उनी ।

तर भ्लादिमिर उनका यस्ता चाहनाहरुलाई पूरा गर्न तयार हुदैनथे । भ्लादिमिरले २ वटा छोराहरु जन्माइ सक्दा पनि आफ्नी श्रीमतीबाट माया र सद्‌भावना पाउन सकेनन् । वैवाहिक जीवन सुखी नभएकोले नै होला उनी क्याथ ल्याब भित्र सधै गम्भिर अनुहार लिएर प्रस्तुत हुन्थे । सुकेको सुन्तला जस्तै निरस देखिन्थ्यो उनको अनुहार कहिले काँहीं ।

१३ मेइ २००१, चेक गणतन्त्रको कार्डियोलोजिकल सोसाइटीको ४ दिने नवौ राष्ट्रिय सम्मेलन ब्रनो शहरमा आयोजना गरिएको छ । यस राष्ट्रका १५०० मुटु रोग विशेषज्ञहरु यहाँ भेला भएका छन् । फाइजर कम्पनीले सम्मेलनका सहभागीहरुको सम्मानमा स्वागत रात्री भोजको आयोजना गरेको छ । लामो समयको अन्तराल पछि यस रात्री भोजमा स्तेपान्का र भ्लादिमिरको भेट हुन्छ । एक अर्कालाई भेटेर दुवै जना अत्यन्त खुशी हुन्छन् । रात्री भोज अबेर रातीसम्म चली रहन्छ । धेरै जसो सहभागीहरु भोज खाएर फर्किसकेका हुन्छन् । भ्लादिमिर र स्तेपान्का एक एक ग्लास रेड वाइन लिएर एउटै टेबलमा बसेर वार्तालाप गरिरहका छन् । स्तेपान्काले भ्लादिमिरसंग आँखा जुधाएर भन्न थाल्छिन-"भ्लादो, म अझैपनि तिमीलाई प्रेम गर्छु ।" यति भन्दा भन्दै उनको आवाज रोकिन्छ । बस एकटकले उनले भ्लादिमिरका आँखाहरुमा हेरि रहन्छिन् । भ्लादिमिरका आँखाहरु रसाएर आउँछन् । अनायास उनका आँखाहरुबाट आँसुका थोपाहरु झर्न थाल्छन् । नाक रसाएर आउँछ । दाँतले तल्लो ओठलाई टोक्न थाल्छन् । स्तेपान्कासंगको विद्यार्थी कालको याद आउन थाल्छ उनलाई । कति चाहन्थी स्तेपान्काले उसलाई त्यस बेला पनि । तर त्यस बेला उसको पवित्र प्रेमको चाहनालाई उनले बुझ्नै सकेनन् र महत्व दिएनन् । १० वर्षको अन्तराल पछि, अर्कै व्यक्तिसंग विवाह गरेर सन्तान प्राप्त गरिसके पछि पनि अझै भ्लादिमिर प्रतिको प्रेम ज्यूदै छ स्तेपान्काको मुटु भित्र । आजको भेटले त्यो प्रेमलाई फेरि ब्यूझाईदिएको छ । स्तेपान्काको यो प्रेम भावना देखेर भ्लादिमिर पग्लन्छन् । स्तेपान्काको हातलाई दुबै हातहरुले समातेर गालाले स्पर्श गर्दै हातमा म्वाई खान्छन् । उनी केही बोल्दैनन् । उनको आँखाहरुबाट झरेका आँसुको धाराले स्तेपान्काको हात भिजि सकेको हुन्छ । कसैको पनि बोली फुट्‌दैन । दुबै स्तब्ध छन् । भ्लादिमिरले स्तेपान्काको हात समाई नै रहन्छन् ।

यस पछि स्तेपान्का र भ्लादिमिरको भेटघाट बारम्बार भैरहन्छ । दुवैको मन भित्र एक अर्का प्रति प्रेमको भावना विकसित भएको छ । भर्खरका युवायुवतीहरुले जस्तै

एक अर्कालाई प्रेम पत्र लेख्छन् उनीहरु । उनीहरुको जीवनमा एक पल्ट फेरि बसन्त आएको छ । सधैं गम्भिर देखिने र अध्ययन मै व्यस्त रहिरहने भ्लादिमिरबाट स्तेपान्काले आशै नगरेका प्रेम भावनाले भरिपूर्ण लामा लामा प्रेम पत्रहरु प्राप्त गर्न थाल्छिन् । भ्लादिमिरले लेखेको पछिल्लो प्रेम पत्र उनले अत्यन्त जतनपूर्वक राखेकी छिन् । त्यसमा भ्लादिमिरले स्तेपान्कालाई लेखका छन् -"प्रिय, तिम्रो म प्रतिको अगाध माया र समर्पण देखेर म पग्लिएको छु । विद्यार्थी जिवनमा मैले तिम्रो मायाको उचित मूल्याङ्कन गर्न सकिन । तिम्रो मायाको कदर मैले गर्न सकिन । मलाई माफ गर । जसले सच्चा प्रेम गर्दछ त्यसको कदर अवश्य हुनु पर्छ । आज मलाई तिम्रो यो सच्चा प्रेमको आवश्यकता छ । उजाड भैसकेका मेरो जीवनमा फेरि हरियाली छाएको छ । म मृत्यु देखि नडराउने मान्छे, जीवन देखि निराश भैसकेको मान्छे, तिमी आए देखि हेर मलाई मृत्यु देखि डर लाग्न थालेको छ । मलाई तिमीसंग बाच्ने रहर पलाएको छ । आई लभ यू................आई लभ यू सो मच..... ।" भ्लादिमिरले पनि स्तेपान्काबाट यस्तै यस्तै प्रेम भावनाहरु पोखिएका प्रेम पत्रहरु प्राप्त गर्दछन् । अन्त्यमा उनीहरु विवाह गर्ने निधो गर्दछन् । यूरोपमा दोस्रो विवाह गर्न कुनै गाह्रो छैन । जति सजिलोसंग वैवाहिक सम्बन्ध जोडिन्छ, त्यतिनै सजिलोसंग सम्बन्ध टुट्छ पनि । भ्लादिमिरले आफ्नो श्रीमतीलाई पारपाचूके दिन्छन् र स्तेपान्कालाई अपनाउँछन् । उनका २ छोराहरुलाई आमाले साथमा राख्छिन् तर उनीहरु आफ्नै खुट्टामा उभिने नहुँदा सम्म उनीहरुको खर्च व्यहोर्ने जिम्मा भ्लादिमिरको टाउकोमा रहन्छ । यस्तै स्तेपान्काले पनि आफ्नो पतिलाई पारपाचुके गर्छिन र भ्लादिमिरलाई अपनाउँछिन् । उनी आफ्नी छोरीलाई साथमा लिएर भ्लादिमिरसंग आउँछिन् । स्तेपान्का र भ्लादिमिरले यस प्रकार नयाँ वैवाहिक जिवनको शुरुवात गर्दछन् ।

डा. श्यामलाई डा. भ्लादिमिरको विगत जीवनबारे थाहा छैन । उनी केहि समय अघि मात्र यस क्याथ ल्याब भित्र प्रवेश गरेका हुन् । डा. इभानले उठाएको एक्सरे विकिरणको प्रशंग सुनेपछि उनी सतर्क भएका छन् । क्याथ ल्याब भित्र एक्सरे विकिरणसंग काम गर्दा शरीरमा १० किलो जति तौलको लिड एप्रोन, घाँटीमा थाइरोइड ग्रन्थीको रक्षाका लागि नेक गार्ड, क्याथ टेबल छेउको लेग गार्ड र आफ्नो शरीर र एक्सरे ट्यूबको विचमा लिड ग्लासको सिल्ड राख्न डा. श्याम सधैं सतर्क रहन्छन् । एक्सरेको विकिरणबाट आफुलाई बचाउन यिनै माध्यमहरु अपनाउनु पर्छ साथै उपचार गर्दा तथा एञ्जीयोग्राफी गर्दा जति सक्यो कम मात्रामा एक्सरे

विकिरण प्रयोग गर्नु पर्छ भन्ने कुरा डा. ग्रोखले उनलाई पहिलो दिनमै सिकाएका हुन् । डा. भ्लादिमिरको विकिरण डोज रिपोर्ट देखेर डा. श्यामलाई पनि डर पैदा भएको छ । उनी मन मनै सोच्छन् -"यहाँ आएर कतै गल्ति त गरिन ...।"

समय बित्दै जान्छ । बिस्तारै बिस्तारै डा. श्याम क्याथ ल्याब भित्रको वातावरण र त्यहाँका पात्रहरुको जीवनसंग परिचित हुँदै जान्छन् । उनले आफुले सिक्न आएको मुटुको क्याथेटेराइजेशन विषयमा पनि ज्ञान र अनुभव हासिल गर्दै जान्छन् । ब्रनो शहरको यस क्याथ ल्याबमा जाँच र उपचारका लागि दैनिक १५-२० जना रोगीहरु आउने हुनाले उनलाई सिक्ने मौका प्रशस्त मिल्यो । उनले आफ्नो क्षमता र दक्षता प्रदर्शन गर्न सफल भए । शुरुको १ महिना उनले सहयोगी चिकित्सकको रुपमा मात्र काम गर्ने मौका पाए । काम सिकिसके पछि दोस्रो महिना देखि नै उनलाई आफैले (प्रथम अपरेटरको रुपमा) कोरोनरी एन्जीयोग्राफी र मुटुको क्याथेटेराइजेशन गर्ने अनुमति मिल्यो । साथमा काम गर्ने चिकित्सकहरुले डा. श्यामलाई छिटो छिटो काम सिक्ने मौका उपलब्ध गराए । तालिमको चौथो महिना नसकिदै डा. श्यामले प्रथम अपरेटरको रुपमा ७० ओटा एन्जीयोग्राफी र एउटा एन्जीयोप्लास्टी सफलतापूर्वक गरिसकेका थिए । यस अवधिमा करिव ५०० वटा एन्जीयोग्राफी परीक्षण र ३०० ओटा एन्जीयोप्लास्टी कार्यमा सहयोगी चिकित्सक (एसिस्टेण्ट) को रुपमा प्रथम अपरेटरलाई सहयोग गरेका थिए । दिनभर क्याथ ल्याब भित्र १० किलोको लिड एप्रोनको भारी बोकेर काम गर्नु पर्थ्यो । बेलुकी काम सक्दा उनी थकित भैसकेका हुन्थे । नेपालमा गुमाएको मिठो निद्रा र भोक उनले यहा आएर फिर्ता पाए । ६ महिनाको तालिमका लागि उनी यहाँ आएका हुन् । यस अवधिमा उनले धेरै कुरा सिक्नु छ। फर्कने बेलासम्म कम्तिमा १०० वटा एञ्जियोग्राफी र १० वटा एञ्जियोप्लास्टी आफैले गर्ने उनले लक्ष्य राखेका छन् । आजका दिनसम्म उनले गरेका क्याथेटेराइजेशनहरु मध्ये एउटामा बाहेक अन्य कुनैमा पनि कम्प्लिकेशन देखिएको छैन । सबै सफल भएका छन् । उनले ६८ औ एञ्जियोग्राफी गरेको बिरामीको फेमोरल आर्टेरी (क्याथेटर छिराएको दाहिने काँचको नशा) बाट अत्याधिक रक्तश्राव भयो । अरु बिरामीहरुको जस्तै हातले थिचेर रक्तश्राव नियन्त्रण भएन । बिरामीको आपत्कालीन शल्यक्रिया गरेर रक्तश्राव रोक्नु पर्‍यो । नशालाई सियोले घोप्दा २ वटा प्वाल पर्न गएछ । अप्रेशन गरेरै प्वाल सिलाउनु पर्‍यो । यस घटना देखि डा. श्याम त्रसित भएका छन् । उनी यस चेक गणतन्त्रको लाइसेन्स प्राप्त चिकित्सक होइनन्

यस कारण कानूनी रुपमा स्वतन्त्र काम गर्ने अर्थात प्रथम अपरेटरको रुपमा काम गर्ने अधिकार उनलाई छैन । यदि सो बिरामीले डा. श्यामको बिरुद्धमा मुद्दा दायर गरिन् भने डा. श्यामले बिरामीलाई हर्जाना तिर्नु पर्ने हुन्छ । तर सौभाग्यवशः यस्तो अवस्था आईपरेन । काम गर्दा कहिले काहिं असफल पनि भइन्छ, विकृति पनि आइपर्छन तर यसबाट पाठ सिक्नु पर्छ, हतोत्साहित हुनु हुँदैन भन्ने मान्यता राख्छन् डा. श्याम । क्याथ ल्याबका चिकित्सकहरुले पनि डा. श्यामलाई पूर्ण सुरक्षा प्रदान गर्दछन् । उनलाई स्वतन्त्रतापूर्वक काम गर्ने मौका र समर्थन प्राप्त भै नै रहन्छ । डा. श्याम क्याथ ल्याब भित्र सबैको प्रिय पात्र बन्न सफल हुन्छन् ।

# ३. खुशीयाली

आज शुक्रबार, हप्ताको अन्तिम कार्य दिन । भरे बेलुकी डा. ग्रोखले क्याथ ल्यावका सबै डाक्टरहरु र नर्सहरुलाई उनको जन्म दिन मनाउने समारोहमा निम्त्याएका छन् । हुन त उनको जन्म दिन ४ दिन अगाडी नै परेको थियो तर जन्म दिन मनाउने साहित आज बेलुका जुरेको छ किनकि भोली पर्सी छुट्टी भएको हुनाले आज रातभर रमाइलो गर्न मिल्छ । आजको समारोहमा डा. ग्रोखले डा. श्यामलाई विशेष निम्तो दिएका छन् । चेक गणतन्त्रमा मानिसहरु कसरी रमाइलो गर्छन् त्यसको अनुभव डा. श्यामले पनि गरुन् भन्ने उनको इच्छा छ ।

बेलुकी ५ बजे क्याथ ल्याबको दैनिक कार्य सकिन्छ । त्यसपछि हतार हतार सबैजना तयार हुन्छन् । यहाँबाट सोझै जन्म दिवस मनाउने ठाउँमा जाने कार्यक्रम छ । सो ठाउँ ब्रनो शहरबाट ५० किलो मिटर टाढा भएको बारे डा. श्यामलाई जानकारी गराईन्छ । डा. ओताले ठूलो ठूलो स्वरमा सबैले सुन्ने गरी भन्दैछन् - “आजको कार्यक्रम डा. श्यामको लागि विशेष महत्वको हुनेछ, उनले हाम्रो क्याथ ल्याव परिवारको सांस्कृतिक जीवन शैली र चेक जनताको रमाइलो मनाउने उच्च स्तरीय तरिकाको प्रत्यक्ष अनुभव गर्नेछन् ।” यति भन्दै उनले डा. श्यामको कुममा बायाँ हातले समाउँछन् अनि दायाँ हातको चोर औला उनको मुखै अगाडी ठड्याउदै फेरि भन्न थाल्छन् “हेर श्याम अब हामी जाने ठाउँ अचम्मको छ, डर लाग्दो छ । त्यस माथि हाम्रा नर्सहरु विशेष खतरनाक छन् ! उनीहरुले आक्रमण गर्लान् ! यसको सामना गर्न तिमी तयार हुनु ।” डा. ओताको यो कुरा सुने पछि श्याम छक्क पर्छन् । उनलाई आजको जन्म दिन मनाउने कार्यक्रमबारे बुझ्ने उत्सुकता झन् झन् बढेर आउँछ । पूर्व निर्धारित कार्यक्रम अनुसार आजको रात उतै विताउने र भोली मात्र ब्रनो फर्कने योजना बनाइएको छ । डा. श्यामले मनमनै सोच्छन्, कतै होटल वा रेष्टूँरामा खानपीन र नाच गान गर्ने अनि त्यही सुत्ने होला । राती ढिला हुने भएको हुनाले भोली मात्र फर्कने होला ।

४ वटा कारमा सबैजना अट्छन् । डा. श्याम, डा. ग्रोखले चलाएको कारमा अगाडिको सिटमा बस्छन् । पछाडि पट्टी ३ जना नर्सहरु छन् । मिरा पनि यही छिन् । उनको हातमा गितार छ । उनी आज प्रशन्न मुद्रामा देखिन्छिन् । जिनको कस्सिएको पाइन्ट, जिन कै ज्याकेट र सेतो टिर्सटमा उनी एकदमै आकर्षक देखिएकी छिन् । सबैजनाले वान, टू, थ्रि, गो .... भन्दै कारलाई अगाडि बढाउछन् । कार एउटा ठूलो सुपरमार्केट अगाडि आएर रोकिन्छ । डा. ग्रोख र ३ जना पछाडि बसेका नर्सहरु सुपरमार्केट भित्र पस्दछन् । डा. श्याम पनि उनीहरुकै पछि पछि लाग्दछन् । यहाँ किनमेल गर्ने कार्यक्रम रहेछ । डा. ग्रोख र नर्सहरुले रोजी रोजी प्रशस्त मात्रामा तयारी खाद्य पदार्थ खरिद गर्छन् - सलाद, चिज, ब्रेड, ससेज, माछा, ग्रिल चिकेन, रोष्टेड चिकेन, फलफुल, बियर आदी । किनमेल सके पछि गाडी १४० कि.मी. प्रति घण्टाको गतिमा दौडन्छ । एकै छिनमा एउटा गाउँ आईपुग्छ । चेक गणतन्त्रको मुराभिया क्षेत्रको एउटा सानो गाउँ । ब्रनो शहरका बसिन्दाहरुले यहाँ साना साना विश्राम गृहहरु बनाएका छन् । उनीहरु सप्ताहन्तमा यहाँ विश्राम गर्न आउने गर्छन् । यहाँका बासिन्दाहरुको एउटा ठूलो शौख छ । त्यो हो अंगुरको रक्सी (वाइन) उत्पादन गर्ने वाइन सेल (रक्सी उत्पादन ग्रह) निर्माण गर्ने र त्यहाँ आफ्नै प्रयासद्वारा उत्पादित अंगुरको रक्सीको सेवन गर्ने । यस प्रकारका रक्सी उत्पादन गर्ने वाइन सेलहरु चेक गणतन्त्रमा ५० हजार भन्दा बढी संख्यामा छन् र कतिपय सांस्कृतिक र परम्परागत महत्व भएका वाइन सेलहरुलाई अन्तर्राष्ट्रिय संस्था यूनेस्कोले संरक्षण र प्रोत्साहन प्रदान गरेको छ । यस्ता वाईन सेलहरुमा परम्परागत चेक शैलीमा उच्च कोटीको वाइन उत्पादन गरिन्छ । डाक्टर र नर्सहरु सहित १५ जनाको हाम्रो टोली यूनेस्कोद्वारा संरक्षित यस्तै प्रकारको एउटा वाइन सेल भित्र प्रवेश गर्दछ । जमिनको सतह भन्दा मूनी, ठूला ठूला ३ वटा कोठाहरु, चिसो, मधुरो बत्तीहरु बलेको । एउटा कोठामा अंगूर पेल्ने उपकरण राखिएको छ, अर्को कोठामा काँचो रक्सीका घ्याम्पाहरु छन् र तेस्रो सबै भन्दा ठूलो कोठामा १५-२० वटा जति ५०० लिटर क्षमताका ठूला ठूला काठमा घ्याम्पाहरु छन् जस भित्र तयारी अवस्थाका, विभिन्न प्रकारका अंगुरका रक्सीहरु राखिएका छन् । त्यस वाइन सेलको रक्सी उत्पादकले हामीहरु सबैलाई १०० मिली लिटर क्षमताको सिसाको आकर्षक गिलास हातमा थमाईदिन्छन् र ठूलो कोठाको विचभागमा गोलाकार मिलाएर एक अर्का तर्फ मुख फर्कने गरी उभिन अनुरोध गर्दछन् । त्यसपछि उनले एक अनौठो प्रकारको तल

साँगुरिएको र लामो, विचमा फुकेको अनि माथी फेरि साँगुरिएको तर छोटो एक अति आकर्षक सिसाको पाइपलाई वाइन राखिएको घ्याम्पो भित्र डुवाउदै मुखले तानेर रक्सी भिक्दछन् र सबैको गिलास रक्सीले भरि दिन्छन् । रक्सीले भरिएको गिलास समाउदै डा. ओताले पहिलो टोष्ट प्रस्ताव गर्दछन् - "डा. ग्रोखको सुस्वास्थ्यको लागी, ह्यापी बर्थ डे टू यू ।" सबैले एकैपल्टमा १०० मिली लिटरको गिलास रित्याउँदछन् । यसपछि वाइन उत्पादकले त्यही सिसाको पाइपद्वारा अर्को घ्याम्पाबाट रक्सी भिक्दछन् र सबैको गिलास भरिदिन्छन् । यस पल्ट याना सिस्टरले दोस्रो टोष्ट प्रस्ताव गर्दछिन् "डा. ग्रोखको आमाको लागि जसले ग्रोख जस्तो असल छोरालाई जन्माइन् । ह्यापी बर्थ डे टू यू । " सबैले यो दोस्रो ग्लास रक्सी पनि एकै सासमा पिएर सक्दछन् । डा. श्यामलाई थाहा छैन आज कति रक्सी पिउनु पर्ने हो । उनले सँगै उभिएका डा. ईभानलाई सानो स्वरले सोध्दछन् - "इभान, कति पल्ट टोष्ट उठ्छ र कति रक्सी पिउनु पर्ने हो भन त ।" इभानले ठूला ठूला आँखाले डा. श्याम तर्फ हेर्दै भन्दछन् "हामीले रक्सी पिउन शुरु गरेकै छैनौ । यो त कुन घ्याम्पा भित्र कस्तो रक्सी छ त्यो चाखेको मात्र हो । हामी १५ जना छौ, १५ वटा टोष्ट र १५ वटा घ्याम्पा भित्र रहेका रक्सी चाख्छौ, अनि यिनीहरु मध्ये कुन चाही मीठो लाग्छ । बहुमतद्वारा निर्णय गर्दछौं र त्यो रक्सी यहाँबाट किनेर लग्ने छौ अनि मात्र हाम्रो मुख्य कार्यक्रम शुरु हुनेछ । हाम्रो कार्यक्रममा हुने ठाउँ अर्कै हो । यहाँ त रक्सी किन्न मात्र आएको हो र अैले हामी कुन रक्सी किनेर लाने हो त्यो निर्णय गर्न रक्सी चाख्ने प्रकृयामा छौं ।" इभानका यी कुराहरु सुने पछि श्यामका आँखाहरु आश्चर्यले ठूला ठूला हुन्छन् । आज मरिने भइयो बा बा ! मन मनै उनले सोच्छन् । १ लिटर भन्दा बढी रक्सी चाख्दा चाख्दै र जन्म दिनको टोष्ट उठाउँदै पिउने भइयो । त्यस पछि अझ कति पिउनु पर्ने हो ! डा. श्यामलाई यहाँका मान्छहरुको रक्सी पिउन सक्ने क्षमता देखेर अचम्म लाग्छ । चेक गणतन्त्रको यस मुराभिया क्षेत्रमा उच्च स्तरीय अंगुरको खेती हुन्छ । यस्ता वाइन सेलहरु जुन यूनेस्कोद्वारा संरक्षित छन् यहाँ उच्च स्तरिय रक्सीको उत्पादन हुन्छ । रेड वाइन भन्दा ह्वाइट वाइन यहाँका मान्छेहरुले बढी रुचाउछन् । यी वाइनहरुमा अल्कोहलको मात्रा करिव १०% रहेको हुन्छ । महिलाहरुले समेत खुब स्वाद लिईकन यस्तो वाइन पिउने गर्दछन् । घर परिवारमा बाबु आमा छोरा छोरीहरुसँगै बसेर बेलाबखत वाइन पिउने यहाँको परम्परा नै हो । यो पम्परालाई युनेस्को जस्तो विश्वभरिका महत्वपूर्ण सांस्कृतिक सम्पदाहरुलाइ संरक्षण गर्ने

अन्तर्राष्ट्रिय संस्थाले प्रोत्साहित गरेको छ ।

सातौ टोष्ट डा. श्यामले उठाउँदै छन् । सबैजना अत्यन्त प्रसन्न मुद्रामा छन् । इभानले मिराको आकर्षक शरीर र सुन्दर अनुहारमा एकटकले हेरिराखेका छन् । डा. भ्लादिमीरको अनुहार गम्भिर देखिए पनि उनी बेला बखत खित्का छोडेर हाँस्ने गरेका छन् । डा. ग्रोखले सबैको ग्लास रक्सीले भरियो कि भरिएन अनि सबैले पुरा ग्लास पिए कि पिएनन् हेर्ने गरेका छन् । उनको चाहना छ आज सबैजना प्रशस्त पिउन, हाँसुन, गाउन् अनि रमाउन । डा. श्यामले टोष्ट प्रस्ताव गर्दै भन्न थाल्छन् - "म त्यो राष्ट्र, ती जनता र त्यो सामाजिक वातावरणका लागि पिउने प्रस्ताव राख्दछु जसले डा. ग्रोख जस्तो प्रतिभाशाली, कुशल नेतृत्वदायी, बुद्धिमान, दयालु, सहयोगी र वास्तविक अर्थमा एक अत्यन्त असल व्यक्तिको निर्माण गर्‍यो, उसलाई हुर्कायो र हाम्रो बिचमा एक आत्मीय मित्रको रुपमा उपस्थित गरायो ।" सबैले वाह वाह भन्दै एकै सासमा गिलास रित्याई दिन्छन् । एवं प्रकारले ८, ९, १० हुँदै १५ पल्ट टोष्ट उठ्दछ र १५ थरीका वाइनहरु चाखिन्छन् । अन्त्यमा डा. ग्रोखले सबैलाई धन्यवाद दिन्छन् र कुन रक्सी सबै भन्दा मिठो लाग्यो हात उठाउ भन्दछन् । १० जनाले डा. श्यामले टोष्ट उठाउँदा पिएको अर्थात नं ७ को मा हात उठाउँछन् भने ५ जनाले मिराले टोष्ट उठाउँदा खेरीको अर्थात नं. ११ को मा आफ्नो मत दिन्छन् । यस प्रकार १५ जना मध्ये १० जनाको बहुमतबाट ७ नं. को हवाइट वाइन किन्ने निर्णय हुन्छ । ३० लिटर रक्सी खरीद गरेर सबैजना डा. ग्रोखको जन्म दिन मनाउने प्रमुख थलो तर्फ लाग्दछन् । सबैलाई अलि अलि रक्सी लागि सकेको छ । सबै खुशी छन् । करीव १०० मिटर पर एउटा सानो घर हो कि गुफा हो ठम्याउन गाह्रो पर्ने ठाउँमा सबैजना रोकिन्छन् । डा. ग्रोखले एउटा ठूलो साँचोले सो घरको काठको ठूलो मूलद्वार खोल्दछन् र सबैलाई भित्र पस्न अनुरोध गर्दछन् । सम्पूर्ण माटोको, बिजुली बत्ती नभएको, चिसो, छत र भित्ताहरुमा माकुराले जालो हालेको, एक कुनामा आगो बाल्ने ठाउँ (फाएर प्लेस) बनाइएको, बिचमा एउटा ठूलो टेबुल र १५-१६ वटा काठका बनाएका कुर्सीहरु राखिएको, जमिन मुनीको कोठा । "यो पनि अंगुरको रक्सी उत्पादन गरी बर्षौंसम्म जम्मा गरि राख्ने (स्टोर गर्ने) कोठा हो । हामी यहाँ बेलाबखत सप्ताहन्त मनाउन आउने गर्दछौ" - डा. ग्रोखले यी शब्दहरु भने पछि बल्ल डा. श्यामले कुरा बुझ्दछन् । यही गुफा जस्तो कोठा भित्र रक्सी पिएर जन्म दिन मनाउने योजनाबारे उनलाई स्पष्ट हुन्छ । क्याथ ल्यावबाट निस्केपछि बाटोको सुपरमार्केटमा

किनेको खाद्य पदार्थहरु नर्सहरुले छिटो छिटो टेबुलमा सजाउँदछन् । इभानले आगो बालेर कोठालाई तताउँदछन् । मैन बत्तीको उज्यालोले कोठाको वातावरण रोमाञ्चक बनाइ दिएको छ । सबैजना टेबुलको वरीपरि बस्दछन् । मिरा सिस्टरले गितार झिक्दछिन र गीत गाउन थाल्दछिन् । सबैजना वाइन पिउँदै, खाना खाँदै हाँस्छन्, गाउँछन् । मिराले गाएका गीतहरु, लोक गीतहरु, राजनैतिक र राष्ट्रबादी गीतहरु । सबै जनाले मिराको स्वरमा स्वर मिलाउदछन् । सबै जना रक्सी लागेर झम्म र लट्ठ भैसकेका छन् तर कोही पनि मात्तिएका भने छैनन् । सबै हाँस्छन् मुस्काउछन्, आँखा जुधाउँछन् अनि आनन्दको अनुभव गर्छन् । रातको १ बजे सम्म मिराले बजाएको गितारको धूनमा झुम्दै सबैले गीत गाउछन्, खान्छन्, पिउँछन् । गिलास कति पल्ट भरिन्छ र कति पल्ट रित्तिन्छ कसैलाई पनि पत्तो हुँदैन । डा. इभान र डा. ओतालाई सूब नाच्न मन लागि रहेको छ । उनीहरु दुवै जनाको इच्छा छ मिरालाई अंगालो मारेर नाच्ने । तर मिराले गितार समाएर गीत गाई रहेको हुनाले उनीहरुलाई यो मौका मिलेको छैन । यसै बीच डा. तेइछ उठेर अव मेरो पालो भन्दै मिरासँगबाट गितार लिन्छन् र अंग्रेजी पप गीतहरु गाउन थाल्छन् । उनले पनि मिराले जस्तै अत्यन्तै मिठो संगीतमा गितार बजाउँदा रहेछन् । उनले प्रख्यात बेलायती संगीत टोली ‘विटल्स’ ले गाएका गीतहरु खूब मज्जासँग गितार झन्काएर गाउँदछन् । बातावरण झन् रमाइलो भएर आउँछ । इभानले डा. ओतालाई उछिन्दै मिरा तर्फ लम्किन्छन् र उनलाई समाएर नाच्न थाल्छन् । इभानको न्यानो अंगालोमा बाँधिन पाउँदा मिरा पनि खूब रमाउछिन् । इभानले मिरालाई छातीमा टाँसेर उनको कोमल गुलाफी ओठहरुमा म्वाई राख्छन् । मिराले पनि इभानलाई जोडसँग समाई रहन्छिन् । नाच्ने र गाउने क्रम चलीरहन्छ । सबै जनाले पालै पालो जोडी मिलाएर एक अर्कालाई अंगालो मार्ने, म्वाई खाने र नाच्ने गर्दछन् । सबै प्रसन्न छन्, लट्ठ छन् तर कोही पनि मात्तिएका छैनन् । कसैले पनि कसैमाथि जबरजस्ती गरेका छैनन् तर सबैले सबैलाई पालै पालो अंगालो मार्न र म्वाई खान भ्याएका छन् । एवं प्रकार विहानको ३ बज्छ । डा. ग्रोखले सबैलाई अब सुत्ने ठाउँ तर्फ जाउँ भनि बोलाउँदछन् । “सुत्नु अगाडी एक महत्वपूर्ण विषयमा डा. ओताले लेक्चर दिने छन् । यो लेक्चर सुन्न कसैले पनि नछुटाउनु नत्र पछि पछुताउनु पर्ला है” यति भन्दै डा. ग्रोखले सबैलाई नजिकैको गेष्ट हाउसमा लग्दछन् । यहाँ सबैका लागि सुत्ने व्यवस्था मिलाईएको छ साथै यहाँ एउटा सानो लेक्चर हल पनि छ । रक्सी पिएर सबै लट्ठ

भैसकेको, नाच्दा नाच्दा थाकिसकेको, साथै निद्रा लागेर आँखा बन्द हुन थालि सकेको अवस्थामा डा. ओताले के विषयमा लेक्चर दिने होलान् ! सबैलाई जिज्ञाशा जागेर आउँछ" लेक्चर भोली पर्सी सुने पनि होला आज ढिला भैसक्यो सुत्न जाउँ भनि मिर ाले प्रस्ताव राख्दछिन् । "यो लेक्चरको महत्व आज यस्तो बेलामा मात्र रहन्छ अरु बेला रहँदैन । डा. ओता केही महिना अगाडी अमेरिकाको एक क्याथ ल्यावमा गएका थिए । उनले त्यहाँबाट केही स्लाईडहरु पनि ल्याएका छन् । हामीले ती स्लाईडहरु पनि हेरौं र उनले के भन्छन् सुनौं" डा. ग्रोखको अनुरोध सबैले इच्छा नभई नभई स्वीकार्दछन् ।

सबैजना लेक्चर कोठामा जम्मा भएका छन् । डा. ओताले पहिलो स्लाईड देखाउछन् र भन्न थाल्छन "आजको लेक्चरको विषय हो क्याथ फेमिली सेक्स ।" अर्थात उनले पूर्ण यौन स्वतन्त्रता भएको एक विकसित र शिक्षित समाजमा श्रीमान र श्रीमती बीच भन्दा बाहिरको सम्बन्धमा विशेष गरी क्याथ ल्याव परिवार भित्र हुन सक्ने स्वस्थ्य यौन सम्पर्कको बारेमा बोल्न चाहिरहेका छन् । विषय साच्चै नै समय र परिस्थिति अनुकूल छ तर बोल्ने र सुन्ने सबै झुम्म परिसकेका छन् । डा. ओताले आफुले के के बोले त्यो उनलाई सम्भना छैन अनि लेक्चर कोठामा बसेर सुन्ने अन्य डाक्टर र नर्सहरुले के के सुने त्यो पनि उनीहरुलाई केही सम्भना छैन । यो बुझ्नको लागि सुनाइएको लेक्चर पनि होइन । बस् यो एक रमाइलो सम्भनाका लागि मात्र आयोजना गरिएको हो । डा. ओताले बोलेर सक्दा सम्म सबैजना टेबुलमा टाउको विसाएर त्यही मस्तसंग निदाई सकेका हुन्छन् । डा. ग्रोखको जन्म दिनको विशेष कार्यक्रमको अन्त त्यही लेक्चर कोठा भित्र हुन्छ जहाँ हृदयघातको पीडाले छटपटाएर मृत्युको मुखमा पुगेको व्यक्तिलाई जिवनदान दिने महत्वपूर्ण व्यक्तिहरुको समूह रक्सीले लट्ठीएर निदाई रहेको हुन्छ ।

# ४. संघर्ष

आज सोमबार हप्ताको पहिलो कार्य दिन । विहान सबेरै देखि क्याथ ल्याव भित्र हलचल छ । बाहिर आगन्तुक कक्षमा पनि मानिसहरुको भिडभाड छ । आजको क्याथटेराइजेशन प्रोग्राम लिष्टमा १२ जना विरामीहरुको नाम लेखिएको छ जस मध्ये ५ जना इलेक्टीभ (योजनाबद्ध) एञ्जिओप्लास्टीका लागि राखिएका छन् । यस बाहेक आज सबेरै २ जना हार्ट अट्याक भएका विरामीहरु प्राइमरी (आकस्मिक) एञ्जिओप्लास्टीका लागि ल्याइएका छन् । एकजना ६४ बर्षिय होसेभ जिरफ हुन् जसको छाती दुख्न थालेको ३ घण्टा भयो । इ.जि.सी. मा मुटुको पछाडिको भागमा अट्याक भएको देखिएको छ । आकस्मिक सेवाका चिकित्सकहरुले एम्बुलेन्सबाट बिरामीलाई अस्पतालमा ल्याउदा ल्याउदै १० हजार युनिट हेपारिनको सुई लगाइदिई सकेका छन् । यस्तै हार्ट अट्याक भएर ल्याइएको अर्को बिरामी हुन् ४५ बर्षीय आन्तोन । उनलाई छाती दुख्न शुरु भएको ५ घण्टा भैसकेको छ र इ.जि.जी. ले मुटुको अगाडीको भागको अट्याक भनी देखाएको छ । आन्तोन भन्दा होसेभ जिरफा ५ मिनेट अगाडि क्याथ ल्याव भित्र ल्याईएका हुन् । आन्तोनको स्थिति बढी चिन्ताजनक देखिएको, मुटुको अगाडिको भागमा असर परेको साथै छाती दुख्न शुरु भएको ५ घण्टा भैसकेको हुनाले डा. ग्रोखले आन्तोन कै एञ्जियोप्लास्टी पहिले गर्नु पर्ने निर्णय गर्छन् । प्राइमरि एञ्जियोप्लास्टीका लागि आन्तोनलाई क्याथ टेबलमा सुताइन्छ ।

भर्खरै मात्र हार्ट अट्याक शुरु भई छातीको पीडा भएका बिरामीहरुको उपचार गर्ने आजसम्म पत्ता लागेको सबै भन्दा प्रभावकारी चिकित्साविधि हो प्राइमरी एञ्जिओप्लास्टी । हार्ट अट्याक भई छाती दुख्न शुरु भएको ६ घण्टा भित्र एञ्जिओप्लास्टी द्वारा उपचार गर्न सक्यो भने उपचारको नतिजा राम्रो देखिन्छ । हर्ट अट्याक हुँदा मुटुको कुनै कोरोनरी नशामा रगतको थेग्रा जम्न गई उक्त नशा बन्द हुन पुग्दछ र मुटुको कुनै भागको मांसपेशी क्रमिक रुपले मर्दै जान्छ । नशा बन्द भएको १२ घण्टा सम्ममा मुटुको मांसपेशी पूर्ण रुपले मर्दछ जसका कारण मुटु कमजोर भई विभिन्न

विकृतिहरु उत्पन्न हुन्छन् । मुटुको ठूलो भाग प्रभावित हुन पुग्यो भने तत्काल रोगीको मृत्यु हुन सक्दछ । नशा बन्द भएको समय र छातीमा पीडा उत्पन्न हुने समय एकै हुन्छ । यसकारण छातीमा पीडा उत्पन्न भएको समयलाई नै हार्ट अट्याकको शुरुवातको समय मानिन्छ । छाती दुख्न शुरु भए पछिको १ घण्टाको समयलाई सुनौला समय (गोल्डन आवर) भन्ने गरिएको छ किनकि यस समयमा एन्जिओप्लास्टी अथाव थ्रोम्बोलाईसिस (औषधिद्वारा कोरोनरी नशामा जमेको रगतको थेग्रा पगाल्ने चिकित्सा विधि) द्वारा उपचार गरिएमा मुटुलाई क्षतिग्रस्त हुनबाट पूर्ण रुपले जोगाउन सकिन्छ । १२ घण्टा नाघीसके पछि गरिएको यी दुवै उपचार विधिको विशेष महत्व रहदैन ।

प्राइमरी एन्जिओप्लास्टी उपचार पद्धति चिकित्सा विज्ञानको एक ठूलो उपलब्धि हो । कोरोनरी नशामा रगतको थेग्रा जम्न गई मुटुको मांसपेशी क्रमिक रुपले मर्दै गईरहेको र मानव जिवन खतरामा परेको अवस्थामा तार, क्याथेटर र क्याथेटरमा जडिएको सानो बेलुनको मद्दतले क्याथ ल्याव भित्र रगतको जमेको थेग्रालाई पन्छाएर मुटुमा पूनः रक्तसंचार कायम गराउने उपचार पद्धति हो प्राइमरी एन्जिओप्लास्टी । यो उपचार जुनसुकै क्याथ ल्याव भित्र संभव छैन । यसका लागि सक्षम चिकित्सकहरुको टोली तथा २४ सै घण्टा क्याथ ल्याव सेवा उपलब्ध हुनु जरुरी हुन्छ । बिरामी अस्पतालमा आई पुगेको १ घण्टा भित्र उसको एन्जिओप्लास्टी शुरु गर्न सक्ने क्षमता र सुविधा भएको क्याथ ल्याबको आवश्यकता पर्दछ यसका लागि । डा. ग्रोखको टोली कार्यरत यस ब्रनो शहरको क्याथ ल्याव यस कार्यका लागि सक्षम छ र बर्षौ देखि हार्ट अट्याक भएका विरामीहरुलाई यो उपचार सुविधा उपलब्ध गराउँदै आएको छ । थ्रोम्बोलाईसिस उपचार विधि केवल ८०% विरामीहरुमा सफल भएको पाइन्छ भने प्राइमरी एन्जिओप्लास्टी १००% बिरामीहरुमा बन्द भएको नशा खोल्न सफल रहन्छ । थ्रोम्बोलाइसिस असफल भएको अवस्थामा यदि छाती दुखेको १२ घण्टा नाघी सकेको छैन भने एन्जिओप्लास्टी द्वारा उपचार संभव छ । यसलाई रेस्क्यु (उद्धार) एन्जिओप्लास्टी भन्ने गर्दछन् चिकित्सकहरुले । यस प्रकारको रेस्क्यू एन्जिओप्लास्टीका लागि पनि हार्ट अट्याक भएका प्रशस्त बिरामीहरु आउँछन् यस क्याथ ल्याबमा । मर्न लागेकाहरुलाई जीवन दान दिने पवित्र मन्दिर हो यो क्याथ ल्याव । मासिक १ करोड रुपैया बजेट छुट्याएको यस क्याथ ल्याबको आन्दानी मासिक २ करोड रुपैयाँ भन्दा बढी छ । यहाँका सबै नागरिकहरुको स्वास्थ्य विमा गरिने भएको हुनाले रोगीको

उपचार खर्च विमा संस्थानहरुले बेहोर्दछन् । एउटा रोगीको प्राइमरी एञ्जिओप्लास्टी गर्न १.५ लाख रुपैया खर्च लाग्दछ । थ्रोम्बोलाईसिस गर्न ६००० रुपैया मात्र भए पुग्दछ। नेपालमा काठमाडौं जस्तो शहरका अस्पतालहरुमा जहा तही थ्राम्बोलाईसिस सेवा समेत उपलब्ध गराउन सकिएको छैन भने प्राइमरी एञ्जिओप्लास्टी धेरै टाडाको कुरा हो । तर डा. श्यामलाई दृढ विश्वास छ, एक दिन नेपालमा पनि प्राइमरि एञ्जिओप्लास्टी गर्न उनी सक्षम र सफल हुने छन् ।

आन्तोनलाई क्याथ टेबलमा सुताई सकिएको छ। डा. ग्रोख र उनका सहयोगीको रुपमा डा. श्याम एञ्जिओग्राफी शुरु गर्न तयार छन् । ४५ बर्षिय आन्तोन छातीमा पीडा भएर छटपटाई रहेका छन् । उच्च रक्तचाप, उच्च रक्त कोलेस्ट्रोल र अत्याधिक धुम्रपानका कारण उनलाई हृदयघात भएको हो । सानै उमेरमा हृदयघात भयो उनलाई । सारै हेलचेक्राई गरे उनले आफ्नो स्वास्थ्य प्रति । उनको इ.सि.जी. मा मुटुको अगाडीको ठूलो भाग हृदयघातबाट प्रभावित भएको देखिएको छ । बायाँ तर्फको मुख्य ठूलो नशा (Left Anterior Decending Artery - LAD) बन्द भएको हुनु पर्दछ पक्कै पनि। डा. ग्रोखले यहि विचार गरि दायाँ नशाको पहिले एञ्जिओग्राफी गर्ने र त्यसपछि बाँया नशाको एकै पल्ट एञ्जिओग्राफी र एञ्जिओप्लास्टी गरि दिने विचार गर्दछन्। ७ फ्रेन्च नापको सिथ र क्याथेटरहरु, उनले प्रयोग गरेका छन्। उनको अनुमान ठिक निस्कन्छ। दायाँ मुटुको नशा ठिक छ, बायाँ तर्फको ठूलो नशा माथिल्लो भाग देखिनै बन्द भएको छ। डा. ग्रोखले होसियारी पूर्वक बन्द भएको नशा भित्र गाइड तार छिराउदछन् र तारको माथिबाट ३.५ मि.मि. x २० मि. मि. को बेलुन क्याथेटेर रगत जमेको ठाउँ सम्म पुऱ्यादछन् । डा. श्यामले कन्ट्रास्ट औषधीको सुई नशा भित्र दिदै डा. ग्रोखलाई ठिक ठाउँमा बेलुन क्याथेटर पुऱ्याउन सहयोग गर्दछन्। बेलुन ठिक ठाउँमा पुगे पछि डा. ग्रोखले बेलुन फुक भन्दछन्। डा. श्यामले उपकरणको मद्दतले बेलुनलाई फुक्दछन्। यसप्रकार बेलुनले रगतको थेग्रालाई भित्ता तर्फ थिचेर बन्द भएको नशाको बाटो खोलिदिन्छ। बेलुनलाई १ मिनेट सम्म फुकेकै अवथामा राख्ने आदेश दिन्छन् डा. ग्रोखले । यत्तिकैमा विरामीको रक्तचाप अत्यधिक मात्रामा घट्दछ । इ.सि.जी. मनिटरमा मुटुको धड्कनको गडबडी देखिन्छ। हेर्दा हेर्दै मुटुको धड्कन अत्यन्तै खराब भई Ventricular Fibrillation भएको देखिन्छ । विरामी वेहोस हुन्छ । डा. ग्रोखले तुरुन्त बेलुन र क्याथेटरलाई नशाबाट बाहिर तान्दछन् र ठूलो स्वरले Ventricular fibrillation, DC

shock, quick भनि आदेश दिन्छन् । क्याथ ल्याव भित्रका नर्सहरुले विरामीको छातीमा मेसिनको मद्दतले ३६० जुल्सको करेण्ट प्रवाहित गर्दछन् । करेण्टको झड्का पर्दा विरामीको शरिर क्याथ टेबलबाट केही माथी सम्म उफ्रिन्छ र फेरि तल थचारिन्छ । पहिलो करेण्टको झड्काले मुटुको धड्कन ठिक अवस्थामा फर्कदैन । विरामीलाई अर्को विद्युतीय झड्का पनि दिइन्छ । आन्तोनको शरीर फेरि झड्कासँगै माथि उफ्रेर तल थचारिन्छ । यस पल्ट भने करेण्टको प्रभाव सकारात्मक देखियो । विरामीको मुटुको धड्कन ठिक ठाउँमा आयो । विरामीको विस्तारै होस् फर्किएर आयो । Ventricular fibrillation एक प्रकारको मृत्युको अवस्था हो मुटुको चाल बन्द भए सरहको अवस्था हो । ५ मिनेट सम्म यो अवस्था रहिरहेमा मानव जीवन सदाका लागि समाप्त हुन्छ । मानिसको दिमागको मृत्यु हुन्छ । यस पछि कुनै पनि उपायद्वारा मानव शरीरलाई ब्यूझाउन सकिदैन । आन्तोन मृत्युको अन्धकारमय संसारमा पुगिसकेका थिए । उनको शरीर र दिमागले मृत्युको अनुभव गर्‍यो । कस्तो होला त्यो अनुभव ? जीवन समाप्तिको अनुभव ! डा. श्यामको दिमागमा अनायास यस्तो प्रश्न उब्जन्छ । तर उनले धेरै सोच्न पाउदैनन् । विरामीको अवस्था चिन्ताजनक छ । भर्खरै होस आएको छ । एञ्जिओप्लास्टी गरेर सकिएको छैन । खतराहरु अझै प्रशस्तै छन् । विरामी ऐया ऐया भन्दै  छटपटाउन थाल्छ । नर्सले डाक्टरको आदेश अनुसार मोर्फिनको शुई लगाई दिन्छिन । डा. ग्रोखले बायाँ कोरोनरी नशाको एञ्जियोग्राफी गरेर हेर्छन् । उनी आत्तिन्छन् । उनको निदारबाट पसिना छुट्न थाल्छन् । बेलुनले फुकेपछि बन्द भएको नशा केही मात्रामा खुलेको छ तर संगैको अर्को ठूलो नशा (Circumflex Artery) बन्द हुन पुगको छ । बेलुनले रगतको थेग्रालाई चलाउदा थेग्रा उताबाट यता सरेर नशा बन्द भएको हुनु पर्छ । यदि यो नशालाई खोल्न सकिएन भने मुटुलाई ठूलो क्षति पुग्ने छ । विरामीलाई बचाउन कठिन हुनेछ । डा. ग्रोखले अब दुई नशामा गाइड तार छिराउँदछन् र क्रमैसँग दुइटै नशाको एञ्जिओप्लास्टी गरी नशा भित्र कोरोनरी स्टेण्ट राखिदिन्छन् । अब दुवै नशा खुल्दछन् । विरामीको छातीको पीडा क्रमिक रुपले कम भएर जान्छ । रक्तचाप र मुटुको धड्कनमा सुधार आउँछ । डा. ग्रोख र डा. श्यामले सन्तोषको लामो सास फेर्दछन् ।

जीवन र मृत्युको खेल भैरहन्छ क्याथ ल्याव भित्र । मृत्युको मुखमा पुगिसकेकाहरु धेरैले जीवनदान पाउँछन् यहाँ । मृत्युको अन्धकारमय अनन्ततामा प्रवेश गरि सकेका

कतिपयलाई त्यहाँबाट तानेर जीवनमय उज्यालो संसारमा ल्याई पुनर्जीवन दिइन्छ यहाँ । क्याथ ल्याव भित्र कार्यरत चिकित्सकहरुका लागि सामान्य र नियमित कार्य हो यो । आन्तोन जस्ता धेरै जना आउछन् जान्छन् यहाँ । यहाँबाट पुनर्जीवन पाएर जानेहरुले सायदै उनीहरुलाई नयाँ जीवन प्रदान गर्ने चिकित्सकहरुले आफ्नो ज्यानलाई कत्तिको खतरामा पुऱ्याएका छन् भन्ने कुराको अनुमान लगाउन सक्दछन् । क्याथ ल्याव भित्रको एक्सरे विकिरणले त्यहा कार्यरत चिकित्सकहरुको शरीर विषाक्त हुँदै गैरहेको तथ्य तिनै चिकित्सकहरु बाहेक अन्य कसैले पनि सोच्दैनन् । विरामीको ज्यान खतरामा परेको बेलामा, एञ्जिओप्लास्टी गर्न कठिन भैरहेको बेलामा लामो समयसम्म एक्सरे विकिकरण प्रयोग भैरहेको र यसले उसको शरीरलाई असर पारिरहेको तथ्य चिकित्सकले समेत क्याथ ल्याव भित्र कार्यरत रहँदा कहिले पनि सोच्दैनन् । क्याथ टेबलमा मरणासन्न अवस्थामा सुतिरहेको विरामीको ज्यान बचाउन चिकित्सकको पहिलो कर्तव्य रहन्छ । आफ्नो कर्तब्यमा सफल भएको खण्डमा नै उसलाई सन्तुष्टि मिल्दछ । यसकारण आफ्नो ज्यान खतरामा पुगेको कुरा उसलाई पत्तो नै हुँदैन । आन्तोनलाई बचाउनु १.५ घण्टा क्याथ ल्याब भित्र एक्सरे विकरिणसँग खेल्नु पऱ्यो । उसको ज्यान बच्यो । यसैमा ग्रोख र श्यामलाई सन्तुष्टि मिलेको छ ।

आन्तोन पछि होसेभ जिरफको एञ्जियोप्लास्टी सम्पन्न  हुन्छ । १/२ घण्टामा विना कुनै कठिनलाई उनको दायाँ कोरोनरी नशामा प्राइमरी एञ्जियोप्लास्टी गरेर सकिन्छ । उनले मृत्युको अनुभव गर्न पाउँदैनन् । आखिर भाग्यमा जे लेखेको छ त्यही हुन्छ । विधाताले कोरेको भाग्यको रेखालाई चिकित्सकहरुले पूरा गर्न मात्र सक्दछन्, तोडमोड गर्न सक्दैनन् ।

डा. श्यामका लागि आजको दिन धेरै नै महत्वपूर्ण छ । आज उनलाई पहिलो पल्ट आफैले मुटुको बायोप्सी गर्ने मौका उपलब्ध गराइएको छ । यहाँ काम गर्न थालेदेखि २०-२५ जना विरामीहरुको मुटुको बायोप्सी गर्ने कार्यमा एसिस्टेण्टको रुपमा उनी बसिसकेका छन् तर आफैले विना सहयोगी बायोप्सी गर्नु छ आज । मुटुको वायोप्सी भनेको मुटुको कुनै भागबाट मासुको सानो टुक्रा परिक्षणको लागि काटेर निकाल्ने कार्य हो । क्याथेटरको मद्दतले क्याथ ल्याव भित्र यो कार्य सजिलै गर्न सकिन्छ । मुटुबाट मासुको टुक्रा झिक्ने कार्य प्राविधिक रुपले सजिलो भए पनि यो खतराले भरिपूर्ण छ । मुटुमा प्वाल पर्ने देखि लिएर मुटुको धड्कन खराव भई विरामीको मृत्यु हुन सक्ने सम्मका खतराहरु मुटुको बायोप्सी गर्दा उत्पन्न हुन सक्छन् । डा. श्यामले

महत्वपूर्ण परीक्षाको रुपमा लिएका छन् आजको यस कार्यलाई । बायोप्सी शुरु गर्नु अगाडी डा. ओताले विरामीको बारेमा डा. श्यामलाई छोटकरीमा जानकारी गराउदछन् । "४८ वर्षको पुरुष । १० वर्ष अगाडी यसै अस्पतालमा अप्रेशनद्वारा नयाँ मुटु जडान गरिएको । Dilated Cardiomyopathy रोगद्वारा पीडित भई ३८ बर्षको उमेर मै जिवन समाप्त हुन थालिसकेको अवस्थामा नयाँ मुटु जडान गर्ने अप्रेशन (Heart Transplantation) द्वारा पुर्नजीवन पाएका हुन यिनले । प्रत्येक वर्ष वायोप्सी गर्ने गरिएको छ । यो मैले हेरिरहेको केस हो । राम्रोसँग बायोप्सी गर्नु । केही माथी तल पऱ्यो भने मलाई दोष आउँछ त्यस कारण मेरो ईज्जत बचाईदिनु ।" डा. ओताले विरामीको बारेमा यति भन्दा भन्दै डा. श्यामको मुटुले ढ्याङ्ग्रो ठोक्न थालिसकेको हुन्छ । नयाँ मुटु जडान गरिएको भन्ने सुन्ने वित्तिक्कै उनका कानहरु ठाडो हुन्छन् । Heart Transplantation को बारेमा उनले सुनेका मात्र थिए । दक्षिण अफ्रिकी डा. क्रिश्चीयन बर्नार्डले पहिलो पल्ट मानव शरिरमा मुटुको प्रत्यारोपण सफलता पूर्वक गरेका थिए । सो बिरामी केही दिन मात्र जीबित रहन सकेको थियो । डा. बर्नार्डले मुटुको प्रत्यारोपण गरेको दोस्रो बिरामी केही बर्षसम्म जिवित रह्यो । चिकित्सा विज्ञानको विकास हुँदै गए पछि नयाँ मुटु पाउने रोगीहरुको अप्रेशन पछिको आयु झन् झन् लामो हुँदै गयो । आज १० वर्ष आगाडी मुटुको प्रत्यारोपण भई नयाँ मुटुको धड्कनका साथ नयाँ जिवन विताई रहेको व्यक्ति डा. श्यामको आँखा अगाडी छन् र उनले सो मुटु भित्र क्याथेटर छिराएर साना साना मासुका टुक्राहरु झिक्नु पर्ने छ । ब्रनो शहरको यस अस्पतालमा प्रत्येक महिना जसो एउटा मुटुको प्रत्यारोपण शल्यक्रिया गरिन्छ । मुटुको प्रत्यारोपण आवश्यक भएका धेरै विरामीहरु लाइनमा छन् यस अस्पतालमा । मृत्युको मुखमा बसेर बाच्ने आशा गरिरहेका छन् उनीहरु । यस्ता बिरामीहरुलाई जीवनदान दिन नयाँ मानव मुटु चाहिन्छ । यस्तो नयाँ स्वस्थ्य मानव मुटु भर्खरै मात्र दुर्घटनामा परेर मृत्यु भएको मानव शरिरबाट मात्र प्राप्त गर्न सकिन्छ । यस कारण मुटुको प्रत्यारोपणका लागि कुरी रहेका बिरामीहरुले कुनै अर्को व्यक्तिको दुर्घटनाबाट हुने मृत्युलाई पर्खिरहेका हुन्छन् । उनीहरु बाँच्नका लागी अरुहरु मरिदिनु पर्ने हुन्छ । कस्तो अचम्म र सम्वेदनशील परिस्थिति । एउटाको जीवनको अन्त अनि त्यसबाट अर्को जीवनको शुरुवात । यस शहरमा मुटुको प्रत्यारोपण पछि नयाँ जीवन पाएका २५० भन्दा बढी व्यक्तिहरु छन् । यहाँको मुटु प्रत्यारोपण शल्यक्रिया प्रविधि अत्यन्त

उच्चस्तरीय छ । यस कारण शल्यक्रिया पछि १० वर्ष बढीसम्म बाचिरहेका व्यक्तिहरु धेरै नै संख्यामा छन् यहाँ । एउटै व्यक्तिमा २ पल्ट सम्म मुटुको प्रत्यारोपण गरिएका २ जना व्यक्तिहरु छन् यहाँ । उनीहरुमा दोस्रो प्रत्यारोपण सफल भयो, पहिलोमा भने समस्याहरु देखिए । डा. श्यामले एउटै व्यक्तिमा २ पल्ट मुटुको प्रत्यारोपण भएको पहिले कहिल्यै देखेका र सुनेका थिएनन् । संसारको कुनै अस्पतालमा मुटुको प्रत्यारोपण शल्यक्रिया हुँदा ठूलो समाचार हुने गर्दछ । नेपालमा हुँदा बेला बखत यस्ता समाचार रेडियो, टेलिभिजन र पत्र पत्रिकाहरुमा सुन्न र पढ्न पाएथे श्यामले । तर दशौं वर्ष देखि सैयौंको संख्यामा मुटुको सफल प्रत्यारोपण शल्यक्रिया सम्पन्न भैसक्दा पनि यस सेन्ट अन्ना युनिभर्सिटी अस्पतालको समाचार कहिल्यै पनि सुन्नमा आएन । अचम्म लाग्छ डा. श्यामलाई बिना प्रचारको कुशल कार्यको प्रदर्शन भएको देख्दा । प्रचार भन्दा काम प्रिय संस्कार भएका व्यक्तिहरु माझमा काम गर्ने मौका पाउँदा डा. श्याम अत्यन्तै गौरवान्वित हुन्छन् ।

अब यस प्रत्यारोपित मुटुको वायोप्सी गर्नु छ श्यामले । विरामीलाई क्याथ टेवलमा सुताई दाहिने तिघ्राको माथिल्लो भागलाई आयोडिनले सफा गरेर फेमोरल भेन भएको ठाउँमा लठ्याउने शुई लगाई दिन्छन् । अब त्यसै ठाउँबाट डा. श्यामले फेमोरल भेन लाई १८ गजको सियोले छेड्दछन् र सियोबाट रगत बाहिर बग्नासाथ गाइड तार त्यस भित्र पठाउदछन् । त्यस पछि सियोलाई बाहिर तान्दछन् र तारको माथि माथि ७ फ्रेन्च नापको भास्कूलर सिथ नशामा छिराउँदछन् । अब यसै सिथ भित्रबाट मुटुको दायाँ क्षेपक कोष्ठ (Right ventricle) मा पुग्ने गरी राइट् हार्ट क्याथेटर भित्र छिराउँदछन् । यस क्याथेटरलाई एक्सरे विकिरणको मद्दतले दायाँ क्षेपक कोष्ठको टुप्पोसम्म पुऱ्याउँदछन् । त्यसपछि क्याथेटर भित्र वायोप्टोम (मासुको टुक्रा झिक्ने तार) छिराएर यसको टुप्पालाई मुटुको भित्री भित्तामा जोडिने गरी विस्तारै घचेट्दछन् । बायोप्टोमको टुप्पाले मुटुको भित्तालाई छुने वित्तिक्कै मुटुको धड्कनमा गडबडी उत्पन्न हुन्छ । डा. श्याम झस्किन्छन् । उनको कार्यलाई सतर्कता पूर्वक हेरिहेका डा. ओताले डा. श्यामलाई क्याथेटर र बायोप्टोम अलिकता बाहिर तान्न र बायोप्टोमलाई धेरै समय मुटुको भित्तामा नजोडिराख्न सल्लाह दिन्छन् । उनको सल्लाह अनुसार कार्य गरेपछि मुटुको धड्कन ठिक हुन्छ । डा. श्यामले बुझ्दछन् कि मुटुको भित्तालाई क्याथेटरले छुँदा धड्कनमा गडबडी उत्पन्न हुनु स्वभाविकै रहेछ त्यसकारण बायोप्टोमले ढिला नगरिकन भित्ताबाट मासुको टुक्रा तानिहाल्नु पर्दो

रहेछ । आफैले काम गरे पछि मात्र उनलाई यस कुराको बास्तविक अनुभव भयो । अब उनले सजिलैसँग ४ वटा साना साना मासुका टुक्राहरु मुटुबाट परिक्षणका लागि झिके । आफ्नो काममा सफल भएकोमा उनलाई ठूलो सन्तुष्टि मिल्यो । क्याथ ल्याब भित्रको यो अत्यन्तै मामुली कार्य भएता पनि डा. श्यामका लागि आज ठूलो बाघ मारे सरह लाग्यो । ठूलो सन्तोषको सास फेरे उनले । डा. ओता, डा. ग्रोख र डा. भ्लादिमिरले उनको पहिलो सफल मुटुको वायोप्सीका लागि बधाई दिए ।

क्याथ ल्याब आज एकदम व्यस्त छ । बिहान ८ बजे देखि काम शुरु गरेको बेलुकी ५ बजिसक्दा पनि काम सकिएको छैन । अझ एउटा केश बाँकी छ । सायद ६ बजे मात्र काम सकिन्छ होला । १० घण्टासम्म लगातार एक्सरे विकिरणको सम्पर्कमा रहेर कठिन कामहरु गर्नुपर्दा कति थकित हुन्छन् होला यहाँका चिकित्सक र अन्य प्राविधिकहरु ! यति घण्टा दैनिक काम गर्ने भन्ने नियम यहाँ लागु हुँदैन । काम भए सम्म विरामीहरु आएसम्म यस क्याथ ल्याव भित्र जीवन चलिनै रहन्छ । आज डा. इभान क्याथ ल्याव भित्र छैनन् । उनको पालो आज एञ्जिओप्लास्टी ओ. पि. डी. मा परेको छ । यसकारण उनी एकै छिन मात्र क्याथ ल्यावमा देखा परे । डा. इभान क्याथ ल्याव भित्र हुँदा त्यत्तिकै रमाइलो अनुभव गर्दछन् सबैले । उनीसँग काम गर्दा थकाईको अनुभव नै हुँदैन कसैलाई पनि । आज उनको अनुपस्थितिले पनि होला सबै जना थकित देखिन्छन् । डा. इभान भएको भए हल्ला गर्थे, गीत गाउथे, शुशेली हाल्थे, मिरालाई अंकमाल गरेर म्वाई खान्थे अनि सबैले ताली बजाएर बातावरणलाई रमाइलो बनाई दिन्थे । अनी बन्द भएको कोरोनरी नशालाई एञ्जिओप्लास्टी गरेर खोले पछि पुनः रक्तसंचार भए जस्तै इभान र मिराको अर्थपूर्ण म्वाई खाई पछि क्याथ ल्याव भित्र थाकेको जिवन फेरि जुर्मुराएर उठ्दथ्यो ।

चेक गणतन्त्र विकासको गतिमा अगाडी बढि रहेछ । विगतको समाजबादी व्यवस्थाले स्थापना गरेका असल संस्कारहरु र बर्तमान बहुदलीय प्रजातन्त्रको स्थापनाले ल्याएका गुणात्मक परिवर्तनहरुको समिश्रण लिएर अगाडी बढी रहको छ यहाँको समाज । यहाँका परिवर्तनहरु र विकासका प्रयासहरु अत्यन्त सकारात्मक लाग्दछ डा. श्यामलाई । यही समाजमा हुर्किएर आएका हुन् डा. ग्रोख, ओता, भ्लादिमिर र इभान । डा. ग्रोखकी श्रीमती रसीयन हुन् । सोभियत रुस र चेकोस्लाभाकिया बिच भाइचारा साम्यबादी सम्बन्ध कायम रहेको समयमा डा. ग्रोखले रसीयन श्रीमती भित्राएका हुन् । उनी पनि चिकित्सक हुन् । डा. ग्रोखकी श्रीमती डा. इल्गाले

भन्दछिन "ग्रोखसँग हाम्रो विवाह MBA का कारण भयो - यानी Married Because of Accident. एक ठाउँमा दुबैजनाको भेट भयो, आँखाहरु जुधे अनि छुट्टिन गाह्रो पर्ने आनन्दमयी दुर्घटना भयो । हामीले त्यसपछि विवाह गऱ्यौं ।" डा. भ्लादिमिरकी आमा पनि रसियन हुन् । उनको पनि भ्लादिमिरको बुबासँग कतै दुर्घटना यानी MBA भएको हुनु पर्दछ । रुस र चेकोस्लाभाकिया बीच गहिरो भाइचारा सम्बन्ध थियो कुनै समयमा । तर आज परिस्थिति अर्कै भएको छ । साम्यबाद र रुसलाई घृणा गरिन्छ यहाँ । राजधानी प्रागको केन्द्रमा साम्यवादको शिकार भएकाहरुको सम्झनामा स्मारक बनाइएको छ जहाँ पर्यटकहरुलाई आज चेक गणतन्त्रले समाजबादी व्यवस्थाको त्याग गरी नयाँ बाटोमा हिड्न थालेको छ भन्ने प्रमाण प्रदर्शन गरिन्छ । साम्यबादी व्यवस्थाको केन्द्र मानिएको सोभियत संघमा नै यो व्यवस्था ढली सकेपछि यसका प्रभाव क्षेत्रहरुमा विभिन्न परिवर्तनहरु आए । विश्वको इतिहासले अर्कै बाटो लियो । युगान्तकारी घटनाक्रमहरु घट्टै गए । रुसमा भएका परिवर्तनहरु नजिकबाट हेर्ने ठूलो इच्छा थियो डा. श्यामलाई । क्याथ ल्याव १ हप्ता मर्मत कार्यका लागि बन्द भएको मौकामा उनी मास्को पुगे ।

# ५. परिवर्तन

यस पल्ट डा. श्यामले १५ वर्षको अवधि पछि रुसको राजधानी मास्कोमा पाइला टेकेका हुन् । १० वर्ष सम्म तत्कालीन सोभियत संघमा अध्ययन गरेर सन् १९८७ मा स्वदेश फर्केका थिएँ उनी । फर्कने समय सन् १९८६-८७ ताका रुसमा तत्कालीन सोभियत कम्यूनिष्ट पार्टीका महासचिव मिखाइल सेर्गेइभिच गोर्वाच्छोभको "पिरिस्त्रोइका र ग्लास्तनोस्च" को नारा अत्यन्तै लोकप्रिय भएको थियो । एक दलीय सोभियत कम्यूनिष्ट पार्टीको शासनबाट दिक्क भएका रुसी जनता महासचिव गोर्वाच्छोभले शुरुवात गरेको राजनैतिक र आर्थिक सुधारका प्रयासहरु प्रति अत्यन्तै आशावादी थिए । साम्यवादी विचारधाराको पर्खाल भित्र बन्दी बनाइएका सोभियत जनताले त्यो विशाल र मजबूत पर्खाल यति सजिलै भत्केला भन्ने कुरा सपनामा पनि चिताएका थिएनन । तर गोर्वाच्छोभको "पिरिस्त्राइका र ग्लास्तनोस्च" बाट शुरु भएको सुधार अभियानलाई रुसी नेता येल्त्सीनले अर्कै मोडमा विकसित गरी सोभियत संघमा समाजबादी प्रणालीको अन्त्य मात्र गरेनन्, उनले समाजबादी प्रणालीले ७० वर्षमा स्थापित गरेको सभ्यता, संस्कार, भावना तथा अनेक सकारात्मक उपलब्धिहरुलाई एकै वर्षमा लथालिङ्ग र चकनाचूर पारिदिए । रुसमा एकदलीय समाजबादी शासनको अन्त्य भयो । सोभियत संघको विघटन भयो । वार्सा सन्धीबाट एउटै सुरक्षा छाता मुनी रहेका चेकोस्लाभाकिया, हंगेरी, रुमानीया, पूर्वी जर्मनी, पोल्याण्ड, बल्गेरिया आदि पूर्वी र मध्य यूरोपीय राष्ट्रहरु सबै आ-आफ्नो बाटो लागे । रुसमा समाजबादी शासनको पतन र पूँजीबादी प्रजातन्त्रको उत्थानले ल्याएका परिवर्तनहरु हेर्ने ठूलो रहर थियो डा. श्यामलाई । मास्को पुगे पछि उनले देखे मास्को चिन्नै नसकिने गरि दुब्लाएको रहेछ, बुझ्नै नसकिने र विश्वासै गर्न नसकिने गरि बदालिएको रहेछ ।

डा. श्यामले १५ वर्ष अगाडी छाडेको मास्को विशाल र सुन्दर थियो । त्यहाँका जनता अनुशासित, सभ्य, सम्पन्न र सुखी थिए । रुसी जनताले विदेशीहरु विशेष गरि पिछडिएका र गरिव राष्ट्रका जनतालाई खूब प्रेम र आदर गर्थे । एक अर्कालाई सहयोग गर्ने, सानाले ठूलालाई आदर गर्ने, बाँडीचूँडी खाने, आफ्नो देश र जनताको

सुरक्षाका लागि ज्यान दिन तयार हुने, अन्तर्राष्ट्रिय भाइचाराबादको संरक्षण गर्ने संस्कार थियो । बालक, बृद्ध, महिला, अपाङ्ग र अशक्तहरुलाई सबैले सहयोग र संरक्षण दिन्थे । यो विश्वलाई बदल्नुपर्छ, सबै समान हुनु पर्छ, मान्छेले मान्छे माथि गर्ने शोषणको अन्त्य हुनु पर्छ भन्ने विश्वासकासाथ हुर्किएका थिए रुसी जनता । आफ्नो क्षमता अनुसार काम गर्ने तर आफ्नो आवश्यकता अनुसार मात्र समाजबाट लिने नव मानव र नव समाजको विकास गर्ने कार्यमा कम्मर कसेर जुटेका थिए उनीहरु । त्यस बेला रुसी जनता प्रति सरकार जिम्मेवार थियो । बस्ने घर सबैको थियो । शिक्षा र स्वास्थ्योपचार सबैका लागि निःशुल्क थियो । रोजगार सबैले पाउथे । सबै चिज सस्तो थियो । पेन्सनले खान लाउन प्रशस्त पुग्थ्यो । बलियो सामाजिक सुरक्षा र शान्ति थियो । कडा अनुशासन थियो । भाषा र संस्कृतिका धनी रुसी जनता सुखी देखिन्थे । अमेरिकासँग टक्कर लिन सक्ने एक महाशक्ति राष्ट्रको रुपमा थियो रुस । विश्व भरिका दुःखी र पिछडिएका राष्ट्र र जनताका लागि आड र भरोसाको केन्द्रको रुपमा थियो त्यो रुस ।

त्यस बेलाको रुसमा केही नकारात्मक पक्षहरु पनि अवश्य थिए । एकदलीय शासन थियो । एउटै साम्यबादी सिद्धान्तको घेरा भित्र राखिएको थियो सोभियत जनतालाई । कम्यूनिष्ट पार्टी र समाजवादी व्यवस्थाको विरुद्ध आवाज उठाउने स्वतन्त्रता थिएन । रुसी गुप्तचर संस्था के. जि. वि. अत्यन्त बलियो थियो । कम्यूनिष्ठ पार्टीले ल्याएको कार्यक्रम र विचार विरुद्ध बोल्ने र लेख्ने व्यक्तिहरु दण्डित हुन्थे । रुसी टेलिभिजन र पत्र पत्रिकाहरुमा पुँजिबादी व्यवस्थाका नकारात्मक पक्षहरुको प्रदर्शन गरेर रुसी जनताको दिमागमा पूँजीवाद र पश्चिमा राष्ट्रहरु प्रति घृणाको भावना पैदा गराउने प्रयाश गरिन्थ्यो । पूँजीबादी व्यवस्था र स्वतन्त्र बजार अर्थतन्त्रले शोषण जन्माउछ र मूट्ठीभर व्यक्तिहरुको मात्र भलो गर्दछ भन्ने कुराको विश्वास जनतामा दिलाउन सोभियत कम्यूनिष्ट पार्टीले जस्तो सुकै कदम चाल्न पनि पछि हट्दैनथ्यो । विरोध गरे वापत कैयौ लेखक, बैज्ञानिक र बुद्धिजीवीहरु बन्दी भएर बस्नु परेको थियो । समाजबादी अर्थतन्त्रका कारण प्रतिस्पर्धाको अन्त्य भएको थियो । विना प्रतिस्पर्धा उत्पादित समानहरु गुणस्तर विहीन हुन्थे । प्रत्येक उत्पादन योजना पूरा गर्नका लागी मात्र हुन्थ्यो । सबैले तोकिएको समय भन्दा केहि समय अगाडि योजना पुरा गरेर यसको प्रचार गर्ने संस्कार बसेको थियो । गुणस्तर विहीन सामानहरु प्रयोग गर्ने बानी सबैमा बसि सकेको थियो । विदेशी (पूँजीबादी राष्ट्रका) सामानहरु

आयात हुँदैनथ्यो । विदेशीहरुले ल्याउने गरेको जिन पाइन्ट, जापानी क्यासेट प्लेयर, छालाको ज्याकेट आदि अत्यन्तै चर्को मूल्यमा कालो बजारमा बिक्री हुन्थ्यो । कालो बजारमा सामान बेच्नेहरु धनी हुन्थे । समाजबादी अर्थतन्त्र पार्टीको रिपोर्ट अनुसार अत्यन्तै बलियो हुँदै गैरहेको थियो । तर बास्तविक तथ्य पत्ता लगाउन कसैले सक्दैनथे । रिपोर्टमा चित्त नबुझे पनि विश्वास गर्ने आदत सबैमा बसि सकेको थियो । अचम्म र बेग्लै प्रकारको थियो त्यस बेलाको रुस । नेपालबाट रुसमा पुग्दा एक अनौठो र बेग्लै प्रकारको संसारमा पुगेको अनुभव हुन्थ्यो त्यस बेला ।

यस पल्ट मास्को पुग्दा डा. श्यामलाई लाग्यो रुस अर्कै भएछ । उनले १५ वर्ष अगाडी छाडेको रुस नपत्याउने गरी बदलिए छ । डा. श्यामले अनुभव गरे आज रुसमा समाजबादले निर्माण गरेका असल संस्कारहरु भत्किए छन् तर नयाँ व्यवस्थाले ल्याउनु पर्ने असल संस्कारको स्थापना भैसकेको रहेनछ । त्यहाँ केवल पूँजिवादी व्यवस्थाका दर्गुण र कूसंस्कारको विकास भएछ । पूरानो मिठास सकिएछ तर नयाँ स्वाद भरिन पाएको रहेनछ । यस प्रकारको बीचको अप्ठेरो अवस्थामा गुज्रिरहेछ आजको रुस । यसैकारण होला यो कुरुप हुन पुगेछ । नराम्री आइमाईले नक्कल पारे जस्तै कस्तो कस्तो नसुहाउने र हेर्न मन नलाग्ने भएछ त्यो रुस ।

पहिलेको तुलनामा रुसमा गरिवी १० गुणाले बृद्धि भएछ, बेरोजगारहरु बढेछन् । सरकारी जागिरेको तलबले खान नपुग्ने भएछ । यस कारण बाच्नका लागि अतिरिक्त रोजगार गर्नु पर्ने वाध्यता आइपरेछ सबैलाई । काम गर्न नसक्नेहरु बाच्ने अधिकार बाट पनि बञ्चित भएछन् । पेन्सनले खान नपुग्ने भएछ । काम पनि गर्न नसक्ने, पेन्सन ले पनि खान नपुग्ने भएर नै होला मास्कोका सडकहरुमा, मेट्रो स्टेशनको प्रशेवद्वार अगाडि, रेष्टुराँ र पार्कहरुको ढोका बाहिर यत्रतत्र बुढा बुढीहरु र अपाङ्गहरु टिठ लाग्दो अनुहार लिएर माग्न बस्ने भएछन् । डा. श्यामलाई अचम्म लाग्छ मात्र १५ वर्ष अगाडि सबै भन्दा बढी संरक्षण र आदर पाउने गरेका यी बृद्ध र अपाङ्गहरु आज सडकमा माग्ने बनाइएर फ्याकिए छन् । बाँच्नका लागि अरुको अगाडि रुञ्चे स्वर लिएर हात थाप्नु पर्ने बाध्यता आई परेछ यिनीहरुलाई । रुसी जनता विगतमा कहिल्यै पनि कसैको नोकर भएर बसेको थिएन । तर आज भोको पेट र छोरा छोरीको सुरक्षाका लागि जस्तो सुकै काम गर्न पनि बाध्य भएछ रुसी जनता । विदेशीको अफिसमा चिया पकाउने, कोठा सफा गर्ने, पाले बस्ने देखि लिएर धनीहरुको घरमा लुगा धोइदिने, खाना पकाई दिने, बच्चा हेरिदिने जस्ता कामहरु गर्न थालेछन्

रुसी जनता । धनी र गरिव वर्गको विकास भएछ त्यहाँ । आफु मालिक भएर बसेको ठाउँमा आज नोकर बन्नु पर्ने दयनीय परिस्थितिको विकास भएछ त्यहाँ । पहिलेको रुसलाई नदेखेको, नचिनेको भए कुनै अचम्म लाग्दैनथ्यो होला श्यामलाई । सबै स्वभाविकै जस्तो लाग्थ्यो होला ! तर डा. श्यामले पहिलेको रुसको विशालतालाई देखेका छन्, रुसी जनताको शान र शोखलाई प्रत्यक्ष रुपमा भोगेका छन् । यस कारण उनको जिउनै सिरिङ्ग भएर आउँछ र अचम्म लाग्छ उनलाई एक रुसी बुढा बाले उनको झोला बोकी दिन, घरको ढोका खोली दिन अनी उनी बस्ने कोठा सफा गरि दिन आएको देख्दा ।

मास्कोमा महंगीले धूरी नाघेछ । संसारको सबैभन्दा महंगा शहरहरु मध्येको एकमा गनिने भएछ मास्को । १५ वर्ष अगाडी १ डलर तिरेर खाने गरेको खानाको मूल्य आज २० डलर पुगेछ । खाना खान पहिले लाइनमा कुर्नु पर्थ्यो, टेबुल कुर्ची त्यति राम्रा थिएनन् । तर आज लाइनमा धेरै कुर्नू पर्दैन, टेबुल कुर्ची नयाँ र चम्किला छन् । मास्को भरि विदेशी सामानहरुले भारिएका पसलहरु, सुपर मार्केटहरु, होटल रेष्टुराहरु, नाइट क्लवहरु र क्यासिनोहरुको विकास खुवै भएछ । १.५ करोड जनसंख्या भएको मास्कोमा रातारात अरबपती बन्नेहरु पनि थुप्रै भएछन् । समाजबादी अर्थतन्त्रबाट पूँजीबादी अर्थतन्त्रमा प्रवेश गर्दाको संक्रमणकालीन समयको लाभ विशेषगरी त्यस बेलाका कम्यूनिष्ट पार्टीका नेताहरु र उच्च पदस्थ कर्मचारीहरुले उठाउन सफल भएछन् । उनीहरु नै आज रुसमा धनी वर्गको रुपमा स्थापित भएछन् । धनी र गरीवको बीचको दूरी अत्यन्तै फराकिलो भएछ । धनीहरु झन् झन् धनी बन्दै जाने अनि गरीवहरु झन् झन् गरिव बन्दै जाने लेनिनले व्याख्या गरेको पूँजीवादी प्रवृतिको विकास लेनिन कै देशमा हुन थालेछ आज ! विगत १० वर्षमा रुसी जनताको सरदर आयु पुरुषको ७० बाट ६० वर्षमा र महिलाको ७५ बाट ६५ बर्षमा झर्न पुगेछ गरिवीका कारण ।

शान्ति सुरक्षाको कडा व्यवस्था भएको त्यो रुसमा आज सबैले आफुलाई असुरक्षित अनुभव गर्दछन् । अपराधिक गतिविधिमा बृद्धि भएछ । हत्या, लुट र आतंक बढेछ । माफिया र नव फासिष्ठहरु खूलेयाम सडकमा हिड्ने भएछन् । शान्ति सुरक्षामा खटिएका पुलिसहरु माथि जनताको विश्वास हटेछ । उनीहरु पैसामा बिक्ने भए छन् । पैसाका लागि मूल्य, मान्यता र नैतिकता समेत बेच्न पछाडि नपर्ने व्यक्तिहरुको समूह निकै ठूलो भएछ आजको रुसमा । त्यो विशाल देशका नैतिकवान

र इमान्दर जनता यति चाडै यसरी बदलिएलान् भनी डा. श्यामले सपनामा समेत सोचेका थिएनन् । डाक्टरले बिरामीलाई ठगेको, प्रहरीले यात्रुलाई ठगेको, पसलेले ग्राहकलाई ठगेको, बाटो हिड्दै गरेको विदेशीलाई रुसी यूवाहरुले ठगेको प्रत्यक्ष रुपमा देख्ने र भोग्ने मौका मिल्यो डा. श्यामलाई। अनुशासन विहीन छाडा प्रजातन्त्रको स्थापना हुन पुगेछ विगत १५ वर्षको अवधिमा रुसमा ।

कम्युनिष्टहरु तथा समाजबादीहरुका लागि लेनिन २० औं शाताब्दीका महान र सर्वमान्य व्यक्ति हुन्। रुसमा लेनिनको नाम, व्यक्तित्व र विचारलाई आदर्शको रुपमा लिने गरिन्थ्यो । लेनिनले भने अनुसार गर्ने, उनले देखाएको बाटोमा हिड्ने र उनकै लागि मर्ने भन्ने संस्कारमा बाल्यकाल देखिनै हुर्किएका थिए रुसी जनता । आज त्यही रुसमा लेनिन अपहेलित भएछन्। लेनिनको मरिसकेको शरीर फेरि ब्यूभि्एर आउला कि भन्ने डर रहेछ रुसमा। रेड स्क्वायरमा रहेको उनको मृत शरीरलाई सदाका लागि नष्ठ गर्ने "शुभ" साहितको प्रतीक्षामा रहेको अनुभव हुन्छ डा. श्यामलाई आजको रुसमा । आजका रुसी बालकहरुलाई लेनिनको नाम समेत थाहा रहेनछ । अर्को १५ वर्ष पछि लेनिन सायद रुसी इतिहासको पानामा मात्र सीमित रहने छन् । मार्क्स, एङ्गेल्स र लेनिनलाई पूँजीवादी विश्लेषकहरुले जनता र समाजलाई पिंजडा भित्र बन्दी बनाएर समाज विकासको स्वभाविक क्रमलाई रोक्न खोज्ने खलनायकहरुको रुपमा प्रस्तुत गरे झै आगामी १५-२० वर्ष पछि रुसका बाल बालिकाहरुले पाठ्यपुस्तकमा मार्क्स, एङ्गेल्स र लेनिनलाई १९-२० सौ शताब्दीका खलनायकहरुको रुपमा पढ्न थाले भने कुनै पनि आश्चर्य हुने छैन । त्यस बेलाका रुसका भातृ राष्ट्रहरु चेकोस्लाभाकिया, हंगेरी, पोल्याण्ड, रुमानीया आदिले आजै देखि भन्न थालिसके - "रुसी हस्तक्षेपले गर्दा हाम्रो देश विकासको गतिमा पछाडि पऱ्यो। दोस्रो विश्व युद्धमा रुसी सेनाले स्वतन्त्र बनाउनुको सट्टा फासिष्ठ जर्मनीले नै कब्जा गरि राखेको भए बरु बेस हुन्थ्यो ।" "समाजबादी व्यवस्थाको अवधि एउटा नराम्रो कालरात्री थियो ।" यस्ता अभिव्यक्तिहरु दिन्छन रुसका सबैभन्दा नजिक मानिएका, दाजु भाइ जस्तै भएर बसेका राष्ट्रका जनताहरुले आज । डा. श्यामलाई अत्यन्तै अचम्म लागेर आउछ इतिहासले कोल्टे फेरेको देख्दा, कल्पनै गर्न नसकिने घटनाक्रमहरु, सोच्नै नसकिने परिवर्तनहरु यहाँ भैराखेको देख्दा ।

रुसमा सकारात्मक परिवर्तनहरु पनि नभएका होइन् । डा. श्यामले देख्छन् - बाच्नका लागि कमाउनु पर्ने र कमाउनका लागि काम गर्नु पर्ने भएको हुनाले रुसी

जनता पहिलेको भन्दा धेरै नै जाँगरिला र फूर्तिला भएका रहेछन् । व्यापारिक गतिविधि बढेछ । विदेशी र गुणस्तर युक्त सामानहरुको आयात भएछ । प्रतिश्पर्धाको बातावरण सृजना भए छ जसले भविष्यमा गुणस्तरीय उत्पादनको विकास गर्ने छ । रुसी जनता नयाँ संस्कृति र नया संस्कारको निर्माणमा जुटेका छन् । बहुदलीय प्रजातन्त्रको उपभोग सबैले गर्न पाएका छन् । बोल्ने र लेख्ने स्वतन्त्रता सबैलाई प्राप्त छ ।

डा. श्याम पनि स्वतन्त्रता, बहुदलीय प्रजातन्त्र र स्वतन्त्र बजार अर्थतन्त्र कै पक्षपाती हुन् । उनको विचारमा आजको युग एक दलीय शासन र एउटै विचारधारा भित्र जनतालाई जबरजस्ती बन्दी बनाउने युग होइन । तर रुसमा आएको परिवर्तन उनलाई नराम्रो लाग्यो । समाजवादी प्रणालीमा धेरै नै असल गुणहरु पनि थिए । रुसमा ७० वर्षसम्म समाजबादी प्रणालीले स्थापना गरेका असल संस्कारहरु यति सजिलै र यति चाँडै लथालिङ्ग भएको डा. श्यामलाई मन परेन । कस्तो कमजोर जगमा अडेको रहेछ त्यो समाजबादी संस्कार ! अनुशासनहीन पूँजीवाद र यसले जन्माएको संस्कारमा हुर्किनु पर्ने अवस्था आएछ आज रुसमा ।

सन् १९७८ देखि १९८७ सम्म रुसमा डाक्टरी पढ्दा त्यो विशाल देश र त्यहाँका महान जनता प्रति डा. श्यामको मन भित्र अगाध माया, आदर र सद्भाव पलाएको थियो । दोस्रो मातृभूमीको रुपमा लिएका छन् उनले रुसलाई । तर समयको कठोर हुरीसँगै अचम्मसंग बदलिएको रुस र टिठ लाग्दा भएका त्यहाँका जनतालाई देखेर डा. श्याम झस्किए । उनले रुसमा समाजबादले जन्माएको सभ्यताको मृत्यु भएको देखे । नोकर भएर विदेशीको घरमा भाडा माझ्न बसेका रुसीहरु र बाँच्नका लागि सडकमा हात पसार्दै माग्न बसेका रुसी बुढाहरुलाई देख्दा डा. श्यामलाई भक्कानो छोडेर रुन मन लाग्यो । तर उनी जति रोए पनि बदलिएको रुसको यथार्थ मेटिदैन । त्यो तीतो यथार्थ, नयाँ बाटोमा हिड्न खोज्दा खाल्टोमा खसेर घाइते भएको रुसी समाजको यथार्थ । तैपनि श्यामलाई लाग्छ खोच्याउदै खोच्याउँदै हिड्नु परे पनि आशावादी र प्रयत्नरतः देखिन्छन् रुसी जनता - नयाँ र सुखी भविष्यको निर्माण गर्न ।

रुसबाट चेक गणतन्त्र फर्किए पछि डा. श्यामको मनमा अनेक कुराहरु खेल्न थाल्दछन् । के अब विश्वबाटै समाजबादी व्यवस्थाको अन्त्य भएको हो त ? आखिर

साम्यबादी सिद्धान्त समाज र जनताका लागि कुनै नराम्रो र फाईदा विहीन सिद्धान्त त होइन नी ! सबै मानिस समान हुने, गरिव र धनी नहुने, सबै सम्पन्न र शिक्षित हुने, एकले अर्कामाथी गर्ने शोषणको अन्त्य हुने, शिक्षा र स्वास्थ्योपचार सबैका लागि निशुल्क उपलब्ध हुने आदि ईत्यादि कुराहरु स्वर्गीय आनन्दका सोचहरु हुन् । समाजबादको उच्च तहमा पुगेर साम्यवादी समाजमा पाइला टेक्न टेक्न लागेको अवस्थामा पुगेको रुसमा यो व्यवस्था ढल्यो भने अब फेरि कहाँ यो व्यवस्था सफल होला ? यदि यो समाजवादी विकासको बाटो सही हुँदो हो त किन यो असफल भयो ? नेपालमा माओवादीहरुले शसस्त्र आन्दोलन गरिरहेका छन् । गणतन्त्र र समाजबादको स्थापनाका लागि मरिरहेका छन् । रुसमा १९१७ मा लेनिनको नेतृत्वमा समाजबादी क्रान्ति सफल भएझैं नेपालमा पनि समाजबादी क्रान्ति सफल नहोला भन्न सकिदैन । आखिर रुस जस्तो ठाउँमा समाजबाद ढल्न सक्छ भने नेपालमा गणतन्त्र र समाजबादको स्थापना किन हुन सक्दैन ? कुनै पनि कुरा असंभव छैन अब यो संसारमा । यहाँ जस्तो सुकै आश्चर्य पनि हुन सक्छ । मानौ नेपालमा समाजबादको स्थापना भैहाल्यो भने पनि आखिरमा गएर केही वर्ष पछि उही रुसको हालत होला ! रुसको अनुभवले धेरै कुराहरु बताइ रहेको छ ।

# ६. जिवन र मृत्यु

अगस्तको महिना, मध्ये यूरोपमा गर्मी अत्याधिक छ । वर्षमा जम्मा ४ महिना मात्र राम्रो मौसम हुन्छ यहाँ - मेई, जुन, जुलाई र अगस्त । अन्य ८ महिना जाडो हुन्छ । नोभेम्बर देखि फेब्रुअरी सम्म हिउ परेर अत्याधिक जाडो हुन्छ । यहाँका मानिसहरु गर्मी मौसम बढी मन पराउछन् । गर्मीमा अरुलाई देखाउने गरी आकर्षक पातला लुगाहरु लगाउन पाईन्छ, फलफुलहरु खान पाइन्छ, नदी, तलाउ तथा समुद्रको किनारमा पौडी खेल्न तथा शरीरलाई घाममा सेकेर गोरो छालालाई रातो-कालो बनाउन सकिन्छ । यसरी शरीरलाई घाममा सेकेर आनन्द लिन मन पराउँछन् यूरोपीयहरु । यिनीहरु आफ्नो गोरो छाला भएको शरीरलाई घाममा सेक्न यति शौखिन छन् कि अण्डरवेयर र ब्रा लगाएर घाममा सेकिदा सो पहिरनले छोपिएको भाग सेतोको सेतै रहने तर अरु भाग भने रातो कालो भई शरीर टाटेपाटे हुने भएको हुनाले पूर्णतया नाङ्गै भएर पौडी खेल्ने र घाममा सेकिने सार्वजनिक ठाउँहरु बनाएका छन् यिनीहरुले । यस्ता ठाउँहरु मध्ये प्राग शहर स्थित २ वटा तलाउहरु प्रख्यात छन् चेक गणतन्त्रमा । डा. तेइछ आफ्नी नव विवाहिता श्रीमतीसंग यसै तलाउमा पुगेका थिए घाममा सेकिन । २ हप्ताको छुट्टी सकेर आज उनी काममा फर्किएका छन् । उनको डढेको शरीर देखेर क्याथ ल्याबका सबैले उनलाई बधाई दिएका छन् । उनी प्रसन्न देखिन्छन् । सबैलाई नाङ्गै पौडी खेल्ने तलाउको बर्णन गरेर क्याथ ल्याब भित्र रमाइलो र हाँसो ल्याइ दिएका छन् । पूर्णतया नाङ्गाहरु बाहेक अरुका लागि प्रवेश निषेध भएको सो तलाउमा पुरुषहरु भन्दा स्त्रीहरु बढी संख्यामा देखेको, जवानहरु भन्दा बृद्धहरु बढी आकर्षित देखिएको, तातो बालुवामा नाङ्गै सुत्दा स्वर्गीय आनन्द प्राप्त भएको कुरा उनी बताउछन् साथै एक पल्ट सबैलाई त्यहाँ पुगी यस स्वर्गीय आनन्दको अनुभव गर्ने सल्लाह दिन्छन् । डा. इभानले मिरा तर्फ हेर्दछन् र उनलाई आँखा झिम्काउदै भन्दछन् -"अर्को अगस्तमा मिरालाई लिएर म पनि जान्छु त्यहाँ । अरु को को जाने हात उठाउ ?" याना, मिरा, मिलादा लगायत त्यहाँ उपस्थित सबै नर्सहरुले हात उठाउँछन् । र मुस्काउन थाल्दछन् । यो सब हेरिरहेका डा. ओताले

आफ्नो दुवै हात उठाउँदै भन्न थाल्दछन् - "म पनि जान्छु, डा. श्याम लाई पनि लाने । क्याथ ल्याबमा ताल्चै मारेर सबै जना त्यही जाउ अनी एञ्जिओप्लास्टी गर्नु पर्ने सबै बिरामीहरुलाई पनि त्यही बोलाउँ कसो साथीहरु ?" यो सुने पछि सबै जना खित्का छोडेर हाँस्न थाल्छन् । बातावरण रमाइलो हुन्छ । कुराले अर्कै मोड लिएको हुनाले डा. श्यामले आफ्नो रुस भ्रमणको तीतो मीठो अनुभव सुनाउने मौकै पाउदैनन् । उनी पनि सबैको हाँसोमा हाँसो मिलाउदछन् । यत्तिकैमा क्याथ ल्याव प्रवेश द्वारको घण्टी ठूलो स्वरले बज्दछ । ढोका खुल्ने बित्तिक्कै कोरोनरी केयर एम्बुलेन्सका चिकित्सक र नर्सले एक बिरामीलाई स्ट्रेचरमा सुताएर क्याथ ल्याब भित्र दौडाउँदछन् । साथमा डा. भ्लादिमिरकी श्रीमती स्तेपान्का पनि रुन्चे अनुहार लिदै आएकी छिन् । हाँसो गुञ्जि रहेको क्याथ ल्याब भित्रको बातावरण एकै सेकेण्डमा विपरीत दिशा तर्फ मोडिन्छ । स्तेपान्काको बुबालाई हार्ट अट्याक भएछ । छाती दुख्न थालेको २ घण्टा भएको छ । विरामीको स्थिति अत्यन्तै चिन्ताजनक छ । इ.सि.जी. रिपोर्टका अनुसार मुटुको अगाडिको पुरै भाग टुप्पा र छेउ समेतमा अट्याक भएको छ । रक्तचाप धेरै नै घटेको छ, मुटुको चाल छिटो देखिन्छ; शरीरमा खलखल्ती पसिना आएको छ र शरीर चिसो भएको छ । Dobutamin को सुईले पनि घटेको रक्तचापलाई बढाउन सकेको छैन । छातीको पीडालाई कम गर्न भर्खरै मात्र लगाएको मोर्फिनको सूइले विरामीलाई अचेत पारेको छ । नाक र मुख दुवै छोपिने मास्कबाट असिक्सजन दिइएको छ । मुटुको धड्कनमा आउने संभावित खरावीलाई ध्यानमा राखि डिफिब्रिलेटर (मुटुमा करेण्ट दिने उपकरण) लाई छातीमै टाँसेर राखिएको छ । डा. ओता र डा. भ्लादिमिरले विरामीलाई जाँच्ने वित्तिकै बुझ्दछन् कि यो कार्डियोजेनिक शक हो । यो अवस्थामा पुगेका विरामीहरु मध्ये ९५% को मृत्यु हुन्छ । तर छाती दुखेको १ घण्टा भित्र एञ्जियोप्लास्टी गर्न सकियो भने ५०% भन्दा बढी विरामीहरुलाई बचाउन सकिन्छ । स्तेपान्काको बुबाको छाती दुखेको २ घण्टा भैसकेको छ ।

विरामीलाई क्याथ टेबुलमा सुताइन्छ । उनको प्राइमरी एञ्जिओप्लास्टी गर्न डा. भ्लादिमिर नै अगाडी सर्दछन् । डा. ओताले उनलाई एसिस्ट गर्दछन् । डा.भ्लादिमिर लाई राम्रो सँग थाहा छ कि क्याथ टेबुलमा पल्टिएको विरामी उनको आफ्नै ससुरा हुन् र उनलाई यो पनि थाहा छ कि उनको अवस्था अत्यन्तै चिन्ताजनक छ । तैपनि खै किन हो उनले यो केस अरुलाई नदिएर आफैले लिन्छन् । स्तेपान्काले आफ्नो बुबालाई अत्यन्तै माया गर्छिन् । स्तेपान्काले आमाको माया पाउन सकिनन् । बुबाले

नै सम्पूर्ण माया र संरक्षण दिएर हुर्काएका हुन् स्तेपान्कालाई । डा. भ्लादिमिरलाई सायद स्तेपान्काको प्रिय पात्र मृत्युको मुखमा पुगेको अवस्थामा सहयोग पुऱ्याएर उनलाई सकुशल अवस्थामा स्तेपान्कालाई सुम्पिने इच्छा छ। स्तेपान्का प्रति पछिल्लो समयमा पलाएको प्रेमको प्रतिफल हो सायद उनको यो ईच्छा। स्तेपान्कालाई थाहा छैन कार्डियोजेनिक शक कत्तिको खतरनाक हुन्छ भन्ने कुरा तर उनलाई यति थाहा छ कि भ्लादिमिर एक कुशल इन्टर भेन्सनल कार्डियोजिष्ट हुन् र उनले प्राइमरी एञ्जीओप्लास्टी गरेर धेरै नै हार्ट अट्याक भएका बिरामीहरुलाई मृत्युको मुखबाट बाहिर निकालेका छन्। उनलाई पुरा विश्वास छ यस पल्ट पनि डा. भ्लादिमिर उनको बुबालाई बचाउन सफल हुनेछन् ।

डा. भ्लाडिमिरले फेमोरल आर्टेरी (नशा) मा फेमोरल सिथ राखिसकेका छन्। डा. ओताले क्याथेटरहरु र एञ्जिओप्लास्टी सेट तयार गरिसकेका छन्। विरामी अचेत छ, रक्तचाप ७०/५० मात्र छ, Dobutamin को सुईले त्यति काम गरिरहेको छैन । मुटुको चाल १२० प्रति मिनेट छ। बेला बखत ई. सि. जी. मोनिटरमा मुटुको चालमा खराबी उत्पन्न भएको देखिन्छ। श्वास प्रश्वासमा पनि शिथिलता आएको देखिन्छ। अक्सीजन गैरहेको छ । विरामीको स्थितिलाई ध्यानमा राखी एनेस्थेशिया विभागबाट सघन उपचार विशेषज्ञलाई पनि क्याथ ल्यावमा बोलाइन्छ । सास बन्द भएमा इन्टूवेसन गरि भेन्टिलेटर द्वारा सास दिने तयारी गर्न डा. भ्लादिमिरले आदेश दिइ सकेका छन्। बिरामीको एञ्जिओग्राफी शुरु हुन्छ। भ्लादिमिरले ७ फ्रेन्च नापको बायाँ जड्किन गाइडिङ्ग क्याथेटरलाई बाँया कोरोनरी आर्टेरीमा पठाउँदछन् र कन्ट्रास्ट पुस गर्दछन् । उनले देख्दछन् कि बाँया कोरोनरी आर्टेरीको शुरुको मुख्य नली (लेफ्टमेन स्टीम) रगतको थेग्रा जम्न गई पूर्ण रुपले बन्द भएको छ। मुख्य नशा शुरुवात देखिनै बन्द भएको हुनाले मुटुको बाँया भाग (मुख्य भाग) मा रक्तसञ्चार भएको छैन । मुटुको ठूलो भाग शिथिल भएको छ । भ्लादिमिरले एकै छिन पनि ढिला नगरी कोरोनरी गाइड बाएर बाँया कोरोनरी आर्टेरी भित्र पसाउँदछन् र यस पछि ४ मि. मि. X १३ मि. मि को बेलुन क्याथेटर बाँया मुख्य नलीमा रगतको थेग्रा जमेको ठाउँमा पुऱ्याउदछन् र बेलुनलाई फुक्दछन् । बिरामीको अवस्था झन् झन् बिग्रदै गएको छ । रक्तचाप अझै घट्दै गई ५०/४० मा पुगेको छ । मुटुको चालमा शिथिलता आउन थाल्दछन्। मुटुको धड्कन घट्दै गएर प्रति मिनेट ४० मा पुग्दछ। ई.सि.जि. ले हार्ट ब्लक भएको देखाउदछ। एट्रोपिन इञ्जेक्शन ३ एम्पुल दिँदा पनि मुटुको चाल प्रति मिनेट ४० भन्दा माथि बढ्दैन । बिरामीको स्वास प्रस्वास प्रणालीमा पनि

शिथिलता बढ्दै जान्छ । सघन उपचार विशेषज्ञले स्वास नली भित्र ट्यूब छिराई मेसिनद्वारा सास फेराउन थाल्दछन् । मुटुको चाल अझै घट्न थाल्दछ । डा. भ्लादिमिर र डा. ओताले अस्थाई पेसमेकर राख्ने निधो गर्दछन् । विरामीको फेमोरल नशाबाट अस्थायी पेसमेकरको तार पसाई मुटुको दायाँ भागमा पुऱ्याइन्छ र दायाँ क्षेपक कोष्ठको भित्तामा तारको टुप्पालाई अट्काइन्छ । अनि यस तारलाई अस्थायी पेस मेकरमा जोडिन्छ । पेस मेकरले हृदयघातबाट शिथिल भैसकेको मुटुलाई ७० प्रति मिनेटको गतिमा धड्काउन थाल्छ । यस प्रकार अब विरामीको मुटु र फोक्सो दुवै मेसिन द्वारा सञ्चालित हुन पुग्दछन् । यि मेसिनहरुले विरामीलाई मृत्युको अवस्थामा पुग्नबाट रोकिरहेका छन् । डा. भ्लादिमिर अझै आशावादी छन् । उनले हिम्मत हारेका छैनन । बेलुन क्याथेटरले रगतको थेग्रा जमेर बन्द भएको नशालाई आंशिक रुपले खोलि दिन्छ तर रगतको थेग्रा धेरै नै जमेको हुनाले नशाबाट रक्तसञ्चार हुन सक्दैन । अव भ्लादिमिर आत्तिन थाल्दछन् । रगतको थेग्रा धेरै छ । बेलुनले खोल्न सकेको छैन । डा. ओताले रगतको थेग्रा पगाल्ने औषधी (एप्सीखिमाब- रिओप्रो) शुरु गर्न भ्लादिमिरलाई सल्लाह दिन्छन् । भ्लादिमिरले ठिक छ भन्दै नर्सलाई रिओप्रो चलाउने आदेश दिन्छन् । विरामीको अवस्था झन् झन् बिग्रदै जान्छ । यत्रो प्रयासको बाबजूद पनि स्थितिमा सुधार आउने संकेत देखिएको छैन । रक्तचाप झन् झन घट्न थाल्छ । डा. भ्लादिमिरले बायाँ कोरोनरी आर्टेरीको रगतको थेग्रा जमेको ठाउँमा इन्ट्रा कोरोनरी स्टेण्ट राखि दिन्छन् । तैपनि नशा राम्रो संग खुल्दैन् । नशालाई दोहोऱ्याई तेहऱ्याई बेलुनले फुक्दछन् । तै पनि नशा पूर्ण रुपले खुल्दैन । अव के गर्ने ? भ्लादिमिरको निधारबाट पसिना छुट्न थाल्दछ । उनी आत्तिन थाल्दछन् । उनको हात काप्न थाल्दछ । अब एक मात्र अन्तिम उपाय बाँकी छ - त्यो हो मुटुको पम्पीङ्ग कार्यलाई मद्दत पुऱ्याई कोरोनरी नशा भित्र रक्तसञ्चार बढाउने इन्ट्रा आवोर्टिक बेलुन पम्प जडान गर्ने । यसका लागि आवश्यक सम्पूर्ण औजारहरु डा. ओताले तुरुन्त तयार गर्दछन् । नर्सले बेलुनलाई पम्प गर्ने मेसिन क्याथ टेबुल नजिकै ल्याई दिन्छिन । डा. भ्लादिमिरले बिरामीको फेमोरल नशामा रहेको ७ फेन्च नापको सिथलाई झिकेर त्यस ठाउमा अझ मोटो ९ फ्रेञ्च नापको सिथ राख्दछन् । यस सिथ भित्र माटो र लामो इन्ट्रा आवोर्टिक बेलुन (मुख्य धमनीलाई फुक्ने बेलुन) पसाउँदछन् र एक्सरेको मद्दतले यस बेलुनलाई आवोर्टिक आर्क (मुख्य धमनिको घुमाउरो भाग) को मुखसम्म पुऱ्यादछन् । यस बेलुन क्याथेटरलाई अब पम्पीङ्ग मेसिनमा जोडिन्छ र मेसिन सञ्चालन गरिन्छ । यो पम्पीङ्ग मेसिन चल्दा मुटुको धड्कनको जस्तै धुक् धुक्

धुक् धुक् आवाज आउँछ । यसले शिथिल भैसकेको मुटुलाई काममा सहयोग पुऱ्याउदछ। डा. भ्लादिमिर र डा. ओता मिलेर आजका दिनसम्म विज्ञानले आविष्कार गरेका सबै आवश्यक प्रविधिहरु यस विरामीको उपचारमा लगाई सकेका छन् । अब यस भन्दाबढी विरामीका लागि डाक्टरहरुले संसारको कुनै पनि ठाउँमा केही पनि गर्न सक्दैनन् । विरामीको भाग्यमा जे लेखेको छ त्यही हुन्छ । डाक्टरहरुको काम विरामीलाई बचाउन अन्तिम समयसम्म प्रयास गर्नु हो। डाक्टरहरु प्रयास मात्र गर्छन् लेखेको मृत्युलाई रोक्न सक्दैन् । तर आज डा. भ्लादिमिरले मेसिनहरुको मद्दतले मृत्युलाई रोक्ने प्रयाश गरिरहेका छन्। विरामीको स्थितिमा सुधार आउँदैन। आँखाका नानीहरु पूर्ण रुपले डाइलेट भैसकेका छन् र टर्च लाइट देखाउँदा प्रतिकृया देखाउदैनन्। यसको मतलब हो - दिमागको मृत्यु अर्थात ब्रेन डेथ। रक्तचाप शून्यमा झरिसकेको छ। अस्थायी पेसमेकरले मुटुलाई विद्युतीय झड्का दिएर चलाई रहेको छ। इन्ट्राआवोर्टिक पम्पले मुटुको पम्पिङमा सहयोग पुऱ्याइ रहेको छ। साथै लङ्ग भेन्टीलेटरले कृत्रिम स्वास दिइ रहेको छ । कस्तो अचम्मको अवस्था दिमाग मरिसकेको छ तर मुटु चलिरहेको छ फोक्सोले सास फेरिरहेको छ। यो जीवन हो या मृत्यु ? मृत्युलाई रोक्ने असफल प्रयास हो सायद यो ! एक असफल प्रयाश - किनकि दिमाग मरेपछि शरीरको जीवनको कुनै महत्व रहदैन । मरेको दिमागलाई फेरि ब्यूझाउन सकिदैन। दिमाग मरिसके पछि पनि शरीर केही समय जीवित रहन सक्छ। यो यथार्थ हो। यसै यथार्थको पुष्ठि भैरहेछ। आज क्याथ ल्याब भित्र मृत्युलाई केही क्षण मात्र भए पनि रोक्ने असफल प्रयास भैरहेछ। क्याथ ल्याबबाट बिरामीलाई कोरोनरी केयर यूनिट (सि.सि.यू.) मा लगिन्छ । त्यहाँ पुऱ्याएको ५ मिनेट पछि सि.सि.यू. का डाक्टरहरुले पेसमेकर, भेन्टीलेटर र बेलुन पम्प बन्द गर्ने निधो गर्दछन्। दिमागको मृत्यु भैसकेपछि शरीरको जिवनलाई लम्वाएर यहाँ कुनै राजनीति गर्नु पर्ने आवश्यकता उनीहरु देख्दैनन् । शरीरलाई कृत्रिम जीवन प्रदान गरिरहेका उपकरणहरु बन्द गरिना साथ शरीरमा सास र मुटुको धड्कन फेरि फर्किदैन । स्तेपान्काको बुबाको शरीरले मृत्युको अनन्ततामा प्रवेश गर्दछ ।

क्याथ ल्याब भित्रको वातावरण अत्यन्त नरमाइलो भएको छ । स्तेपान्का आँसु झार्दै एउटा कुनामा बसेकी छिन् । डा. भ्लादिमिरले स्तेपान्कालाई काखमा राखेर अंगालो मारेका छन्। उनको मुख अँध्यारो र सुख्खा भएको छ। कसैको मुखबाट पनि बोली फुट्न सकेको छैन। जीवन जस्तै मृत्यु पनि एउटा यथार्थ हो। शुरुवात भएपछि एक न एक दिन सबै जीवनको अन्त हुनै पर्छ ।

# ७. पीडा

स्तेपान्काको बुबाको मृत्यु पछि १ हप्ता सम्म डा. भ्लादिमिर काममा जाँदैनन् । क्याथ ल्याब भित्र उनको अनुपस्थितिको नमीठो अनुभव गरीरहेका छन् सबैले । उनी शोकमा डुबेका छन् । उनले अनगिन्ति रोगीहरुलाई सहयोग पुऱ्याउन सके आजसम्म तर आफ्नै श्रीमतीको प्रिय पात्रलाई बचाउन सकेनन् । धिक्कार लागिरहेछ उनलाई आफु माथि, आफ्नो ज्ञान र शिप माथी । उनलाई काममा फर्कने जाँगर आईसकेको छैन । यस घटनाको पीडा उनलाई असह्य हुन पुग्यो हृदयघातको पीडा जस्तै ! उनको शरीरमा शिथिलता आएको छ । कमजोर महशुश गरीरहेका छन् उनले । बेला बखत हल्का चक्कर पनि लाग्ने गरेको छ उनलाई । निन्द्रा र भोक पनि कम छ । मानसिक चोटका कारण डिप्रेशन भएको हो भन्ने सोचेका छन् उनले । उनको स्वास्थ्यमा खराबी देखेको अनुभव गरी स्तेपान्काले भ्लादिमिरलाई अस्पतालमा गई स्वास्थ्य परीक्षण गराउने सल्लाह दिन्छिन् । तर भ्लादिमिरलाई शंका छैन उनलाई डिप्रेशन भएको छ भन्ने कुरामा । आफै डाक्टर भएको हुनाले आफ्नो शारीरिक स्थिति आफैले राम्रोसंग बुझ्न सक्ने ठान्दछन् उनी । ट्रेडकूईलाईजर (मानसिक तनाव घटाउने औषधी) को सेवन शुरु गर्दछन् उनले र क्याथ ल्याबमा काममा जान थाल्दछन् ।

संधै रमाइलो र हलचल भैरहने क्याथ ल्याब भित्र आज डा. भ्लादिमिरले त्यो वातावरण पाउदैनन् । उनलाई चारैतिर नरमाइलो र सुनसान लाग्दछ । ८ वटा बिरामीहरु आजको कार्यक्रममा राखिएका छन् । पहिलो बिरामीको एञ्जीयोग्राफी शुरु भैसकेको छ । डा. ग्रोख र डा. तेइछले एञ्जीयोग्राफी गर्दैछन् । डा. भ्लादिमिर कन्ट्रोल रुममा बसेर त्यहाँको मनिटरमा सो बिरामीको एञ्जीयोग्राम हेरिरहेका छन् । उनलाई बन्द भएको कुनै नशा देख्ने वित्तिकै डर लागेर आउछ । उनको मुटु छिटो छिटो धड्कन थाल्दछ र चिड चिड पसिना आउछ । हल्का चक्कर पनि लाग्छ उनलाई । टेबुलमाथी टाउकोलाई बिसाए पछि केही सन्चो भएको महशूश गर्दछन् । दोस्रो बिरामी उनको हो । डा. इभान र डा. ओताले भ्लादिमिरलाई विश्राम गर्ने

सल्लाह दिन्छन् । तर भ्लादिमिरले काम गर्दछु भनेर जिद्दी गर्दछन् । उनी भन्दछन् "काम नगरी आराम मात्र गरेर बस्यो भन्ने मेरो डिप्रेशन झन्झन् बढेर जान्छ । यस कारण मैले काम गर्नु पर्छ । अर्को केसको एञ्जियोग्राफी, मैले आफै गर्छु । दोस्रो केसलाई क्याथ टेबलमा सुताउने वित्तिकै डा. भ्लादिमिर क्याथ रुम भित्र पस्दछन् । हात धोई छिटो छिटो स्टेराइल गाउन र पञ्जा लगाउँदछन् । डा. इभानले उनलाई सहयोग गर्न छिटो छिटो तयार हुन्छन् । धेरै समय लगाएर भ्लादिमिरले बिरामीको फेमोरल अर्टेरीलाई छेड्दछन् र फेमोरल सिथ घुसाउदछन् । पहिले पहिले एकै पल्टमा सियोले फेमोरल आर्टेरीलाई छेड्न सक्ने व्यक्तिलाई आज सो कार्य गर्न धेरै समय लाग्यो । डा. इभानले अत्यन्तै सतर्कता पूर्वक डा. भ्लादिमिरको काम हेरीरहेका छन् । उनले मनमनै सोच्दछन् "आज भ्लादिमिरलाई ठिक छैन ।" उनले भ्लादिमिरको हात हल्का रुपले कामिरहेको देख्दछन् । इभानले बायाँ कोरोनरी क्याथेटर दिन्छन् र भ्लादिमिरले यसलाई बिरामीको बायाँ कोरोनरी आर्टेरीमा पसाउदछन् र कन्ट्रास्ट पूस गर्दछन् । बिरामीको सिर्कुम्फ्लेक्स नशा पूर्ण रुपले बन्द भएको मनिटरमा देखिन्छ । यो देख्ने वित्तिकै भ्लादिमिरको हात काप्न थाल्दछ, उनलाई डर लागेर आउछ, मुटुको धडकन बढ्न थाल्दछ, चिट चिट् पसिना आउन थाल्दछ अनी चक्कर लागेर उनी भूईमा ढल्दछन् । डा. ग्रोख, डा. ओता र मिरा दगुर्दै आएर भ्लादिमिरलाई उठाउदछन् र स्टाफ रुमको सोफामा लगेर सुताउदछन् । डा. इभानले छिटो छिटो बिरामीको एञ्जियोग्राफी गरेर सक्दछन् र उनी पनि भ्लादिमिर भए तर्फ हतारिदै जान्छन् । डा. ग्रोखले भ्लादिमिरको रक्तचाप र पल्स हेर्दछन् र शारीरिक परीक्षण गर्दछन् । भ्लादिमिरको शरीरमा रगतको मात्रा कम भएको उनले पाउँदछन र यो कुरा भ्लादिमिरलाई बताउदछन् साथै एक पल्ट सम्पूर्ण शारीरिक परीक्षण गराउने सल्लाह दिन्छन् । डाक्टरहरुको बानी अचम्मको हुन्छ । उनीहरु बिरामीको डाएग्नोसिस र उपचारको लागि १० थरीको परीक्षणहरु गराउने सल्लाह दिन्छन् तर आफुलाई पर्दा विना कुनै परीक्षण आफ्नो डाएग्नोसिस आफैले गर्दछन् र औषधीको सेवन शुरु गर्दछन् । भ्लादिमिर पनि आखिर यस्तै विचार भएका एक डाक्टर हुन् । उनलाई कत्ति पनि शंका छैन कि यो डिप्रेशन (मानसिक तनाव) को लक्षण हो । त्यसकारण परीक्षण गराई रहनु पर्ने आवश्यकता उनले देख्दैनन् । डिप्रेशनको औषधी शुरु गर्ने इच्छा व्यक्त गर्दछन् । "मलाई ठिकै छ केही भएको छैन, कमजोरीले चक्कर लागेको हो । राती राम्रोसंग निन्द्रा परेन यस कारण यस्तो भएको हो ।" उनी आफ्नै कुरामा जिद्दी गर्न थाल्दछन् । तर डा. ग्रोखले उनलाई प्रेम पूर्वक गाली गर्दै कडा शब्दमा पूर्ण

स्वास्थ्य परीक्षण गराउने आदेश दिन्छन् । डा. ग्रोखको आदेशलाई डा. भ्लादिमिरले अपहेलना गर्न सक्दैनन् । आफ्नो बोसको भनाईलाई उनले मान्नै पर्ने हुन्छ । तुरुन्तै उनको रगत, दिशा, पिसाब, एक्सरे, ई.सि.जी., इको कार्डियोग्राफी आदि परीक्षणहरु गरीन्छ । भ्लादिमिर घरमा गएर आराम गर्दछन् ।

आज सबेरै डा. ग्रोखले क्याथ ल्याबका सबै चिकित्सक, नर्स, लगायतका कर्मचारीहरुलाई मिटिङ्गमा बोलाएका छन् । उनको अनुहार अत्यन्त गंभीर देखिन्छ । उनको हातमा डा. भ्लादिमिरको शारीरिक परीक्षणको रिपोर्टहरु छन् । उनले भ्लादिमिर बिरामी भएको र केही समय क्याथ ल्याबमा काम गर्न नसक्ने बताउदछन् । अन्त्यमा उनले सबैलाई क्याथ ल्याबमा काम गर्दा एक्सरे विकिरणबाट जति सक्यो बचेर काम गर्न सल्लाह दिन्छन् । लिड एप्रोन, नेक गार्ड, लिड ग्लास, शिल्ड आदीको प्रयोग अनिवार्य गर्नु पर्ने र एञ्जियोग्राफी गर्दा ALARA (एक्सरे विकिरण As low As Reasonably Achievable) को मन्त्रलाई गंभिरता पूर्वक पालना गर्न आदेश दिन्छन् । यो क्याथ ल्याब भित्र काम गर्ने सबैलाई जानकारी भएको कुरा हो । तर आज किन डा. ग्रोखले यस कुरालाई दोहोर्‍याएका हुन् कसैले बुझ्न सक्दैनन् । डा. इभानले ग्रोख तर्फ हेर्दै भन्दछन "किन सिकाई रहेको यो पुरानो कुरा हामीलाई थाहै छनी !" इभानको कुरा सुने पछि डा. ग्रोखले गम्भिर हुँदै भन्न थाल्दछन् "हाम्रो क्याथ ल्याबमा आज अत्यन्त नराम्रो घटना भएको छ । हाम्रा प्रिय पात्र डा. भ्लादिमिर क्याथ ल्याब भित्रको एक्सरे विकिरणको शिकार हुन पुगेका छन् । उनको स्वास्थ्यमा करीब १ हप्ता अगाडी देखि खराबी देखिन आएको हो । उनको आफन्तको मृत्युले उनको शारीरिक शिथिलतालाई अझ बढाई दियो । डा. भ्लादिमिर हाम्रो क्याथ ल्याबका अत्यन्तै परिश्रमी चिकित्सक हुन् । तर बेला बखत उनले एक्सरे विकिरणसंग खेलवाड गर्ने र यसबाट बच्ने कुरामा हेलचेक्राई गर्ने बानी फेला पारेका थियौ । प्रत्येक महिना गरीने एक्स्पोजर डोजको परीक्षणमा पनि उनीको नतिजा सबैभन्दा बढी आउने गर्दथ्यो । यसैबाट थाहा लाग्दछ कि उनी हामीहरु मध्ये सबैभन्दा बढी एक्सरे विकिरणबाट प्रभावित भएका छन् । एक्सरे विकिरणलाई आँखाले देख्न सकिदैन न त शरीरले नै अनुभव गर्न सकिन्छ । यो अदृश्य रुपले शरीर भित्र पस्दछ र एक्सरे प्लेटले मात्र यसलाई समाउन सक्दछ । मानिसले आफ्नो शरीर एक्सरे विकिरणबाट प्रभावित हुदै क्रमिक रुपले विषाक्त हुँदै गएको कुरा कति पनि अनुभव गर्न सक्दैन । अन्तिम अवस्थामा जब यस विकिरणले शरीरमा रोग उत्पन्न गराउँदछ तब मात्र यसको

खतरनाक रुपको अनुभव गर्दछ रोगीले । क्याथ ल्याब भित्रको सबैभन्दा महत्वपूर्ण मेसिन सि-आर्मले क्याथ रुमको शोभा बडाएको हुन्छ। तर यसै सि-आर्मको एकातर्फको टुप्पामा रहेको एक्सरे ट्यूबबाट निस्कन्छन् एक्सरे विकिरणहरु । रेन्टगेन नामक वैज्ञानिकले यसको आविष्कार गरेपछि चिकित्सा विज्ञानमा ठूलो क्रान्ति आयो । चिकित्सा विज्ञानको सर्वाधिक महत्वपूर्ण आविष्कार थियो यो विकिरण । यसबाट धेरै नै रोगहरु पत्ता लगाउन र उपचार गर्न सम्भव भयो । यसको गुणहरु एकदमै धेरै छन् तर यसको एउटै दुर्गुण छ त्यो हो धेरै भयो भने यसले मानव शरीरमा विकृति ल्याइदिन्छ, रोग उत्पन्न गराई दिन्छ । आज हाम्रा डा. भ्लादिमिर यसै एक्सरे विकिरणको शिकार भएको मैले अनुमान गरेको छु। क्याथ ल्याबमा काम गर्ने १ लाख डाक्टरहरु मध्ये १ जनालाई अत्याधिक एक्सरे विकिरणका कारण लाग्न सक्ने रोगबाट डा. भ्लादिमिर पीडित हुन पुगेका छन् । उनको रगतको रिपोर्टमा ब्लड क्यान्सर देखिएको छ ।" यति भनेर सके पछि डा. ग्रोखको बोली रोकिन्छ । ब्लड क्यान्सरको उच्चाहरण भएको सुन्ने वित्तिकै सबै जना गम्भिर हुन्छन्। सबैको अनुहार कालो नीलो हुन पुग्छ । सबैले यस क्याथ ल्याब भित्र ठूलो बज्रपात भएको अनुभव गर्दछन्। कोठा भित्र सन्नाटा छाउँछ। डा. इभान अन्यन्तै दुखित देखिन्छन्, उनलाई छटपटी भैरहेछ । उनले बारम्बार आफ्नो टाउको निहुराएर हल्कासंग अगाडिको टेबुलमा टाउकोलाई ठोकी रहेका छन्। उनले ३-४ महिना अगाडि डा. भ्लादिमिरलाई भनेका शब्दहरु- "एक्सरे विकिरणसंग काम गर्दा होस पुर्‍याउनु नत्र भने ब्लड क्यान्सर भएर चाडै नै माथि पुगिएला" उनको दिमागमा घुमिरहेका छन् । उनले जिस्किएर भनेको कुरा आज यथार्थमा परिणत भएको छ। कस्तो दुर्भाग्य ! कसले बुझ्ने यो पीडा? अत्याधिक एक्सरे विकिरण हुने ठाउँमा आफ्नो ज्यानको बाजी लगाएर अरुको ज्यान बचाउन काम गर्ने डाक्टरहरुको पीडा कसले बुझ्ने ? यो जोखिमपूर्ण कामको मूल्याङ्कन कसले गर्ने ?

डा. भ्लादिमिरले आफ्नो स्वास्थ्य परीक्षणको रिपोर्ट हेर्न पाएका छैनन्। उनी घर मै आराम गरेर बसेका छन्। उनको रिपोर्टहरु लिन स्तेपान्का अस्पताल तर्फ आएकी छिन्। स्तेपान्कालाई रिपोर्ट थाहा पाए पछि कति ठूलो बज्रपात सहने होला ! भर्खरै मात्र पितृशोकको पीडा भोगेकी स्तेपान्काले यो अर्को पीडा कसरी सहने छिन् होला ! भ्लादिमिरले आफुलाई लागेको रोगबारे थाहा पाए पछि कस्तो दुःखको अनुभव गर्ने होलान् ! एक्सरे विकिरण भएको ठाउँ क्याथ ल्याबमा जहाँ उनले आफ्नो महत्वपूर्ण

जीवन समर्पण गरे, अब त्यहाँ काम गर्न नमिल्ने र कठिन उपचारमा जानु पर्ने थाहा पाए पछि कस्तो पीडा र बज्रपातको अनुभव गर्लान् । तर पीडा जति सुकै कडा भए पनि यसलाई उनले सहनै पर्ने हुन्छ । सायद उनको संघर्षपूर्ण जीवनमा यही पीडा लेखिएको छ । संघर्ष र समर्पणले सझिएको एक डाक्टरको जीवन, मृत्युको मुखमा पुगेको रोगीलाई बचाउन सक्दा पाइने आनन्द, जनकल्याणकारी कामको सन्तोष अनि साथमा आफ्नो ज्यान खतरामा पर्न सक्ने अवस्था र त्यसले ल्याउने पीडा । सायद यही हो डा. भ्लादिमिर जस्ता कर्मठ डाक्टरहरुको जीवन !

यथार्थ जति सुकै तीतो र पीडादायी भए पनि यसलाई सहनै पर्ने हुन्छ । भ्लादिमिरको स्वास्थ्य परीक्षणको रिपोर्ट स्तेपान्काको हातमा परे पछि उनका आँखाहरुबाट आँसुका धाराहरु बग्न थाल्दछन् । अत्यन्तै शक्तिशाली विद्युतीय झड्काले छातीमा हानेको उनले अनुभव गर्छिन् । असह्य पीडाले छटपटाउदै उनी मूर्छित हुन्छिन् ।

डा. श्याम अन्यौलमा परेका छन् । क्याथ ल्याब भित्रको जीवनको यो पीडादायी पक्षबारे उनलाई पहिले कत्ति पनि ज्ञान थिएन । शुरुमा कति रमाएका थिए उनी यहाँको वातावरणमा । यहाँको पीडादायी पक्षबारे ज्ञान भएपछि उनी चिन्तित भएका छन् । कति जोश र जाँगर लिएर आएका थिए उनी नेपालबाट क्याथ ल्याबको तालिम लिन । सारै नै नमज्जा लागी रहेको छ आज उनलाई । जोश र जाँगर हराएको जस्तो अनुभव भैराखेको छ । मन भित्र डर पलाएर आएको छ । जीवन यात्राक्रममा भएको ठूलो दूर्घटनाको रुपमा यस घटनालाई उनले लिएका छन् । डा. भ्लादिमिर श्यामका प्रिय पात्र हुन् । आफ्नो प्रिय पात्र माथी आई परेको दुःखलाई डा. श्यामले आफ्नै दुःखको रुपमा लिएका छन् । भ्लादिमिरको जीवन चरित्रको प्रशंसक हुन् श्याम । भ्लादिमिरको आफ्नो पेशा प्रतिको समर्पण, लगनशीलता, इमान्दारिता, दक्षताको अनुकरण गर्न चाहन्थे श्यामले तर यो दुर्घटनाले गर्दा उनी झस्किन पुगेका छन् । क्याथ ल्याब भित्रको समर्पणबाट भ्लादिमिरलाई पेशागत सन्तुष्टि अवश्य प्राप्त भयो होला किनकि मृत्युको मुखमा पुगेका हजारौ रोगीहरुलाई उनले जीवनदान दिन सफल भएका छन् तर सानो असावधानीको परिणाम स्वरुप ठूलो मूल्य चुकाउनु पर्ने स्थिति आईपरेको छ उनलाई । सायद यो प्रकृतिको नियमै हो- भगवानले पनि असल व्यक्तिलाई प्यारो बनाई पृथ्वीबाट खोसेर लग्न चाहन्छन् । यस्तै प्रकारले जसलाई दुःख सहने बानी परेको छ उसैलाई भगवान्ले पनि अनगिन्ति दुःख कष्ठ थपि दिन्छन् । जो इमान्दार र परिश्रमी हुन्छन् सायद उनीहरुनै भाग्यबाट ठगिन पुग्छन् !

# ८. अर्थपूर्ण जीवन

डा. श्यामको तालिम अन्तिम चरणमा आई पुगढढढेको छ। यस तालिम अवधिमा उनले धेरै नै नयाँ कुराहरु सिक्ने मौका पाए । अब उनी आफैले निर्भीकताका साथ एन्जियोग्राफी गर्न सक्ने भैसकेका छन् । नेपाल फर्कने बेला सम्ममा आफु प्रथम अपरेटर भएर कम्तिमा १०० जनाको एन्जियोग्राफी र १० जनाको एन्जियोप्लास्टी गरि सक्ने लक्ष्य श्यामले राखेका छन् । यो लक्ष्य प्राप्त गर्न क्याथ ल्याबका सबै चिकित्सकहरुले डा. श्यामलाई सक्दो सहयोग पुऱ्याई राखेका छन् । श्यामको तालिम स्तरीय होस् लक्ष्य अनुसारको संख्या पुगोस् साथै नेपाल फर्के पछि स्वतन्त्र रुपले एन्जियोग्राफी सेवा डा. श्यामले सञ्चालन गर्न सकुन् भन्ने चाहना र चिन्ता डा. ग्रोखको रहेको छ । उनले हर प्रकारले डा. श्यामलाई सहयोग पुऱ्याई रहेका छन् ।

डा. भ्लादिमिरको अनुपस्थितिले क्याथ ल्याब भित्रको वातावरण धमिलो भएको छ । नरमाइलो अनुभव भैराखेको छ सबैलाई । उता भ्लादिमिर उपचारका लागि अस्पताल भर्ना भएका छन् । उनको शरीरमा रगत कम हुँदै गएर रगत चडाउनु पर्ने भएको छ साथै केमोथेरापी पनि शुरु गर्ने तयारी भैरहेको छ । जुन अस्पतालमा बर्षौ देखि काम गरेर हजारौ बिरामीहरुको उपचार उनले गरे आज त्यही अस्पतालमा आफ्नो रोगको उपचारका लागी बिरामीको रुपमा भर्ना भएका छन् डा. भ्लादिमिर । सेन्ट अन्ना यूनिभर्सिटी हस्पिटलको क्यान्सर वार्ड । जम्मा ५० शैयाहरु छन् यस वार्डमा । १५ वटा शैयाहरु ब्लड क्यान्सर भएका रोगीहरुका लागि छुट्याइएका छन् । डा. भलादिमिर १४ नं. को क्याबिनमा भर्ना भएको छन् । “क्यान्सर वार्ड” कस्तो नराम्रो नाम । सुन्दा खेरीनै नमज्जा लाग्ने । मन त्यसै डराएर आउने । “क्यान्सर” खतरनाक ज्यानमारा रोग भएर नै होला सुन्दा खेरी नै डर लाग्ने भएको । आखिर हार्ट अट्याक पनि ज्यानमारा रोग नै हो तर “हर्ट अट्याक” र “क्यान्सर” यी दुई मध्ये क्यान्सर नामले बढी छटपटी, पीडा र त्राश उत्पन्न गराउछ । कसैलाई कडा श्राप दिनु पऱ्यो भने पनि “तलाई क्यान्सर लागोस्” भनिन्छ । “तँलाई हार्ट अट्याक

होस" भन्यो भने अलि नरम खाले श्राप हुन पुग्छ । यो क्याथ ल्याब कै देन हो किनकि, हार्ट अट्याक हुने वित्तिकै क्याथ ल्याब भित्र लगेर प्राइमरी एञ्जियोप्लास्टी गरिदियो भने रोगीलाई पूर्ण रुपले आराम भैहाल्छ । तर क्यान्सर लाग्यो भने रोग शुरुवात कै अवस्थामा किन नहोस् उपचारबाट पुरा आराम मिल्ने नमिल्ने कसैलाई थाहा हुँदैन । क्यान्सर अलि ढिला पत्ता लाग्यो भने त उपचार क्रममा बिरामीले भोग्नु पर्ने पीडा र कष्टको कुनै तुलना नै छैन । केमोथेरापी र रेडियोथेरापी प्रयोग गरे पनि धेरै जसो क्यान्सर पीडितहरुको क्रमिक रुपले पीडादायी मृत्यु हुँदै जाने गरेका उदाहरणहरु डा. भ्लादिमिरलाई थाहा छ । तैपनि उनी शान्त छन् । १४ नं. को क्याविनमा उनी पल्टिएका छन् । आँखा चिम्लिएर सायद उनले केही सोचिरहेका छन् ।

सन् २००१ अक्टोबर महिनाको तेस्रो हप्ता । डा. श्याम तालिम समाप्त गरी फर्कने तयारीमा छन् । उनले एञ्जियोग्राफी र एञ्जियोप्लास्टी सम्बन्धी आफ्नो तालिममा लिएका लक्ष्यहरु पूरा गरे । एञ्जियोप्लास्टीको व्यवहारिक परीक्षा पनि उनले सफलतापूर्वक पास गरे । उनी नतिजाबाट सन्तुष्ठ छन् । तालिमका अन्तिम दिनहरुमा डा. भ्लादिमिरको साथ उनले पाउन सकेनन् । यसै कुराको दुःख छ उनलाई ।

क्यान्सर वार्ड, १४ नं. को क्याविन भित्र आँखा चिम्लिएर पल्टिरहेका डा. भ्लादिमिरका आँखाहरु ढोका खुलेको आवाजले गर्दा खुल्दछन् । राम्रा राम्रा फुलहरुको एउटा ठूलो गुच्छा हातमा लिएर डा. श्याम उनको अगाडी उभिएको उनले देख्दछन् । डा. श्यामले फुलको गुच्छा दिदै चाडै नै स्वास्थ्य लाभ गर्नोस, जीवनमा अझ धेरै जनकल्याणकारी कामहरु गर्न बाँकी नै छ भनी डा. भ्लादिमिरलाई शुभ कामना दिन्छन् । अनि नजिकै खाटमा बसेर डा. श्यामले भ्लादिमिरको हात अट्ठयाएर समाउदै भन्दछन- "म तिमीलाई सक्दो चाडो स्वस्थ भएर म संगै क्याथ ल्याबमा फेरि काम गरेको देख्न चाहन्छु । तिमीलाई लागेको रोगसंग लड्न मेरो शरीरमा भएको सम्पूर्ण शक्ति तिमीले लेउ । मेरो पुरा शरीर तिमीलाई अर्पण गर्न म तयार छु ।" यो सुने पछि भ्लादिमिरका आँखाहरु रसाउछन् । गम्भिर हुँदै उनी बोल्न थाल्दछन् । "हेर श्याम, यस पृथ्वीमा हामी २ दिनका यात्रुहरु हौं । हिजो हामी यहाँ आएका थियौ अब भोली अर्कै ठाउँमा हामीलाई जानु छ । जन्म र मृत्यु यसै जीवनयात्राका विविध पक्षहरु हुन् । जन्म र मृत्यु कसैको अधीनमा छैनन् । यी यथार्थहरुलाई मैले खुशी साथ स्वीकारेको छु । यस पृथ्वीमा जन्म लिन पाएकोमा नै

म आफुलाई भाग्यमानी ठान्दछु । डाक्टरी पेशामा आएर क्याथ ल्याबलाई आफ्नो कार्य क्षेत्र बनाउन पाएकोमा म आफुलाई धन्य ठान्दछु । डाक्टरी पेशामा क्याथ ल्याब भित्र मात्र काम गर्न स्वीकार्नु भनेको युद्ध भूमिमा जानका लागि सेनामा भर्ना हुने सैनिक जस्तै हो । क्याथ ल्याब भित्र अदृश्य शत्रु- एक्सरे विकिरणसंग लड्नु पर्ने हुन्छ, भने युद्ध मैदानमा मानव शत्रुसंग । युद्धमा लड्दा लड्दै मृत्यु हुन सक्छ भन्ने थाहा पाएर पनि लड्नै पर्ने हुन्छ । ठिक यस्तै नियम छ क्याथ ल्याब भित्र पनि एक्सरे विकिरणले खराब गर्छ भन्ने थाहा पाउदा पाउदै पनि एक्सरे विकिरण प्रहार गर्ने सि-आर्मको अगाडि बिरामीको उपचार गर्न आफु उभिनै पर्ने हुन्छ । त्यसैले क्याथ ल्याब भित्रको जीवन एक बैग्ले प्रकारको जीवन हो । यो सुख र दुःखको समिश्रण भएको जीवन हो । आँसु र हाँसो को समिश्रण भएको जीवन हो । मृत्युको मुखमा पुगेको रोगीलाई बचाउदा खुशी लाग्छ, एक्सरे विकिरणले आफ्नो छातीमा प्रहार गर्दा उत्पन्न हुने पीडा सहदा दुःख लाग्छ । क्याथ ल्याब भित्रको हाम्रो जीवन आफूलाई मारेर अरुलाई बचाउने महान उद्देश्य बोकेको जीवन हो । यो समर्पणको जीवन हो । अरुको भलाईका लागी आफ्नो जीवन समर्पण गर्नु नै महानता हो । हामीले गर्व गर्नु पर्दछ कि यस २ दिनको जीवनयात्रामा हामीले यस्तो महान कार्य गर्ने अवसर पाएका छौ ।"

डा. भ्लादिमिरका कुराहरु सुनेर श्यामलाई अचम्म लाग्दछ । उनले भ्लादिमिर भित्र लुकेर बसेको यस मानवताबादी र दार्शनिक रुप यस अगि कहिल्यै देखेका थिएनन् । भ्लादिमिरका कुरा सुनिरहुँ जस्तो लाग्छ उनलाई । एकै छिन रोकिएर लामो सास फेरि सकेपछि डा. भ्लादिमिर फेरि बोल्न थाल्दछन्-"म मूर्ति रुपी ईश्वरमा विश्वास राख्दिन मेरो लागि म कहाँ उपचारका लागि आउने रोगीहरु नै इश्वरका रुपहरु हुन् । उनीहरुकै सेवामा म समर्पित हुनु पर्दछ । यही नै मेरो जीवनको मान्यता हो । क्याथ ल्याब मेरो कर्म क्षेत्र बन्न पुग्यो । त्यहाँ भित्र बसेर निस्वार्थ कर्म गर्नु नै मेरो कर्तव्य हो । कर्म गर्दै जाँदा जस्तो फल प्राप्त हुन्छ त्यसलाई मैले स्वीकार्नु पर्दछ । सायद यही नै हामी जस्ता डाक्टरहरुको भाग्य हो ! मेरो कामको फल यो ब्लड क्यान्सर होइन । यो त कर्मपथमा लम्किदा आई लागेको एउटा काँडा मात्र हो । मेरो खुट्टामा काँडा बिझे पनि मैले मेरो जीवन यात्रालाई समर्पणको भावना बोकेर पार गर्नु छ । मेरो एउटै इच्छा यो छ कि जीवनयात्राको अन्त्यमा मृत्यु शैयामा रहँदा आफुले विताएको सक्रिय जीवनको र आफुले गरेका सत्कर्महरु माथि गर्व गर्न सँकू, हृदय रोग उपचार क्षेत्रमा क्याथ ल्याबले ल्याएको क्रान्तिलाई मैले अगाडि बढाउन


सँकू । मेरो मृत्यु अन्य कतै होइन क्याथ ल्याब भित्रै होस् ।" यति भन्दा भन्दै भ्लादिमिरका आँखाहरुबाट तपतप आँसु झर्न थाल्दछ । रोगका कारण भ्लादिमिरलाई परेको गहिरो मानसिक चोट यसरी प्रकट भएको देख्दा श्यामको मन पनि रुन्छ । भ्लादिमिरको अगाडि उनले केही पनि बोल्न सक्दैनन् ।

अक्टोबर २०, सन् २००१, चेक गणतन्त्र बसाईको अन्तिम दिन । डा. श्याम तालिम समाप्त गरी आज स्वदेश फर्कदै छन् । छातीमा ढुङ्गा राखेको जस्तो अप्ठेरो भैराखेको छ उनलाई । ६ महिनाको अवधिमा यस देशको एउटा क्याथ ल्याब परिवारसंग गहिरो सम्बन्ध बन्यो श्यामको । उनी यस परिवारको अभिन्न सदस्यको रुपमा स्थापित हुन पुगे । सबैबाट उनले सद्भाव, माया र सहयोग पाए । डा. ग्रोख र डा. भ्लादिमिर जस्ता असल र महान व्यक्तिहरु इनको जीवनमा सहयात्रीको रुपमा आए । अत्यन्तै गहिरो छाप परेको छ श्यामको हृदयमा यी व्यक्तिहरुका बारे । उनीहरुलाई छोडेर जानु पर्दा डा. श्यामलाई छटपटी भैरहेछ । नराम्रो पीडा भैराखेको छ उनको छातीमा । तर के गर्नु यो पनि जीवनको यथार्थ हो । मिलन बिछोड, दुःख सुःख, जीवन एक यात्रा हो । डा. श्याम पनि जीवनयात्रामा पृथ्वीमा २ दिनका लागि आएका एक यात्रु हुन् । उनको जीवनको संघर्षपूर्ण इतिहासमा अब क्याथ ल्याब भित्रको जीवन पनि थपिएको छ । सेन्ट अन्ना यूनिभर्सिटी हस्पिटलको क्याथ ल्याब भित्र पसे पछि उनको जीवन यात्राले एक नयाँ मोड लिन पुग्यो । एक्सरे विकिरणको अदृश्य चोट सहेर मुटुका रोगीहरुको उपचार गर्ने संघर्षमयी त्यागपूर्ण जीवनमा प्रवेश गरे उनले । जति सुकै पीडा सहनु परे पनि यस जीवनलाई स्वदेश फर्के पछि पनि निरन्तरता दिने अठोट बोकेका छन् उनले ।

फूलको गुच्छा लिएर अन्तिम विदाईका लागि क्यान्सर वार्डको १४ नं. क्याविन भित्र आईपुगेका छन् डा. श्याम । डा. भ्लादिमिरलाई फूलको गुच्छा दिंदै श्यामले भन्न थाल्दछन् "चाडै स्वास्थ्यलाभ गर, हामी मिलेर अझ धेरै काम गर्नु छ । मेरा लागि क्याथ ल्याबको जीवन यात्रा भर्खरै मात्र शुरु भएको छ । यस यात्रामा तिम्रो साथ मलाई चाहिन्छ । मलाई पूरा विश्वास छ तिमीले मलाई एक्लै छाड्ने छैनौ । म तिम्रो संघर्षमयी जीवन चरीत्रको अनुकरण गर्न चाहन्छु । म पनि तिम्रो जस्तै निस्वार्थ जीवनयात्राको इतिहास बनाउन चाहन्छु । क्याथ ल्याब भित्रका हामी जस्ता डाक्टरहरुको जीवन समर्पण, निस्वार्थीपन र संघर्षको भावमा डुबेको छ भन्ने तथ्यलाई समाजमा स्थापित गराउन चाहन्छु । भ्लादिमिर तिमी मेरा लागि प्रेरणाको


स्रोत हौ । म तिमीलाई कोटी कोटी नमस्कार गर्दछु साथै तिमीले दिएको सहयोगका लागि धेरै धेरै धन्यवाद दिन चाहन्छु । Thank you Bladimir, thank you very much. यति भन्दै श्यामले भ्लादिमिरका दुवै हातहरु समाएर आफ्नो निधारले छुन्छन् । एक सहयोगी मित्रका हातहरुलाई ढोग्नु भन्दा ठूलो कदर अरु के पो गर्न सक्दथे र श्यामले ? डा. भ्लादिमिरका हातहरुलाई ढोग्दै उनले गूड वाई, म आज फर्कंदै छु भन्दछन् । भ्लादिमिर एकै छिन मौन रहन्छन् । बस एक टकले श्यामको अनुहारमा हेरिरहन्छन् । अनि एकै छिन पछि मुसुक्क हाँस्दै श्यामलाई आफूतर्फ तान्दछन् र अंगालो मारेर छातीमा टाँस्दै भन्दछन् - "श्याम, मेरो हिम्मत मरेको छैन, मलाई पूरा विश्वास छ म पूर्ण रुपले स्वस्थ हुनेछु । क्याथ ल्याब नै मेरो जीवन हो । म तिमीलाई क्याथ ल्याबको यो जीवन यात्रामा पूरा साथ दिने छु । तिमी स्वदेश फर्केर क्याथ ल्याबको स्थापना गर । म तिमीलाई यस कार्यमा पूरा सहयोग गर्ने छु । तिमीले मलाई बोलाउ म तिम्रो Assistant भएर नेपालमा एञ्जियोप्लास्टी शुरु गर्न सहयोग पुऱ्याउने छु । नेपालमा तिमीले गर्ने पहिलो एञ्जियोप्लास्टी केसमा म तिम्रो छेउमा बेलुन क्याथेटर र स्टेण्ट समाएर उभिने छु । यो भन्दा बढी अरु के भनु । एक्सरे विकिरणले जति सुकै चोट पुऱ्याए पनि क्याथ ल्याब भित्रको जीवन यात्रामा रोगीको ज्यान बचाउने महान कार्यमा एकले अर्कालाई सहयोग पुऱ्याउनु नै क्याथ ल्याब भित्र काम गर्ने हामी जस्तो डाक्टरहरुको धर्म हो । Go ahead Shyam, I am always with you." यी शब्दहरु सुनेर डा. श्याम स्तब्ध हुन्छन् । उनका आँखाहरुबाट आँसुका धाराहरु बग्न थाल्दछन् । दुःख र सुखका आँसुहरु, मिलन र विछोडका आँसुहरु, क्याथ ल्याबको शिकार भएर पनि क्याथ ल्याब भित्रको जीवनलाई निरन्तरता दिन जीवन समर्पण गर्न तत्पर व्यक्तिलाई सलाम गर्न बगेका आँसुहरु ।

# "क्याथ ल्याब"



*"जहाँ रोगीलाई बचाउँदा*
*डाक्टर आफै एक्सरे विकिरणको शिकार हुन पुग्छ।"*

*"अरुलाई बचाउन आफु मर्नु पर्ने हुन्छ"*




मुटु प्रत्यारोपण अगाडी मृत्यु शैयामा पल्टिएका एक मुटुका दाता
**(Heart Donor)**



*"क्याथ ल्याब" जहाँ धेरै मुटुका रोगीहरुले पूनर्जन्म पाउछन् ।*



*"एक्सरे विकिरणले स्वास्थ्य कर्मीको छातीमा प्रहार गरे पनि रोगीलाई बचाउन यो पीडा सहनै पर्ने हुन्छ ।"*




'खोज्छन् सबै सुख भनी सुख त्यो कहाँ छ?'
'आफू मिटाइ अरुलाई दिनू जहाँ छ ।'




*"एकजूट भएर मुटुका रोगहरुसंग लड्न तयार छौं"*

**क्याथ ल्याबका चिकित्सकहरु**



***St. Anna University Hospital, Brno, Czech Republic.***



***St. George's Teaching Hospital, London, UK.***



लेखक

## लेखकका प्रकाशित अन्य कृतिहरुः

१. **उच्च रक्तचाप**
प्रकाशकः नेपाल हृदय रोग निवारण प्रतिष्ठान, ललितपुर शाखा मितिः २०५४ साल

२. **नेपालमा बाथ-ज्वरो र बाथ मुटुको रोग**
प्रकाशकः नेपाल हृदय रोग निवारण प्रतिष्ठान, ललितपुर शाखा मितिः २०५५ साल

३. **मेरो मुटु दुख्छ (मुटु चस्किने कुराहरुको संगालो)**
प्रकाशकः श्रीमती बिमला रेग्मी मितिः २०५६ साल

४. **बाथ-ज्वरो र बाथ मुटुको रोग (जोर्नीहरुलाई चाट्ने तर मुटुलाई टोक्ने रोग)**
(स्कूलका बालबालिकाहरुका लागि पुस्तिका)
प्रकाशकः मेडिकेयर नेशनल हस्पिटल एण्ड रिसर्च सेन्टर, तथा
ग्रामिण स्वास्थ्य शिक्षा सेवा गुठी (RHEST) मितिः २०५७ साल

